# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

आयोग नियमावली क्याबिनेटमा पृ. १६
नपढाउनु, नजाँच्नु भनेको त होइन ! पृ. २८
आफैं उदाहरण बनौ पृ. ३२
खाँचो: पर्खालविहीन स्कूलको पृ. ४६
भूगोल: समष्टिगत ज्ञानको स्रोत पृ. ५२

पुस २०६७

# मुख धेरै चारो थोरै




Dabur
Chyawanprash
Dabur
Celebrate Life!
"दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
Introducing 2 Kg
Maha Saver Pack
डाबर
च्यवनप्राश
आन्तरिक शक्ति
Dabur
Chyawanprash
Immunity & Strength
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा र खोकीको समस्या पनि । जति-जति तापक्रम घट्दै जान्छ, त्यति नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र दूषित खाना र पानी अनि कीटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । तर ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश अपनाएर हामी यी समस्याहरुबाट सजिलै बच्न सक्छौं ।
डाबर च्यवनप्राश - दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

**शिक्षक** मासिक
जिप्रका लपु दर्ता नं ५३/०६५/०६६
वर्ष ३ पूर्णाङ्क ३३
पुस २०६७
Dec-Jan 2010/2011

# उपलब्धि पछिपछि, विसङ्गति अघिअघि

विद्यार्थीको टाउका गनेर स्कूललाई अनुदान दिने गरी सरकारले तीन वर्षअघि सुरु गरेको 'प्रति विद्यार्थी अनुदान' (पीसीएफ)ले स्कूलमा शिक्षकको खाँचोलाई केही हदसम्म सम्बोधन गर्न खोजेको त देखिन्छ तर पर्याप्त अनुदान नपाउँदा स्कूलले त्यसबाट अपेक्षित लाभ पाउन सकेका छैनन्। अर्कोतिर, विद्यार्थी संख्या ढाँटेर बढी अनुदान लिन खोज्ने 'झुटको खेती' र भ्रष्टाचार स्कूल तहसम्मै संस्थागत हुने खतरा पनि बढ्दो छ।

**आवरण** ३४-३८




**गतिविधि** १४-१७

- व्यवस्थापन समिति-प्रअ द्वन्द्व : स्कूल तालाबन्दीदेखि हत्यासम्म
- आयोग नियमावली क्याबिनेटमा
- प्रश्नपत्रै गलत भएपछि... !

**मूल सामग्री**

| | | |
|---|---|---|
| गोष्ठी सार्थक बनाउने तरिका | संवाद शैली | १८ |
| नपढाउनु, नजाँच्नु भनेको त होइन ! | | २० |
| के बन्ने : साक्षी कि शिक्षक ? | डा. विद्यानाथ कोइराला | २४ |
| 'आफैं उदाहरण बनौं' | सुरेशराज न्यौपाने | ३२ |
| प्रति विद्यार्थी अनुदान : 'समस्या धेरै देखियो' | अन्तरक्रिया | ३९ |
| विवरण ढाँट्दै, बढी अनुदान माग्दै | | ४२ |
| खाँचो: पर्खालविहीन स्कूलको | डा. विनयकुमार कुशियैत | ४६ |
| 'बोर्ड फस्ट'हुने भविष्यवाणी ! | | ४८ |

**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, जिज्ञासा र जवाफ ८, मनका कुरा १०, फुर्सद ५८, भविष्यका कुरा ६४

**बहस** विद्यालय व्यवस्थापन समतिको भूमिका

आधुनिक चौधरी, फाल्गुना दाहाल, माधव सयपत्री र धनबहादुर श्रेष्ठ

**पृष्ठ** २८-३१


## समष्टिगत ज्ञानको स्रोत



**पृष्ठ** ५२-५६

ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा, **संवाददाताः** प्रमोद आयाम, **ले-आउटः** विपेन्द्र घिमिरे

**कार्यालयः** *शिक्षक* **मासिक,** मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, **पो.ब.नं. ३९१, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६, फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np, मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# नजाने पनि पास भइने !

**अङ्ग्रेजी** साहित्यमा स्नातकोत्तर गरिरहेका एकजना युवाले सुनाए, "हाम्रो *'नन वेस्टर्न'* (बेलायत, अमेरिका बाहेकका अङ्ग्रेजी साहित्यकारहरूका कृतिको अध्ययन) भन्ने विषयमा १२० वटा बुँदा पढ्नुपर्छ। तर, सरहरूले ६० वटा 'इम्पोर्टेन्ट' छुट्याइदिनु भएको छ।" सरहरूले "जाँचमा आउन सक्ने" भनेर पढाएको सुनिराखेकै कुरा भएकाले होला, रुट्ट सुन्दा अचम्म लाग्दैन। तर, एकैछिन विचार गर्दा हाम्रो शैक्षिक दुरावस्थाको जग नै फेला परे जस्तो लाग्छ।

पढ्नुपर्ने अर्थात् जान्नुपर्नेको आधा पढेर त्यसको ४० प्रतिशत ल्याउँदा एउटा व्यक्ति स्नातकोत्तर उत्तीर्ण हुन्छ भनेको सुन्ने हो भने संसार हाँस्छ। किनभने त्यो भनेको जान्नुपर्नेको २० प्रतिशत मात्रै हो। त्यो पनि जाँचमा चोरी वा प्रश्नपत्र चुहावट वा अन्य नहुनुपर्ने कुरा भएको छैन भन्ने पक्का भए मात्र। दुर्भाग्य, यो प्रवृत्ति नेपालको शैक्षिक क्षेत्रमा तलदेखि माथिसम्मै व्याप्त छ। जान्नुपर्ने कुरा जान्दै नजानी पास भएका कतिपय शिक्षक, नजाने पनि आफ्ना छोराछोरी पास होउन् भन्ने अभिभावक र जान्नुको महत्त्व बुझ्नै नपाएका विद्यार्थीहरूबाट मुलुकको शैक्षिक मानचित्र तयार भइरहेको छ।

**सबै पास हुने र पास भएका सबैले मथिल्लो तहमा भर्ना पाउने र फेरि पास हुने शैक्षिक कुचक्रमा हामी फसिसकेका छौं। यो अहिलेको यथार्थ हो। तर, यसलाई अन्य नगरी हाम्रो शैक्षिक जगतले स्तर र सम्मान पाउन सक्दैन।**

एसएलसी परीक्षाको 'रिजल्ट' हुँदा मुलुकको अवस्था एउटा ठूलो पर्व आए जस्तो हुन्छ। पत्रपत्रिका त्यसैका चर्चाले भरिन्छन्। मानौँ देशको शैक्षिक आधारको प्रारम्भविन्दु नै त्यही हो। तर, यसपटक *शिक्षक* ले गरेको खोजी र विश्लेषणले एसएलसी मात्र होइन, फेल नै नगर्ने उदार कक्षा नीति वा न्यून उत्तीर्णाङ्क राखेर पास हुन सघाउने परीक्षा प्रणाली दुवैमा ठूलो प्रश्न चिन्ह ठड्याएको छ। यसले अर्को कुरा पनि बोलेको छ, एसएलसीमा खराब 'रिजल्ट' आउनु भनेको उत्तीर्णाङ्कको व्यासम्यासले छोपेर लुकाइएका पहिल्यैदेखिका खराब रिजल्टहरू प्रकट भएको मात्र हो।

अहिले हामी एउटा अनौठो द्विविधाको अवस्थामा छौं। एकातिर हामी विश्वका कोहीभन्दा कमी छैनौं भन्ने भावना बोकिरहन चाहन्छौं। अर्कातिर आफूलाई असर पर्ने ठाउँमा 'नेपालमा यति भए चल्छ' पनि भनिहाल्छौं। आफ्नो राष्ट्रप्रति अत्यन्त गौरव गर्ने हामीले 'नेपाली स्तर' भनेर तल्लो स्तर वा 'नेपाली टाइम' भनेर ढिलो गरे पनि हुने अर्थात् स्तरहीनताको परिचायक बनाएका छौं। यस्तै प्रवृत्तिहरूको फलस्वरुप हाम्रो देशमा औसत शिक्षा पाएका औसत विद्यार्थीलाई विदेशका ठूला र राम्रा विश्वविद्यालयहरूमा एक त भर्ना पाउनै गाह्रो पर्छ र पाइहाले पनि पार लगाउन गाह्रो पर्छ।

नजाने पनि पास हुने यो प्रवृत्ति घट्नुको साटो बढ्दै गएको देखिन्छ। उदार कक्षोन्नतिको गलत प्रयोगले मलजल गरेको यो प्रवृत्तिलाई शिक्षकहरूको "भैगो तारिदिउँ" भन्ने भावनाले र परीक्षामा चोराउने अभियान नै सञ्चालन गर्ने अभिभावकको विवेकहीनताले अरु चर्काएको छ।

संसारका धेरै मुलुकले आफ्नो स्तर उठाउने सवालमा शिक्षालाई ठूलो महत्त्व दिएका छन्। हामीले तारिफ गर्ने र अनुशरण गर्न चाहने पाश्चात्य मुलुकका परीक्षा प्रणाली हाम्रो जस्तो जति घोक्न सक्यो त्यति विद्यार्थी पास हुने किसिमको छैन। त्यहाँ विद्यार्थीलाई सानै उमेरदेखि सिर्जनशील र विचारशील हुन प्रेरित गरिन्छ, जुन कुरा न त घोकेर घोकिन्छ न त चोरेर चोरिन्छ। त्यहाँको मूल्याङ्कनको परिपाटी पनि अलग-अलग छ। कतिपय देशमा विद्यार्थीलाई नम्बर नै दिइँदैन, उत्कृष्ट (सर्वोत्तम)देखि अस्वीकार्य(फेल) सम्मका विभिन्न शब्दहरूबाट मूल्याङ्कन गरिन्छ। धेरै देशमा 'ए', 'बी', 'सी', 'डी' मा ग्रेड मूल्याङ्कन गरिन्छ। 'डी' भनेको सामान्यतया ७० प्रतिशत आसपासको नम्बर हुन्छ। सबै विषयमा 'ए' ल्याउनेहरूको मान्यता बढी हुनु त स्वाभाविक नै हो, तल्ला ग्रेडहरूमा पास हुनेले आफूले राम्रा शिक्षण संस्थामा भर्ना नपाउने कुरा बुझि नै सकेको हुन्छ।

तर, हामीकहाँ शैक्षिक स्तरहीनताको समस्या एउटा ठूलो चट्टान जस्तो भएको छ। सबै पास हुने र पास भएका सबैले मथिल्लो तहमा भर्ना पाउने र फेरि पास हुने शैक्षिक कुचक्रमा हामी फसिसकेका छौं। यो अहिलेको यथार्थ हो। तर, यसलाई अन्य नगरी हाम्रो शैक्षिक जगतले स्तर र सम्मान पाउन सक्दैन भन्ने कुरा अरु ठूलो सत्य हो। सरकारले कक्षाभित्रको पढाइ र मूल्याङ्कन पद्धतिप्रति ध्यानै नदिई दाता फकाउनका लागि सबैलाई कक्षा चढाउन लगाएर सुहाउँदो काम गरेको छैन। विद्यार्थी तथा शिक्षक भर्नाको सवालमा पनि शैक्षिक र प्राज्ञिकभन्दा राजनीतिक निर्णयहरू बढी हुने गरेका छन्। कसले कहाँबाट समाधान सुरु गर्ने भन्न नै कसैले नसक्ने स्थिति छ।

*शिक्षक* मासिक भने शैक्षिक क्षेत्रमा धेरै सुधार शिक्षकहरूबाटै हुनसक्छ भन्ने कुरामा विश्वास गर्छ। "नजाने पनि हुने" यो प्रवृत्तिलाई शिक्षकहरूको सचेत प्रयत्नबाट धेरै हदसम्म जित्न सकिन्छ। विद्यार्थीमा जान्ने लालसा जगाइदिने, उनीहरूलाई शैक्षिक र प्राज्ञिक उत्कृष्टताको महत्त्व बुझाउने र त्यतातिर अघि बढ्न प्रेरित गर्ने, उनीहरूको जग बलियो बनाइदिएर एकै पटक एसएलसीमा पछारिनबाट जोगाउने सबै काम शिक्षकबाट मात्रै हुनसक्छ। 📖

# रटेको प्रश्न, रटेको उत्तर

**एउटा** राजा नागरिकलाई दर्शनभेट दिँदै गाउँ-गाउँ घुम्थे । अमरपुरका बासिन्दाले राजासित भेट गर्नका लागि गाउँमै बस्ने एउटा जोगीलाई आफ्नो प्रतिनिधि छाने । डरभरविनाको जोगीले नचाहिने कुरा गरिदेलान् भनेर राजाका कर्मचारीले उनलाई 'सिकाएको कुरा मात्रै भन्न' राजी गराए । उनीहरूले जोगीलाई राजासित सीधा-सीधा कुरा गर्न पनि भने; जस्तो– राजाले उमेर सोधे भने "यो नश्वर शरीरको उमेरको के कुरा" भन्ने खालका उत्तर नदिएर "साठी वर्ष" भन्न र राजाले तपस्या गरेको अवधिका बारेमा सोधे भने कुरा नघुमाइकन "तीस वर्ष" भन्न सिकाए । तिनका सबै कुरा जोगीले स्वीकारे । दरबारका कर्मचारीले जोगीसँग गर्नुपर्ने प्रश्नको सूची राजालाई पनि दिए ।

भोलिपल्ट जोगीसँग भेट हुने बित्तिकै राजाले प्रश्न गरे, "तपाईंले तपस्या गर्नुभएको कति भयो ?"

जोगीका मुखबाट सिकाएकै क्रममा उत्तर खुस्क्यो– "६० वर्ष ।" आफ्नो मुखबाट गलत उत्तर निस्केको जोगीलाई थाहा भयो । तर, सही उत्तर दिन उनी स्वतन्त्र थिएनन् ।

राजाले फेरि सोधे, "अनि तपाईंको उमेर चाहिँ कति भयो नि ?" रटेको कुरा न हो, फेरि निस्क्यो, "तीस वर्ष ।" राजा छक्क परे । तर, उनले सम्हालिएर सोधे, "यस्तो पनि कहीं हुन्छ ? तपाइँ पागल हो कि म पागल हुँ ?"



जोगीले भने, "महाराज, तपाईं र म दुवै पागल हौं । तपाईं राजा भएर पनि प्रश्न रटेर आउनु हुन्छ र रटेको कुरा पनि सही ढङ्गले सोध्न जान्नुहुन्न । म अर्को पागल छु जो राजासित बोल्ने मौका पाउँदा पनि अर्काले रटाएको जवाफ बाहेक बोल्ने हिम्मत गर्दिनँ । गलत प्रश्नको गलत जवाफ नभएर के होस् त ? गलत प्रश्नोत्तरले हामीलाई पागल त बनाउने नै भयो नि !"

जोगीको पछिल्लो उत्तरले राजाको चेत खोलिदियो– रटेका प्रश्न र उत्तरले कुनै पनि कुरा सिकाउँदैन ।



# प्रतिक्रिया र सुझाव




## *शिक्षक* र शिक्षकलाई सुझाव

नेपालमा छोटो समयमा विकास भएका क्षेत्रहरूमा पत्रकारिता पनि एक हो। तर शिक्षाको क्षेत्रमा छापिने पत्रपत्रिका भने ज्यादै कम देखिन्छन्। पछिल्लो समयमा शिक्षासँग सम्बन्धित मासिक पत्रिका *शिक्षक* देखा पर्‍यो। यस पत्रिकाले शुरुका अङ्कहरूमा शिक्षाका सरोकारवालाहरूलाई निकै आशा पनि देखायो। तर पछिल्ला अङ्कहरूमा एक-दुई लेखहरूलाई छाड्ने हो भने शिक्षक साथीहरूको नाम छाप्ने र जिज्ञासा मेटाउने बाहेक ठूलो उपलब्धि हासिल गरे जस्तो देखिँदैन। पत्रिकाको गुणस्तरीयता भन्दा प्रचार-प्रसार र मूल्यसमेत बढी राखेको देखिन्छ।

*शिक्षक* मासिक २०६७ मङ्सिर अङ्कको कभर पेजमा प्रकाशित बालकुमार जमरकट्टेलको 'अप्रेसन गणित' शीर्षकको लेखमा गणितको अप्रेसन त के सामान्य चिरफार समेत देखिएन। के थियो त त्यस लेखमा–

- ऐकिक नियमको एउटा समस्या विद्यार्थीहरूलाई अध्यापन गर्दा शिक्षक स्वयंले के समस्या भोगे भन्ने उल्लेख गरिएको थियो।
- गणित विषय कक्षा १० मा मात्र आएर सिक्न नसकिने, जग नै बलियो हुनुपर्छ भन्ने थियो।
- एसएलसी पूरक परीक्षा, २०६६ को परीक्षार्थी, शिक्षा नियमावलीमा भएको दरबन्दी व्यवस्था, पाठ्यक्रमको ढाँचा आदिको बारेमा उल्लेख गरिएको थियो।
- लेख थियो। तर गणित विषयको अप्रेसन थिएन।

तथापि, सभासद् डा. शशाङ्क कोइरालाले विषयवस्तुको गाम्भीर्यतालाई महत्त्व दिई प्रधानमन्त्रीलाई लेखेको पत्र र 'समाचार: अमेरिकाको, सन्दर्भ: नेपालको' जस्ता सामग्री उपयोगी नै देखिन्छन्। प्राध्यापक भीमप्रसाद सुवेदीको 'भूगोलको खोजखबर' भन्ने लेखले चाहिँ भूगोलको चिरफार नै गर्न खोजेको देखिन्छ।


खेम भुषाल
khembhusal@yahoo.com


## आशा जागेको छ

*शिक्षक* मङ्सिर २०६७ मा माननीय सभासद् डा. शशाङ्क कोइरालाको *'निर्भय रहिरहोस् शिक्षक'* प्रतिक्रियाले कलमहरूलाई अरू जुर्मुराउन प्रेरित गरेको छ भने उहाँको 'प्रधानमन्त्रीलाई पत्र' ले सर्वसाधारण तथा अन्यायमा परी निराश भएकाहरूको आशा जगाएको छ। देशमा डा. कोइराला जस्ता सक्षम तथा सुधारवादी, समाजवादी नेताको नेतृत्व अरू सशक्त हुनु जरुरी छ- सर्वत्र व्याप्त भ्रष्टाचार एवं विकृति तह लगाउन। पार्टीभित्रको 'उमेरको सिद्धान्त' लाई च्यालेन्ज गरेर नेतृत्व दिनुहोस् भन्ने हामी चाहन्छौँ माननीयज्यू।


गङ्गासागर पन्त
ताङ्लिन्चोक-१, गोरखा


## दोषी हामी नै हौं!

गङ्गासागर पन्तको 'साथीहरू सही कुरा सिकाऔं चिटिङ नगरौं' (*शिक्षक* २०६७ कात्तिक) लेखले मेरो मनका कुरा पनि भनिदिएको छ। पन्तजीले हाम्रा अधिकांश विद्यालयहरूको पढाइ र परीक्षा सञ्चालनको दुर्दशाको सप्रमाण चित्रण गर्नुभएको छ। परीक्षाका उत्तरपुस्तिका हेर्दा उहाँलाई रुन मन लागे जस्तै मलाई पनि मेरो विद्यालयका कक्षा ११ मा पढ्ने करिब एकतिहाइ विद्यार्थीले रजिष्ट्रेशन फारम भर्दा अङ्ग्रेजीमा आफ्नो नाम र बुबा-आमाको नाम शुद्धसँग लेख्न नसकेको पाउँदा रुन मन लागेको थियो। उनीहरूले एसएलसी परीक्षा कसरी पास गरेका होलान् भन्ने प्रश्न उठ्नु स्वाभाविक हुन्छ तर यो प्रश्नको उत्तर पनि उहाँको आलेखमा भेटिन्छ।

पन्तजी उत्तरपुस्तिका जाँच गर्दा तीन प्रकारका परीक्षा केन्द्र र परीक्षार्थी भेटनुहुन्छ:

पहिलो प्रकारको परीक्षा केन्द्रमा परीक्षाहरू मर्यादित हुन्छन्, तर धेरैजसो परीक्षार्थीले सही उत्तर लेख्न सकेका छैनन्। सही उत्तर लेख्ने परीक्षार्थीहरूको सङ्ख्या ज्यादै न्यून हुन्छ। कारण, त्यस परीक्षा केन्द्रमा सम्मिलित परीक्षार्थीहरूको सिकाइ राम्रो नभए पनि परीक्षाको व्यवस्थापन राम्रो छ।

दोस्रो प्रकारका परीक्षा केन्द्रमा परीक्षार्थीहरूलाई चोर्न त छुट दिइएको छ, तर परीक्षार्थीहरू सही उत्तर चोर्न पनि अक्षम छन्। उत्तर सही वा गलत जस्तो भए पनि उनीहरूले एकअर्काको कापीबाट नक्कल गरेका छन्। ७०-८० जनासम्म परीक्षार्थीले हुबहु एउटै उत्तर लेखेका छन्। 'स्पेलिङ'गलत भए पनि सबैको त्यही छ। यहाँ पनि उत्तीर्ण हुने परीक्षार्थीको सङ्ख्या धेरै छैन।

तेस्रो प्रकारका परीक्षा केन्द्रमा परीक्षार्थीलाई चोर्न पूर्ण रूपमा छुट मात्र दिइएको छैन; सही उत्तर लेख्नमा समेत सहयोग गरिएको छ। यहाँ प्राय: सबै परीक्षार्थी पास हुन्छन्।

यी तीनै अवस्था विकृतिका चरम नमुना हुन्। यसनिम्ति मुख्य दोषी को त भन्दा मूलत: हामी शिक्षकहरू नै हुन्छौं। हो; राज्यको उदासीनता र दण्डहीनताको नीति पनि यसका लागि कम जिम्मेवार छैन। तर विद्यार्थीको दोष कसरी भन्ने? त्यस्तो परिस्थिति सिर्जना गर्ने हामी हौं। हामीले निर्माण गरेको परिस्थितिमै विद्यार्थीहरू सुध्रिने वा बिग्रने हुन्। परीक्षामा चोरी गर्न छुट दिने वा चोराउने परिस्थिति बनाइसकेपछि विद्यार्थीमा सिक्ने वा सिकेर पास हुने प्रेरणा जाग्दैन। यस्तो अवस्थामा शिक्षकहरूले पनि पढाउने नाटक मात्र गर्दछन्। जहाँ विद्यार्थी पास हुने फर्मूला अर्कै हुन्छ त्यहाँ न पढाइ हुन्छ न सिकाइ। त्यसवेला हामी भोलिको रोजगारीको बजारमा काम नलाग्ने अक्षम

र अपाङ्ग जनशक्ति उत्पादन गरिरहेका हुन्छौं । यस प्रकार हामी विद्यार्थीलाई मात्र होइन, प्रकारान्तरले समाज र राष्ट्रलाई नै धोका दिइरहेका हुन्छौं । तर हाम्रो कर्तव्य त यो होइन ! हाम्रो कर्तव्य त राष्ट्रलाई एउटा सक्षम र सबल जनशक्ति दिनु हो ।

विद्वान् लेखकले उच्च माध्यमिक शिक्षा परिषद्भित्रको विकृति पनि औंल्याइदिनुभएको छ । निश्चय नै लापरबाहीपूर्वक उत्तरपुस्तिका जँचाउँदाको परिणाम वस्तुगत आउन सक्दैन । सारांशमा भन्नुपर्दा सरोकारवाला हामी सबैले विद्यार्थीप्रति र परोक्ष रूपले समाज र राष्ट्रप्रति न्याय गरिरहेका छैनौं । यसतर्फ सचेत हुन अबेर भइसक्यो कि ?

इन्द्रराज बडू
(सेवा निवृत्त प्रधानाध्यापक)
हाल: जनज्योति एजुकेशन फाउण्डेशन,
महेन्द्रनगर, कञ्चनपुर

## नक्कलीबाट होसियार !

'आँट पनि कत्रो ! हुँदै नभएका स्कूलका नाममा लाखौं रकम निकासा' (*शिक्षक* २०६७ कात्तिक) भन्ने समाचार पढ्दा म लगायत *शिक्षक* का सम्पूर्ण पाठकहरूलाई अचम्म लागिरहेको छ । पर्सा जिशिकाले त्यस्ता विद्यालयहरूलाई संरक्षण गरी किन राष्ट्रको अमूल्य सम्पत्ति फजुल खर्च गरिरहेको छ ? जिशिकाले प्रअ बैठक सञ्चालन, विद्यालय निरीक्षण, स्रोतकेन्द्र स्तरीय बैठक, विद्यालय व्यवस्थापन बैठक र शिक्षक-अभिभावक बैठक आदि सञ्चालन गरेर त्यस्ता नक्कली विद्यालयका नामहरू किन सङ्कलन गरेन ? यदि गरेको भए नक्कली विद्यालयहरू पहिल्यै पाखा लागिसक्थे होलान् । तर जिशिकाले यस्ता कुनै कार्य नगर्नुले यसमा उसको समेत मिलेमतो रहेको देखिन्छ ।



यसरी नक्कली विद्यालयहरू सञ्चालन गरी राष्ट्रको अमूल्य सम्पत्ति खाने र खुवाउने जिशिअलाई अन्यत्र सरुवा गरेर बचाउने काम गर्नुहुँदैन । त्यस्ता राष्ट्रद्रोही व्यक्तिलाई त कानुनको दायरामा ल्याई पेशाबाट बर्खास्त गरी दण्ड जरिवाना गरिनुपर्छ । शिक्षा मन्त्रालयले सो शिक्षा कार्यालय र समुदायका भ्रष्टाचारी व्यक्तिहरूको छानबिन गरी छिटोभन्दा छिटो कारबाही प्रक्रिया अघि बढाउनुपर्छ । पर्सा जिल्लामा अवैधानिक रूपमा वितरण भएका राहत र पीसीएफ कोटाहरू अन्य जिल्लामा वा सोही जिल्लाका सक्कली विद्यालयमा वितरण गरियोस् भन्ने आग्रह पनि गर्दछु ।

झङ्करबहादुर बुढा
सिद्धेश्वर-८, अछाम

●●●

२०६७ कात्तिक अङ्कमा *'शिक्षक* खोज' अन्तर्गत 'हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा' शीर्षकको सामग्री पढ्दा आश्चर्य लाग्यो । यो 'खोज'ले हाम्रो देशको शैक्षिक अवस्था कतिसम्म लथालिङ्ग रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । नियम-कानुनले काम नगरेपछि त्यहाँ भ्रष्टाचारका बिरुवाहरू उम्रनु स्वभाविकै हो । यो राष्ट्रकै बेइज्जती पनि हो । गुणस्तरीय शिक्षा, शैक्षिक समस्याहरूको समाधान जस्ता कुराहरू त कता-कता, अनेक विसङ्गतिपूर्ण शैक्षिक अवस्थाले गर्दा देशै पछाडि परिरहेको छ । जसरी भए पनि कमाउने प्रवृत्तिले गर्दा पनि यो अवस्था आएको हो ।

इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि,
खानीभन्ज्याङ, ओखलढुङ्गा

## शैक्षिक सुधारमा योगदान

*शिक्षक* पत्रिका प्रकाशनमा आएपछि शैक्षिक क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूलाई अत्यन्तै फाइदा भएको छ । नविन शैक्षिक समाचार थाहा पाउनका लागि कुनै सरकारी कार्यालय धाउनुपरेको छैन । यसले कर्मठ र प्रतिबद्ध शिक्षकहरूलाई जागरुक र प्रेरित मात्र गरेको छैन, भ्रस्ट र कामचोरहरूलाई रुसङ्ग पनि बनाएको छ । मलाई त लाग्छ; शैक्षिक सुधारमा पत्रिकाले ठूलो भूमिका निर्वाह गरेको छ । *शिक्षक* पत्रिकाको अवधारणा ल्याउने व्यक्तिहरूलाई समेत मेरो मुरी-मुरी धन्यवाद ।

मदन पन्त
ताङ्लीचोक निमावि, ताङ्लीचोक-४,
पातीस्वाँरा, गोरखा

## मेरो स्कूल, मेरो भविष्य !

मेरो स्कूल हाईस्कूल नर्सरीदेखि दशसम्म
खुल्दछ कहिले बिहान, कहिले दिउँसो साँझसम्म ।

कहिले पानी-भल टम्म, कहिले गर्मी शिरसम्म
धेरै त बन्दै बन्दले पार्दछ सारै अचम्म !

बुबाको पैसा सकियो आमाको भान्सा रोकियो
उधारो कापी माग्दैमा पसले साहू झोकियो ।

स्कूल जाँदा बाटैमा चोरेर लाने डर लाग्छ
बन्दूकधारी देखिए, अगाडि लाग्न कर लाग्छ ।

त्यो वेला मैले के गर्ने ? आबारा बन्न मन पर्ने
जो मिल्छ साथी लिएर कसैको कुरा नटेर्ने ।

डाक्टर बन्न मन लाग्छ, नेताले मलाई बोलाए
हातमा रौंको बोकाइ शहर जम्मै डुलाए ।

कसरी हामी उत्रिने शिक्षाको दियो जलाउन
सपुत साँच्चै बनेर विकासको बाटो खुलाउन ।

हे ! धर्ती माता तिमीले चरित्र सिक्ने शिक्षा देऊ
माग्दछु हात पसारी भविष्य बन्ने शिक्षा देऊ ।

आर्या भट्टराई
कक्षा ७, सिद्धार्थ शिशु सदन, जनकपुर, धनुषा

## चुट्किलाको रहर

*शिक्षक* मासिकको प्रकाशन शुरु भएपछि शिक्षकलगायत शैक्षिक क्षेत्रमा चासो राख्ने शिक्षाप्रेमी व्यक्तित्वहरूले विविध ज्ञानआर्जन गर्ने मौका पाएका छन् । अत: यो पत्रिका अत्यन्तै राम्रो छ । तर यसमा कथा, कविता, मुक्तक, चुट्किला जस्ता विधाहरू पनि अनिवार्य रूपमा समावेश गराउन पाए सुनमा सुगन्ध हुनेथियो कि ?

निमा राई, दिमालुङ प्रावि,
सिन्द्राङ-८, भोजपुर

# प्रतिक्रिया र सुझाव

## एकचोटि यतातिर

कुनै दिन लाग्थ्यो; विद्यार्थीहरूलाई एसएलसी फलामे ढोका हो, यसलाई पार गर्न कडा मेहनत एवं परिश्रम चाहिन्छ । तर त्यही फलामे ढोका आज सबैको लागि अगाडि बढ्ने स्वागतद्वार बनेको छ । यसोभन्दा धेरैजसोको नाक खुम्चिन सक्छ । तर अधिकांश विद्यालयहरूको नीति अहिले सङ्ख्यात्मक वृद्धि एवं श्रेणीतिर गएको छ । तर कसरी भन्दा विद्यार्थीहरूलाई चिटिङ गराएर । यसको असर कहाँसम्म पर्दछ भन्ने कुरा थाहा हुँदाहुँदै पनि यस्तो कार्य किन गर्छन् होला ? 'अरू केही होइन, विद्यार्थी जसरी भए पनि पास हुनुपर्छ' भन्ने धारणाले आज चिटिङ प्रथाको बिगबिगी भएको देखिन्छ । हाम्रा अधिकांश विद्यालयहरू नक्कल प्रथाबाट अछुतो रहन सकेका छैनन् । यसले विद्यार्थीलाई लगनशीलबाट अराजकतातिर डोऱ्याएको छ ।

कुनै समयमा उत्तीर्ण प्रतिशत पाँच प्रतिशत मात्र भएका विद्यालयको रिजल्ट आज शतप्रतिशत पुगेको पाइन्छ । उनै शिक्षक; उही शिक्षण प्रणाली; उस्तै-उस्तै विद्यार्थी तर कसरी यति धेरै प्रगति ? हो अलिअलि प्रगति एवं फरक आउनु स्वभाविक कुरा हो । तर कहाँ पाँच प्रतिशत र कहाँ शतप्रतिशत ! एसएलसी परीक्षामा विद्यार्थीभन्दा बाहिरका व्यक्तिहरू बढी चिट चोराउनमा लाग्ने गरेको अधिकांश परीक्षा केन्द्रहरूबाट थाहा पाउन सकिन्छ । अलि कडा स्वभावको केन्द्राध्यक्षलाई चिट गर्न नदिएको भनेर धम्की दिने गरिन्छ । यस्तो परीक्षा प्रणालीले कुनै किसिमको मूल्याङ्कन गर्न सक्दैन । यसर्थ यसमा सुधार जरुरी छ ।

**मोहन सिंह डडाल 'विवश'**
**सुन्सेरा-८, दार्चुला**

## अप्रशिक्षितबाट प्रशिक्षित हामी

हाम्रो देश नेपालमा विद्यालयस्तरसम्मको शिक्षा-शिक्षणका निम्ति शिक्षक तालिम तथा अध्यापन अनुमतिपत्रलाई अनिवार्य गरिएको छ । तर उच्च शिक्षा शिक्षणका निम्ति शिक्षक तालिम र अध्यापन अनुमतिपत्रको व्यवस्था गरिएको छैन । तालिम नलिएका शिक्षकबाट तालिम प्राप्त शिक्षक बनेका प्रशस्त उदाहरणहरू देखिन्छन् । यस्ता प्रवृत्तिका तालिम प्राप्त शिक्षकले शिक्षण गर्ने परम्परागत शिक्षण शैलीले शिक्षकका अपेक्षित उपलब्धि हासिल गर्न नसकेर गुणात्मकभन्दा सङ्ख्यात्मक मात्र विकास भएको देखिन्छ ।

तसर्थ शिक्षाको गुणस्तर बढाउने हो भने सबै तहमा शिक्षक तालिम र अध्यापन अनुमतिपत्र अनिवार्य गर्नुका साथै पाठ्यक्रम शिक्षण विधिमा पनि समयअनुसार परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । शिक्षक नियुक्तिमा पनि प्रतिस्पर्धा, पारदर्शिता र योग्यतालाई मुख्य मापदण्ड बनाउनु जरुरी छ ।

**हेमन्तप्रसाद खतिवडा**
**पद्मासना निमावि, सेरा, अछाम**

## गजल

असीम ज्ञानको खानी हौं शिक्षक
सिर्जनशील, स्वाभिमानी हौं शिक्षक

आफू जली अरूलाई उज्यालो छर्ने
निस्वार्थी, त्यागी र दानी हौं शिक्षक

अन्तरमनको क्लेश पखालिदिने
गंगाको पवित्र पानी हौं शिक्षक

सुन्दर फूलहरूलाई फुलाउने
अनुपम बागवानी हौं शिक्षक

सबैलाई सत्मार्गमा डोऱ्याउने
अन्तरयामी र ज्ञानी हौं शिक्षक ॥

**कुमार स्याङ्बो**
**वाघभैरव निमावि, छतिवन-५**
**ठूलो थली, मकवानपुर**

## यस्तो भेदभाव किन ?

आर्थिक वर्ष २०६६/६७ मा नेपाल सरकारले निजामती कर्मचारी र शिक्षकहरूलाई महँगी भत्ताको रूपमा मासिक रु.१२०० थप गरेको थियो । तर महँगी भत्ता हालसम्म स्रोतव्यक्तिहरूको लियनमा बस्ने शिक्षकहरूले पाएका छैनन् । जबकि राहत जस्ता अन्य लियनमा बसेका शिक्षकले समेत महँगी भत्ता पाएका छन् । तर नेपाल सरकारको स्वीकृत दरबन्दी भएर


**विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा**
**एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)**
**बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)**
**+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।**
**तीनथाना, काठमाडौं, फोनः ४३११८४३)**

- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म
- ✓ शतप्रतिशतसम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ एक वर्षे बी.एड. तथा तीन वर्षे बी.एडमा नयाँ भर्ना आरम्भ ।
- ✓ बी.एड. प्रथम वर्षको कक्षा आरम्भ मंसिर २६ गतेदेखि आरम्भ ।

पहिलो सामुदायिक शिक्षा क्याम्पस

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१)
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।

E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

पनि स्रोतव्यक्तिका लियन शिक्षकहरूलाई उक्त सुविधाबाट वञ्चित गरिएको छ। स्रोतव्यक्तिहरू परियोजनाहरूबाट सृजित भएका हुन् भन्ने हो भने राहत दरबन्दी पनि विश्व बैंकबाट प्राप्त सहयोगहरूबाट उत्पन्न भएको होइन र ? आन्दोलनपछि मात्र आफ्ना हकअधिकार प्राप्त हुने प्रणाली नै नेपालमा बसेको त होइन ? थोरै भए पनि नागरिकहरूको जायज अधिकारबाट उनीहरूलाई वञ्चित गर्न मिल्छ र ? थोरै सङ्ख्यामा रहेका स्रोतव्यक्तिका लियनहरूलाई महँगी भत्ता दिँदा नेपालको विकास बजेटमा कति घाटा पर्थ्यो र ? स्रोतव्यक्तिका लियन थोरै सङ्ख्यामा छन्, यिनीहरूले केही गर्न सक्दैनन् भन्ने सोच सरकारले लिएको त होइन ? नेपाल सरकारको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू सरह सुविधा पाइरहेका स्रोतव्यक्तिका लियन शिक्षकहरूलाई महँगी भत्ताबाट वञ्चित गराइदिँदा शिक्षण सिकाइ क्रियाकलापका साथै शिक्षकहरूमा पर्ने मानसिक असरका बारेमा शिक्षा मन्त्रालयले किन आवाज उठाउन सकेन ? शिक्षा क्षेत्रमाथि शिक्षकहरूको योगदानलाई बिर्सेर उनीहरूमाथि राजनीतिकरण र विभेदीकरणको नीति लाद्नुले शिक्षा क्षेत्रको भविष्यमा प्रश्नचिन्ह लाग्दैन र ?

**दिनेश राना**
**सरस्वती मावि, सुर्खेत**

## दौरासुरुवाल र सारीचोली रोजियो

हामी शिक्षक आफैंमा एउटा पुस्तक हौं। पुस्तक पढेर ज्ञान पाइन्छ भने शिक्षकलाई बाहिरबाट हेरेर पनि ज्ञान पाउन सकिने हुनुपर्दछ। असल शिक्षक बन्नका लागि पहिरन पनि असल हुनुपर्दछ। शिक्षक कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीको पहिलो हेराइ शिक्षकले लगाएको पोशाकमा पर्दछ। शिक्षकले कस्तो पोशाक लगाउँछ विद्यार्थीले सधैं जानकारी राखेका हुन्छन्। यसै कुरालाई मध्यनजर गर्दै गत स्टाफ बैठकमा हामीले शिक्षकको पोशाक सम्बन्धी निर्णय गर्‍यौं। पुरुष शिक्षकको लागि दौरासुरुवाल (नेपाली पोशाक) र महिला शिक्षकका लागि सारीचोली निर्धारण गरेका छौं। केही पुराना शिक्षकहरूले त यसलाई कार्यान्वयन पनि गरिसक्नुभएको छ। युवा शिक्षकहरूले यसलाई अपनाउन केही अप्ठ्यारो माने पनि विस्तारै कार्यान्वयन गर्ने विश्वास दिलाउनुभएको छ।

मलाई लाग्छ; यसले हामी शिक्षकको सामूहिक पहिचान कायम गराउने छ। घरमा काम गर्दागर्दै विद्यालय पुग्ने शिक्षकलाई पनि यसले घर र विद्यालयबीच भिन्नता दर्साउन बाध्य पारेको छ। यसबाट शिक्षकले विद्यार्थी तथा अन्य व्यक्तिबाट उपेक्षाको सिकार बन्नुपर्ने समस्या पनि केही हदसम्म समाधान भएको छ।

विद्यार्थीले शिक्षकको व्यवहारबाटै धेरै कुरा जान्न खोजेको हुन्छ र धेरै कुरा सिक्न पनि। नेपाली सादा पोशाकले विद्यार्थीलाई देश कतातर्फ लैजान्छ भन्ने सामान्य उत्प्रेरणा जगाउन सक्छ। यसबाट शिक्षकको समाजमा आफ्नै मौलिकता र देशभक्ति झल्किन सक्छ। म नेपाली हुँ। नेपाल आमाको काम मेरो लागि सदैव प्यारो छ र म आफ्नो संस्कृतिलाई जोगाइराख्छु भन्न हामी शिक्षकका लागि पनि उत्प्रेरणाको स्रोत बन्न सक्छ यो कार्य। यसले देशभक्त जन्माउने शिक्षक पनि देशभक्त नै हुन्छ भन्ने सन्देश दिन सक्छ।

त्यसैले हरेक शिक्षकले यस्तै यस्तै देशभक्तिपूर्ण व्यवहार देखाएर समाजका अन्य व्यक्तिलाई पनि पाठ सिकाउनुपर्दछ। देशले मलाई के दिनसक्छ भन्नुभन्दा पनि मैले देश र नेपाल आमाको अनुहार खुसी कसरी बनाउन सक्छु भन्ने उदाहरण पेश गर्नुपर्छ र समाज र देशको स्पष्ट व्यावहारिक पाठ्यपुस्तक शिक्षकले बन्न सक्नुपर्दछ।

**दीपकप्रसाद भण्डारी**
**षोडशादेवी उमावि, मङ्गलसेन, अछाम**

## हामी शिक्षकको अभिभावक

*शिक्षक* मासिक पत्रिकाले देशभरिका शिक्षकहरूलाई अभिभावकत्व प्रदान गरिरहेकोमा असाध्यै खुसी लागेको छ। शिक्षकहरूका भावना बुझी उनीहरूका विचार देशका समस्त शिक्षकमाझ पुर्‍याउनु आफैंमा महान् कार्य हो। शिक्षकका जिज्ञासा, वेदना र गुनासाहरू सुनिदिएर सम्बन्धित निकायसँग अन्तरक्रिया गराई शिक्षकहरूको हौसला बढाउने कार्यले हामी सम्पूर्ण शिक्षकमा रहेको हीनताबोध अन्त्य हुने महसुस गरेको छु। यस *शिक्षक* मासिकले निरन्तर शिक्षकको अभिभावकीय जिम्मेवारी वहन गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**उद्धव आचार्य**
**ऋम्केश्वरी मावि, पालुङ-१, मकवानपुर**

## गर्व लाग्छ

आजभोलि यो *शिक्षक* पत्रिका नबिराई पढ्ने गर्दछु। हाम्रो देश जस्तो भौगोलिक विकटताका कारण विभिन्न कुनाकन्दरामा रहेका शिक्षकका समस्यालाई प्रत्यक्ष रूपमा उठान गरेकोमा यसप्रति हामी गर्वित छौं। भविष्यमा अझै उत्तरोत्तर प्रगति गर्न सकोस् भनी हार्दिक शुभकामना प्रकट गर्दछु।

**ताराबहादुर बस्नेत**
**नवदुर्गा प्रावि, छायाँक्षेत्र-३, सल्यान**

## नानीहरू त...

नानीहरू त जीवनका गीतहरू हुन्
आफ्नै स्वतन्त्रतामा सङ्गीतबद्ध हुन देऊ
नबाँध डर र दबाबका सिक्रीहरू
नथिच घृणा र आक्रोसका चट्टानले
नानीहरू त धर्तीका दियाहरू हुन्
नटुक्र्याऊ
स्वार्थ र महत्वाकांक्षाका तरबारहरूले
नघेर निराशा र नियतिका एम्बुसहरूले
नानीहरू त बाटिकाका पुष्पहरू हुन्
तिनकै प्रकृतिमा ढकमक्क हुन देऊ
नलुछ आग्रह र पूर्वाग्रहका नङ्ग्राहरूले
नघोच तृष्णा र तृप्तिका सुईराहरूले
नानीहरू त सिर्जनाका भण्डारहरू हुन्
आफ्नै गोरेटोमा डोरिन देऊ
नथिच, नछेक, नरोक, नबाँध, नघेर
नानीहरू त स्वतन्त्रताका हकदारहरू हुन्
नानीहरू त सृष्टिका सिर्जनाहरू हुन्
खुल्न देऊ, फुल्न देऊ, झुल्न देऊ
उनीहरूकै इच्छा अनुसार
उनीहरूकै आकाङ्क्षा अनुसार
नानीहरू त...

**सुवास विष्ट**
**त्रियुगा उमावि, गाईघाट, उदयपुर**

## योग्यता बढाउन पाइँदैन ?

एसएलसी उत्तीर्ण भई दशमहिने तालिम लिएका प्राथमिक तहका शिक्षकका लागि प्रमाणपत्र तहको मान्यता दिने गरी उच्च माध्यमिक शिक्षा परिषद्मार्फत विशेष परीक्षा लिने व्यवस्था भए जस्तै निम्नमाध्यमिक तहका शिक्षकका निम्ति त्यस्तैगरी योग्यता बढाउने कुनै वैकल्पिक व्यवस्था हुनसक्दैन ?

**शेषराज पौडेल**
**सत्यवती मावि, पाल्पा**

*आई.एड. वा सोसरह शैक्षिक योग्यता भई निम्नमाध्यमिक तह र बी.एड.सरह शैक्षिक योग्यता भई माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरूलाई माथिल्लो तहको योग्यता दिलाउने गरी विशेष पाठ्यक्रम तयार गर्न त्रिवि, शिक्षाशास्त्र सङ्कायसँग छलफल भइरहेको छ ।*

***शिवकुमार सापकोटा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## तीन प्रश्न

म २०३०/८/३० देखि ६ महिना परीक्षण काल र त्यसपछि २०३१/३/२७ मा प्राथमिक तहमा स्थायी नियुक्ति लिई सिद्धार्थ प्रावि किहुँ, बडहर भञ्ज्याङ, तनहुँ (हालको सिद्धार्थ उमावि) मा अध्यापन गराउँदै आएको छु। २०३२/१०/१५ को निर्णय अनुसार एसएलसी वा सोसरहको शिक्षक पदलाई आई.ए. वा सोसरहको मानी पदस्थापन गरिने भनिएकाले उक्त मितिदेखि सोही स्कूलमा निम्नमाध्यमिक तृतीय श्रेणीमा रही अध्यापन गराउँदै आएँ र पुन: आयोगले लिएको परीक्षा उत्तीर्ण गरी २०३३/९/२३ देखि नि.मा.वि. तृतीय श्रेणीमा स्थायी नियुक्ति लिई हालसम्म उक्त पदमा पढाउँदै आएको छु ।

१. अब अनिवार्य अवकाशको अवस्थामा मेरो एक तह स्वत: बढुवा हुन्छ कि हुँदैन ?
२. पेन्सनका लागि कुन मितिदेखि मेरो सेवा अवधि गणना हुन्छ ?
३. शिक्षक किताबखानाको अभिलेखमा मेरो शुरु नियुक्ति २०३१/३/२७ किचनास प्रावि, स्याङ्जा भन्ने रहेछ । जबकि मेरो नियुक्तिपत्रमा उक्त स्कूलको नाम कहीं उल्लेख छैन र मैले उक्त स्कूलमा पढाएको पनि छैन । मेरो नियुक्तिपत्रमा सिद्धार्थ प्रावि नै उल्लेख छ । यसले मलाई अवकाशपछि पाउने सुविधामा अप्ठेरो पार्छ कि पर्दैन ?

**महेन्द्रप्रसाद शर्मा**
**सिद्धार्थ उमावि, किहुँ, तनहुँ**

*१. सेवा अवधिमै तपाईंले एक तह बढुवा पाइसकेकाले अब अवकाशको बेलामा तपाईंको स्वत: बढुवा हुँदैन । (हे. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३८)*
*२. पेन्सनका लागि तपाईंको परीक्षण काल शुरु भएको मितिदेखि नै सेवा अवधि गणना हुन्छ ।*
*३. स्कूलको नाम फरक पर्दैमा कुनै अप्ठेरो पर्दैन । चिन्ता नलिनुस् ।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## भत्तामा विभेद किन ?

स्रोत कक्षा कति किसिमका हुन्छन् र कस्तालाई चाहिँ परिषद्बाट सञ्चालित भएको मान्ने ? मेरो स्कूलमा सञ्चालित स्रोत कक्षामा पढाउने दुई जना प्राथमिक शिक्षकले पनि भत्ता पाइरहेका छन् । तर, विशेष शिक्षातर्फकै निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकले यस्तो भत्ता पाएका छैनन्। यसबारे जिशिकामा बुझ्दा प्राथमिक तहका शिक्षकलाई मात्र भत्ता दिने व्यवस्था भएको जवाफ पाइयो । तर चारपाने, झापास्थित मोहनमाया निमाविमा स्रोत कक्षामा कार्यरत तीन जना शिक्षकमध्ये स्रोत शिक्षक र प्राथमिक तहका अर्का एकजनाले भत्ता पाएका छन् । तर, तेस्रो शिक्षक चाहिँ भत्ताबाट बञ्चित रहेको अवस्था छ । यस्तो विभेद किन भएको हो ?

**नवराज भट्टराई**
**कनकाई मावि, सुरुङ्गा- ५, झापा**

*विशेष शिक्षा परिषद्को अनुदानबाट ३७ वटा स्कूलहरू सञ्चालित छन् । ती स्कूलका शिक्षकलाई भत्ता दिने व्यवस्था छैन । शिक्षा विभागबाट पनि विशेष शिक्षाको 'स्रोत कक्षा' सञ्चालित छन् । जसमा ३६० जना शिक्षकले पढाउँछन् । उनीहरूले मासिक रु.५०० भत्ता पाउँदै आएका छन् । प्राथमिक तहको स्रोत शिक्षकलाई मात्रै यस्तो भत्ता दिने व्यवस्था छ ।*

***अरुणकुमार तिवारी***
***उपनिर्देशक, शिक्षा विभाग***

## अक्षरांक पद्धति र चुम्बके पाटी

१. मूल्याङ्कनमा अक्षराङ्क पद्धति (Letter Grading System) भनेको के हो ?
२. चकपाटी अन्तर्गत 'चुम्बके पाटी' भन्न थालिएको छ । कस्तो पाटीलाई 'चुम्बके पाटी' भनिन्छ ?

**तिलक पाण्डे**
**नेपाल शान्ति मावि**
**वेलहानी देउराली, नवलपरासी**

*१. विद्यार्थीको मूल्याङ्कनबाट प्राप्त उपलब्धिको स्तरलाई अक्षरमा (ए, बी, सी, क, ख आदि) व्यक्त गर्ने प्रणाली नै अक्षराङ्क मूल्याङ्कन पद्धति हो । यसमा विद्यार्थीको स्तरलाई अङ्कमा व्यक्त गरिँदैन ।*

***इमनारायण श्रेष्ठ***
***प्राविधिक अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र***

*२. यो चुम्बकीय शक्ति अथवा आकर्षणयुक्त पाटी या बोर्ड हो । यसमा अक्षर वा अन्य आकृति टाँसेर बालबालिकालाई देखाइन्छ । यसमा चुम्बकसँग आकर्षित हुने धातुबाट बनाइएका अक्षर वा आकृतिहरू मात्रै टाँसिन्छन् । यस्तो पाटीको उत्पादन हुन थालेको छ ।*

***टुकराज अधिकारी***
***उपसचिव, शिक्षा विभाग***

## अब राहत छैन, पीसीएफ

अब माध्यमिक तहमा पनि राहतको सट्टा पीसीएफ अनुदान दिने रे भन्ने सुनिन्छ। कसैले चाहिँ माध्यमिक तहमा राहत अनुदान नै पाइन्छ भन्छन् । यसबारे प्रस्ट भइएन ?

**लीलाराम खत्री**
**सरस्वती मावि, सहारे-८, सुर्खेत**

*आर्थिक वर्ष २०६६/६७ देखि सरकारले राहत अनुदान रोकेको हो। आउँदा दिनमा पीसीएफ अनुदानलाई माध्यमिक तहसम्म विस्तार गर्ने योजना छ।*

***दीपक शर्मा***
***उपनिर्देशक, शिक्षा विभाग***

## नतिजै निस्केन !

दशमहिने तालिमप्राप्त शिक्षकका लागि २०६६ माघमा लिइएको १०+२ सरहको विशेष परीक्षाको नतिजा कहिले निस्कन्छ? उक्त परीक्षाबारे सर्वोच्च अदालतमा रिट परेको पनि सुनिन्छ, के यो साँचो हो ? उक्त परीक्षा पास गर्नेले स्नातक तहमा कुन-कुन विषय अध्ययन गर्न पाउँछन् ?

**पुस्तराज कँडेल**
**चण्डीदेवी निमावि, हर्दिनेटा- ८, गुल्मी**

*विशेष परीक्षाको सैद्धान्तिकतर्फको उत्तरपुस्तिका परीक्षण भइसकेको छ । तर, सम्बन्धित स्कूलहरूबाट प्रयोगात्मक परीक्षाको अङ्क प्राप्त हुन बाँकी छ । प्रयोगात्मक अङ्क आउनासाथ नतिजा प्रकाशन गर्ने हाम्रो योजना छ। विशेष परीक्षामा रोजिएको विषयलाई स्नातक तहमा रोज्न सकिन्छ। विशेष परीक्षाबारे सर्वोच्च अदालतमा रिट परेको हामीलाई जानकारी छैन।*

***देवीप्रसाद बारकोटी***
***परीक्षा नियन्त्रक, उच्चमाध्यमिक शिक्षा परिषद्***

## आयोगलाई प्रश्न

शिक्षक सेवा आयोगको लाइसेन्स परीक्षाको उत्तरपुस्तिका हेर्न वा पुनर्योग गर्न पाइन्छ कि पाइँदैन ? यदि पाइने हो भने नतिजा निस्केको कति दिनभित्र पाइन्छ? लाइसेन्सको उत्तरपुस्तिका हराएको अवस्थामा नतिजा के हुन्छ? मैले यसअघि निम्नमाध्यमिक तहको लाइसेन्सका लागि जिशिका, बारामार्फत आवेदन दिएको थिएँ। तर, पछि प्रवेशपत्र लिन जाँदा फर्म नै हराएको पाइयो। जिशिकाका कर्मचारीले पुनः फर्म भर्न आग्रह गरे र मैले त्यसै गरेँ। तर, किन मेरो नतिजा रोकियो ?

**अजयकुमार यादव**
**हर्दिया सरस्वतीटोल- ५, बारा**

*नतिजा निस्केको २१ दिनभित्र तोकिएको दस्तुर जिशिकामा बुझाएर पुनर्योगका लागि निवेदन दिन पाइन्छ। तर, उत्तरपुस्तिका हेर्न चाहिँ पाइँदैन। लाइसेन्सको उत्तरपुस्तिका हराउने सम्भावना रहँदैन । तथापि उत्तरपुस्तिका हराएको प्रमाणसहितको दावी तपाईंले आयोगमा पेश गर्नुभयो भने हामी छानबिन गर्नेछौं। बरु रोलनम्बर छुटेको, रोल नम्बरको ठाउँमा दर्ता नम्बर लेखिएको, विज्ञापन नम्बर गलत लेखिएको र शैक्षिक योग्यता नमिलेको अवस्थामा नतिजा रोकिन सक्छ।*

***जवाहरलाल हमाल***
***शाखा अधिकृत, शिक्षक सेवा आयोग***

## राहतको सरुवा हुँदैन !

म प्राथमिक तहको राहत शिक्षक हुँ। मेरो स्कूल अपायक र दुर्गम ठाउँमा छ। समान तहका मेरा एक जना आफन्त सुगम ठाउँमा हुनुहुन्छ। हामी आपसमा पारस्परिक सरुवा मिलाउन चाहन्छौं। यस्तो सरुवाको व्यवस्था छ कि छैन ?

**सरिता पोखरेल**
**निमावि वरुण, सिस्नेरी, सिन्धुली**

*समान तह नै भए पनि राहत शिक्षक सरुवा हुने व्यवस्था छैन।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## दोहोरो सुविधा लिन पाइन्छ र ?

कुनै व्यक्तिले सरकारी स्कूलको रिक्त स्थायी दरबन्दीमा रहेर सरकारी तलब/भत्ता खान र अर्को सरकारी कार्यालयको पनि कुनै पद र तहमा रहेर दोहोरो तलब/भत्ता खान मिल्छ कि मिल्दैन ? यदि कसैले त्यसरी दोहोरो सुविधा लिइरहेको छ भने कस्तो कारबाही हुन्छ ?

**ध्रुवप्रसाद पड्नेनी**
**बुद्धविकास निमावि, कोलडाँडा, पाल्पा**

*शिक्षक मात्र होइन जुनसुकै सरकारी सेवामा रहेको व्यक्तिले पनि दुईवटा सरकारी पदमा रहेर तलब/भत्ता लिन मिल्दैन। दोहोरो सुविधा लिएको प्रमाणित भएमा त्यस्तो व्यक्ति विभागीय कारबाहीको भागिदार हुन्छ र कुनै एउटा पदको लिएको सेवा सुविधाबापतको रकम असुल उपर समेत हुन्छ।*

***केशवकुमार पाण्डे***
***उपसचिव (कानुन), शिक्षा मन्त्रालय***

## माध्यमिक नै चाहिन्छ

बी.एड. उत्तीर्ण गरी निमावि द्वितीय श्रेणीमा बढुवा भएको शिक्षक र माध्यमिक तृतीय श्रेणीका शिक्षकले सेवा/सुविधा बराबर पाइरहेका छन्। निम्नमाध्यमिक द्वितीय श्रेणीको शिक्षकले माध्यमिक तृतीय श्रेणीको शिक्षक सरह स्रोत केन्द्रमा स्रोतव्यक्ति र एसएलसी परीक्षामा केन्द्राध्यक्ष हुन सक्छ कि सक्दैन ?

**रमेश ऐर**
**महेन्द्र उमावि, खलङ्गा, डडेल्धुरा**

*सेवा सुविधा समान नै भए पनि निम्नमाध्यमिक द्वितीय र माध्यमिक तृतीय श्रेणी भिन्न तहका पदहरु हुन्। बी.एड. उत्तीर्ण गर्दैमा यी दुई पदलाई तहगत रुपमा समान मानिँदैन। त्यसैले माध्यमिक तहका शिक्षक मात्रै स्रोतव्यक्ति बन्न सक्छन्। साथै, एसएलसी परीक्षा सम्बन्धी निर्देशिकामै माध्यमिक तहका शिक्षकलाई केन्द्राध्यक्ष तोक्नुपर्ने व्यवस्था रहेकाले निम्नमाध्यमिक द्वितीय श्रेणीको शिक्षकलाई केन्द्राध्यक्ष तोक्न मिल्दैन।*

***खिमबहादुर भूजेल***
***शाखा अधिकृत, शिक्षा विभाग***

***अम्बिकाप्रसाद रेग्मी***
***उपनियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय***

**(द्रष्टव्यः यस स्तम्भमा जिज्ञासा राख्ने शिक्षक तथा अन्य पाठकहरूले आफ्नो जिज्ञासा छरितो र स्पष्टसँग पठाउनुहोला। साथमा आफ्नो पूरा परिचय र पूरा ठेगाना समेत उल्लेख गर्नुहोला। परिचय नखुलेका जिज्ञासाको जवाफ खोज्न हामी असमर्थ हुनेछौं। यस अङ्कमा अट्न नसकेका जिज्ञासा पछिल्ला अङ्कमा समेटिनेछन्। - सं)**

# वैकल्पिक सूचीमा रहेका शिक्षकको पीडा

जब मानिसले उचित न्याय पाउँदैन, तबसम्म कुनै न कुनै रूपमा विद्रोह गरी नै रहन्छ। भोको पेट र नाङ्गो आङले कुनै वाद, सिद्धान्त र आदर्शलाई वास्ता गर्दैन।

कुरो २०६२ सालतिरको हो; जब अस्थायी शिक्षकहरूको राजधानीकेन्द्रित आन्दोलन सशक्त रूपमा तातिरहेको थियो। उक्त आन्दोलन बिथोल्न तत्कालीन शिक्षामन्त्री विमलेन्द्र निधिको निर्देशन र दबाबमा शिक्षक सेवा आयोगले अस्थायीहरूलाई स्थायी गर्न कथित ५० प्रतिशतको विज्ञापन गऱ्यो। यसमा युनियन, संघ, सङ्गठनको समेत अभीष्ट रहेको बुझिन्थ्यो तर स्वाभिमानी शिक्षकहरू टसमस भएनन्। अर्कोतर्फ यही मौका छोपी जिल्लागत रूपमा कुल दरबन्दीको ३० प्रतिशतमा मात्र आन्तरिक विज्ञापन भएको थियो। जिशिकाहरूले केही दरबन्दी लुकाएका थिए। पछि दबाब बढेपछि केही विषयहरूमा पुन: दरबन्दी सङ्ख्या थपियो। त्यस्तै, शिक्षा मन्त्रालयले पटकपटक विज्ञप्ति निकाली वार्ताको आह्वान गरेता पनि वार्ता निष्कर्षमा पुग्न सकेको थिएन।

अनशनकारी शिक्षकहरूको अवस्था गम्भीर बन्दै गइरहेको थियो। राजनीतिक दलका केही नेता, सांसद्हरू खोक्रो सहानुभूति प्रकट गर्न अनशनस्थल रत्नपार्कमा लामबद्ध हुन्थे। म त्यसवेला त्यस स्थानको सह-इन्चार्ज थिएँ। संघ, सङ्गठन र युनियनका केन्द्रीय पदाधिकारीहरू सडक आन्दोलन चर्किंदै जाँदा राजधानी छाडी बाहिर अस्थायीको विरुद्धमा वक्तव्यबाजी गर्दै हिँडेका थिए। यही वेला शिक्षामन्त्रीले गृहमन्त्रालयसँग सहकार्य गरी सुरक्षाकर्मी परिचालन गरेर अनशनकारीलाई वीर अस्पताल पुऱ्याउने र केन्द्रीय समितिका पदाधिकारीहरूलाई गिरफ्तार गर्ने योजना बनाएको सूचना हामीले पाएका थियौं। हाम्रो जायज मागप्रति ४२ जिल्लाका संघ, सङ्गठन र युनियनले लिखित समर्थन जनाएका थिए। दशौं दिन मानवअधिकारवादी सुदिप पाठक, अभिभावक संघका सुप्रभात भण्डारी, वार एशोसिएसनका अध्यक्ष शम्भु थापा र नेकपा एमालेका शङ्कर पोखरेलको मध्यस्थतामा वार्तामा न्यूनतम उपलब्धि भएता पनि निष्कर्षमा पुग्न एक सुझाव समिति गठन गरियो। उक्त समितिले एक महिनाभित्र सुझावसहित प्रतिवेदन सरकारलाई बुझाउने शर्तमा वार्ता टुङ्गियो र विश्वासको आधारमा आन्दोलन स्थगन गरियो।

यता ५० प्रतिशतको विज्ञापनमा केही अस्थायी शिक्षकहरू लुकीछिपी दरखास्त फारम भर्ने कार्यमा लागेका थिए। जबकि उता ५० प्रतिशत विज्ञापन बहिष्कार गर्ने निर्णय भएको थियो तर दरखास्त दिने अन्तिम म्याद र दोब्बर दस्तुरमा अस्थायीहरू अन्ततः दरखास्त फारम भर्न पुगे। पाँच जिल्लामा बहिस्कार भयो। राजधानीकेन्द्रित आन्दोलनको मौका छोपी कैयौं जिशिकाहरूले आयोगको मापदण्ड विपरित भर्खरै नियुक्त अस्थायीहरूको पनि रातरात दरखास्त फारम स्वीकृत गरे। धाँधली र अनियमितताको पराकाष्ठा नाघियो। अन्ततः शिक्षक सेवा आयोगले नतिजा प्रकाशन गऱ्यो। पुराना अनुहार, अनुभवी, दक्ष र स्वाभिमानी शिक्षकहरूलाई प्रतिक्षा सूचीमा राखियो। उजुरीको आधारमा युनियन, संघ, सङ्गठनहरूले यथार्थलाई स्वीकार गरे। यसै यथार्थको आधारमा वैकल्पिक सूचीमा परेका कार्यरत शिक्षकहरूलाई स्थायी नियुक्ति दिने प्रयोजनले युनियन र शिक्षा मन्त्रालयबीच २०६४ असार १२ गते लिखित सहमति पनि भयो। यसैबीच तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा तमाम शिक्षकका जायज मागलाई सम्बोधन गर्न एक कार्यदल गठन गरियो। पुनः वर्तमान कामचलाउ सरकारका प्रधानमन्त्री माधवकुमार नेपालका तर्फबाट गठित मन्त्रीस्तरीय समिति समेतले चौधबुँदे सूची अन्तर्गत वैकल्पिक सूचीमा रहेका अस्थायी शिक्षकहरूलाई स्थायी नियुक्ति दिने भनी सिफारिस गरिसकेको छ तर शिक्षा ऐन र नियमावली संशोधनको प्रक्रिया अगाडि बढ्न सकेको छैन। यसमा छलकपट भइरहेको बुझिन्छ। यस्तो अवस्थामा आफैंले गरेका सहमतिहरू कार्यान्वयनमा षड्यन्त्र भइरहँदा युनियन, संघ, सङ्गठन र शैक्षिक गणतान्त्रिक मञ्च, मधेशी शिक्षक सङ्गठनहरू मौन देखिन्छन्। किन ?

व्यवस्थापिका संसद्को चालु अधिवेशन अन्त्य भई अध्यादेशबाट बजेट आयो तर शिक्षा ऐनको संशोधन अध्यादेशबाट ल्याउन किन दबाब दिइँदैन? वैकल्पिकको बुँदालगायत स्थायी शिक्षकको स्वतः बढुवा र राहत शिक्षकको स्थायी दरबन्दीमा परिणत गर्न एवं अन्य कुराहरू मिलाउन शिक्षा ऐनमा संशोधन हुनु जरुरी छ। त्यसैले वैकल्पिकहरूको आशा निराशामा परिणत नहोस् भनी सम्पूर्ण सरोकारवालाहरूसँग अपील गर्न चाहन्छु। साथै, अस्थायी शिक्षकहरूको जायज मागलाई उचित ढङ्गले सम्बोधन हुने गरी सर्वप्रथम सामान्य प्रक्रिया अपनाई स्थायी गर्नु न्यायिक हुनेछ तब मात्र खुल्ला विज्ञापन गरिनुपर्छ। यो मान्य हुनेछ। अन्यथा कसै कतैबाट कुनियत राखी खुला विज्ञापन भए अस्थायीहरूको कठोर आन्दोलन राज्यले पुनः सामना गर्नुपर्नेछ।

**विजयकान्त झा**
पूर्वाञ्चल केन्द्रीय उपाध्यक्ष
अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समिति

# किन हेपेको होला शिक्षकलाई !

गुरुकुल शिक्षा प्रणालीमा शिक्षण सम्मानित पेशाका रूपमा थियो । गुरुको आदर-सत्कार गरिन्थ्यो । तर आज शिक्षाको उज्यालो ज्योति छर्ने त्यही शिक्षण कार्यलाई चुत्था र हीन पेशाका रूपमा हेरिन्छ । शिक्षकलाई राज्यले समेत उपेक्षा गर्ने गरेको छ । समाजमा पनि मानवीय सभ्यताको बीजारोपण गर्ने शिक्षकलाई भन्दा एउटा प्रहरीलाई सम्मान गर्ने प्रचलन हावी छ । समाजमा सम्मान हुन नसके पनि अपमान नहोस् भन्ने हामी शिक्षणकर्मीको मान्यता हो । शिक्षकबाटै शिक्षा लिएको कुनै पनि बालक राज्यको असल व्यक्ति, कलाकार, राजनेता, इञ्जिनियर, वकिल, डाक्टर आदि बन्दछ तर त्यही व्यक्तिले गुरुले मार्ग देखाएर यो अवस्थासम्म पुगेको कुरा चटक्कै बिर्सन्छ र फेरि होच्याएर 'मास्टर' शब्द उच्चारण गर्दछ । बाबुआमाले जन्म दिए पनि कर्म दिने शिक्षक हुन् भन्ने दृष्टिकोण हाम्रो सामाजिक मानसपटलमा घुस्न सकिरहेको छैन । जीवनभर चकको धुलोसँग लडीबुडी गरे पनि शिक्षककै दर्जामा रहने हुँदा पनि होला सबैले शिक्षकलाई घृणा गरेको ! पुलिस जस्तो हवल्दार, असई, सई, इन्स्पेक्टर, डीएसपी आदि दर्ज्यानी चिन्हले विभूषित र बढुवा नहुने हुनाले पनि होला एक पुलिसले समेत शिक्षकलाई हेपेको अनि राज्यले उपेक्षा गरेको !

के शिक्षण साँच्चै मर्यादित पेशा हैन त ? हो भने किन समाजमा औषधि वितरण गर्ने अहेवभन्दा शिक्षकलाई गलत नजरले हेरिन्छ ? सरकारले शिक्षकलाई भन्दा अन्य निजामती कर्मचारीलाई सेवासुविधा बढी दिएकै कारण समाजमा शिक्षकको स्थान तुच्छ हुनपुगेको हो त ? गुरुको आदर्श शिक्षण कौशलका कारण हरेक बालक असल व्यक्ति बन्छ र मार्ग पहिल्याउँछ । यदि शिक्षकले शिक्षा नदिने हो भने मानिसले सभ्यताको पहिचान गर्न सक्ने थिएन र ठूलाठूला वैज्ञानिक र विज्ञानको आविष्कार असम्भव थियो । यति हुँदाहुँदै पनि शिक्षकलाई राज्यले विभिन्न वर्गमा किन विभाजित गरेको ? शिक्षकबाटै शिक्षा लिएको कुनै व्यक्ति शिक्षामन्त्री, कुनै व्यक्ति शिक्षा सचिव बने पनि शिक्षक र अन्य निजामती कर्मचारीबीचको दूरीलाई कम गर्न किन नसकेको होला ? प्रत्येक वर्ष निजामती र जङ्गी सेवामा भर्ना अभियान चल्छ । उनीहरूको स्थायी नोकरीको ग्यारेन्टी हुन्छ तर २०५२ पछाडि स्थायी शिक्षक पदपूर्ति भएको छैन । अस्थायी रूपमा पढाउँदै आएका हजारौं हजार शिक्षकहरू निवृत्तिभरण पाउने उमेरमा पुग्न लागेका छन्, तर तिनले पेन्सनलगायतका सुविधाबाट वञ्चित हुनुपर्ने परिस्थिति बन्दै गएको छ । शायद यस्तै कारणले गर्दा पनि होला सबैको नजरमा शिक्षक अपहेलित बन्नुपरेको । त्यही अस्थायी शिक्षकबाट शिक्षा लिएको एक व्यक्ति स्थायी अफिसर बनेर जिल्ला फर्कंदा समेत शिक्षक चाहिँ अस्थायीको अस्थायी नै किन रहनुपर्ने ? त्यस्तो शिक्षकले कस्तो मनोदशाबाट गुज्रिनुपरेको होला ? सोचेको छ सरकारमा बस्ने कसैले ?

तपाईंहरूले शिक्षक बाहेकका अन्य कर्मचारीहरूको दिनचर्या कहिल्यै अध्ययन गर्नुभएको छ ? ३०औं वर्ष शिक्षण पेशामा जीवन बिताउने शिक्षकको घरायसी (आर्थिक) अवस्था र, हालसालै निजामती सेवामा प्रवेश गर्ने कर्मचारीले कमाएको अथाह सम्पत्ति ! आखिर शिक्षक प्रशंसाको पात्र बन्न नसके पनि अखबारका पानाहरूमा कुकर्म र भ्रष्टाचारका न्यूज पढ्नु परेको छैन ।

**चन्द्र खड्का**
वीरेन्द्र ऐश्वर्य उमावि, लिम्सा, जाजरकोट

# सामुदायिक विद्यालयका १० चुनौती

१. निजी लगानी भएका ठाउँको मायाममता र जिम्मेवारी धेरै; सरकारी लगानी भएका ठाउँको थोरै ।
२. निजी लगानीमा अभिभावकको विशेष दृष्टि पुग्नु; सरकारी लगानीमा कम दृष्टि पुग्नु ।
३. मासिक रूपमा मोटो रकम बुझाउने विद्यार्थीको पढाइमा चासो बढी राख्नु; नि:शुल्क पढ्न पाउने विद्यार्थीले पढाइमा चासो कम राख्नु ।
४. निजीस्तरका विद्यालयमा पढ्ने विद्यार्थी र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरूका मानसिकतामा भिन्नता पाइनु ।
५. निजीस्तरका विद्यालयमा पढाउने शिक्षकहरूमा आफ्नो जागिर जोगाउन र आफूहरू स्थापित हुन विशेष कसरत गर्नु तर सामुदायिक विद्यालयमा पढाउने शिक्षकहरू सुरक्षित जागिरको अहम्‌मा डुबुल्की मार्नु ।
६. राजनीतिज्ञहरूले सामुदायिक विद्यालयलाई खेलमैदानका रूपमा प्रयोग गर्नु ।
७. सामुदायिक विद्यालयका शिक्षकहरू राजनीतिक कित्तामा विभाजित हुनु ।
८. शिक्षा नियमावलीले सामुदायिक विद्यालयका शिक्षकहरूलाई नियन्त्रण गर्न नसक्नु ।
९. विद्यालय व्यवस्थापन समितिलाई खासै अधिकार नहुनु ।
१०. राज्यको तर्फबाट शिक्षा क्षेत्रलाई महत्त्वका दृष्टिले नहेरिनु ।

**मुक्तिनाथ घिमिरे**
प्रअ, शान्ति उमावि, कुन्छा, लमजुङ

# धान खाने मुसो चोट पाउने भ्यागुतो

'आकाशमा थुकी मुखमा छिटा' जस्तै हामी शैक्षिक पेशेवरहरूले छातीमा हात राखेर भन्नुपर्दा आजको शैक्षिकस्तर डामाडोल पक्कै भएको छ। भनिन्छ, 'शिक्षक विद्यालय गएनन्, नियमित पढाएनन्, यिनै मास्टरले शैक्षिक वातावरण धमिल्याए!' कति मज्जा गफ दिन, पानीमाथिको ओभानो बन्न! हामी शिक्षकहरू सबैको हिलो हाल्ने खाडी भएका छौं। विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारीदेखि लिएर राजनीतिकर्मी, प्रशासक अथवा शैक्षिक सङ्गठनका उपल्लो निकाय समेतको दोषारोपण गर्ने भाँडो शिक्षक नै भएको छ। हुन पनि; ओरालो लागेको मृगलाई बाच्छोले समेत लखेट्छ भनिन्छ। तर के शैक्षिक गुणस्तर रसातलतर्फ धकेलिनुमा शिक्षकको मात्रै हात छ त? प्वालै प्वाल परेर लथालिङ्ग भएको शैक्षिक क्षेत्रलाई शिक्षकले मात्र टाल्न सम्भव छ? आजको शैक्षिक डामाडोल निम्त्याउने मुख्य कारक देशको राजनीति र सरकार होइन र?

सरकारको शिक्षा सम्बन्धी नीति हचुवा छ। शिक्षकलाई स्थायी, अस्थायी, राहत, पीसीएफ, सहजकर्ता, निजी स्रोत जस्ता अनेकौं तथाकथित लेवलमा वर्गीकरण गरी शिक्षकको मनोबल गिराउने, पेशागत दृष्टिले असुरक्षित महसुस गराउने, व्यक्तिगत वैमनस्यता स्थापित गराउने, हीनताबोध र मानसिक तनाव गराउने काम सरकार र शैक्षिक नीतिले गरेको छ। मनभरी पीडा र मानसिक जञ्जिरमा जाकिएका शिक्षकले कसरी स्वतन्त्र, स्वावलम्बी र सुरक्षित महसुस गरेर शिक्षण गर्ने? हामी शिक्षक तोकिएको विषयवस्तु पढाउँछौं तर बेरोजगारीमूलक, अनुत्पादनशील, अव्यावहारिक, अप्राविधिक पाठ्यक्रम निर्माण गरिनु अनि प्रतिभाहरू विदेश पलायन हुनु हामी शिक्षककै गल्ती हो त? विद्यालय सुधार, नियमित निरीक्षण, अनुगमन, शैक्षिक तथा पेशागत परामर्श, विद्यालय र माथिल्लो इकाईबीच संयोजकको कार्य गर्नुपर्ने स्रोतव्यक्तिको पदमा उर्वरा समय बिताइसकेका, आलस्य भएका, केश फुलेका र केवल पेन्सनमा प्रतिशत बढाउन मात्र जागिरमा अडिएकाहरू छानिने गरेका छन्। आजका अधिकांश स्रोतव्यक्तिहरूमा जोश, जाँगर, उमङ्ग, नयाँ ज्ञान, प्रविधि, पेशागत परामर्श, नविनतम शैक्षिकविधि शून्यप्राय: छ। तिनले मात्र भत्ता र सुविधाको लागि खाजे गोष्ठी चलाउँछन्। अरु विनिहरू त कुन चरीको नाम हो, थाहै छैन। मैले शिक्षण गर्न थालेको करिब डेढ दशक भयो, आजसम्म मेरो कक्षा अवलोकन र शैक्षिक परामर्श एकपटक पनि भएको छैन। यसैबाट प्रस्ट हुन्छ विद्यालय निरीक्षकहरू कत्तिको जिम्मेवार र कर्तव्यनिष्ठ छन् भन्ने कुरा।

देशको शैक्षिक गुणस्तर वृद्धिको लागि असङ्ख्य वैदेशिक सहयोग प्राप्त हुन्छ तर त्यो सहयोग, भैरव अर्यालका *हाडीघोप्टे, घ्याम्पे, टाकनटुकन र ठण्डाराम* भुँडीमै सिद्धिन्छ; लक्षित ठाउँमा आइ नै पुग्दैन। फलत: विद्यालयहरू सधैं अभावै-अभावभित्र रुमल्लिन विवश हुन्छन्। भवन जीर्ण छन्, फर्निचर छैन, पुस्तकालय छैन, शौचालय, पिउने पानी, छेकबार, शैक्षिक सामग्री केही पनि छैनन्। अनि शिक्षकले कसरी बिगारे शैक्षिक गुणस्तर? स्वच्छ, मर्यादित र पवित्र पेशालाई राजनीति र चाकडी गर्न कसले बाध्य बनाएको हो? शिक्षकको नियुक्ति, सरुवा, बढुवा, निष्पक्ष र स्वस्थ्य प्रतिस्पर्धाबाट नभई सोर्सफोर्स, भनसुन, चाकडी र घुसखोरीबाट सञ्चालन गरी शैक्षिक वातावरण धमिल्याउने तथा योग्य व्यक्तिलाई पछि पार्ने काम कसले गरेको हो; स्वयं शिक्षकले? शिक्षकलाई राजनीतिक कित्ताबन्दीमा विभाजित गरेर स्वार्थ लुट्ने अनि उनीहरूलाई 'म शिक्षक हुँ' सट्टा 'म फलानो पार्टीको हुँ' भन्न बाध्य पार्ने परिस्थिति सृजना गरिएको छ। देशको संविधान बनाउन पठाइएका जुलुङ्गाहरूले आजसम्म न त संविधान लेखे, न त सहज रूपमा प्रधानमन्त्री चयन गर्न सके। उनीहरूमध्ये कैयौं सभासद्हरू अण्डर एसएलसी छन्; तर तिनले मासिक ५०/६० हजार भन्दा बढी तलब भत्ता पाउँछन् जबकि शिक्षाशास्त्रमा विद्यावारिधि गरेका कतिपय शिक्षकहरू अत्यन्त न्यून पारिश्रमिक र राजनीतिक पेलानमा बाँच्न विवश छन्। यहाँ को ठूलो? को शासक र को शासित? खै शैक्षिक अभिप्रेरणा?

देशमा शिक्षक सेवा आयोग जस्तो स्वतन्त्र निकाय छ तर डेढ दशकदेखि शिक्षा आयोगमा पूर्णविराम लगाएर शिक्षकहरूलाई अस्थायी रहिरहन बाध्य पारिएको छ। पेशागत असुरक्षा सृजना गरी नैराश्य बढाएको छ। के यो पनि शिक्षककै कमजोरी हो? शिक्षण पेशाको भरमा परिवार सञ्चालन असम्भव छ। त्यसैले 'साइड जब' हाम्रो रहर नभएर बाध्यता हो। तयारी, पाठयोजना, शैक्षिक सामग्री सङ्कलन तथा निर्माण, सन्दर्भ सामग्री अध्ययन, नविनतम प्रविधि तथा ज्ञानार्जन गर्ने जस्ता कार्य शिक्षकले गर्न पाइरहेका छैनन्। आधारभूत आवश्यकता पूरा गर्नमा नै उनीहरूको समय बित्ने गर्छ। शिक्षकको सेवासुविधा वृद्धि गरी 'म एउटा शिक्षक मात्र हुँ' भन्ने वातावरण सरकारले निर्माण गरिदिनुपर्छ। अनि मात्र शिक्षक वास्तविक शिक्षक भएर शैक्षिक गुणस्तर उकास्न मन, वचन र कर्मले तयार हुन्छन्।

हामी शिक्षकका पनि कमजोरी हुँदै नभएका होइनन्। ढिलासुस्ती, अल्छीपन, पेन्सनमा प्रतिशत बढाउने काम हामीहरूबाट पनि प्रशस्तै भएको छ। तर सरकारले प्रस्ट शिक्षा नीति ल्याएर स्वस्थ शैक्षिक वातावरण सृजना गर्ने काम गरेको खण्डमा शिक्षकको आलस्य र अल्छी-अयोग्य शिक्षक आफैं भाग्छन्।

**मोहन पौडेल**
सरस्वती उमावि, डाँडाखर्क, खोटाङ



A Complete Solution for School and Montessori
KIDS
BIBHUSHI INTERNATIONAL
MULTIPURPOSE COMPANY PVT. LTD.
(Opp. Chahana International Academy)
Seat Talle, Kapan, Kathmandu, Nepal
Tel: +977-1-4812514, 2297165
E-mail: bimcprivateltd@gmail.com
Bringing Excellence to child
We Deal In: Chemoleums Lubricants, Birla Tyres School & Montessori Playing Materials


IMAGE
97.9 FM
MUSIC OF YOUR LIFE

## व्यवस्थापन समिति-प्रअ द्वन्द्व

# स्कूल तालाबन्दीदेखि हत्यासम्म

**शिक्षा नियमावलीले सार्वजनिक स्कूलको आर्थिक कारोबारदेखि शिक्षक नियुक्तिसम्मको अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएपछि समितिका पदाधिकारी र प्रअहरूबीच टक्कर बढ्दै गएको छ। कतै आर्थिक कारोबार त कतै शिक्षक नियुक्ति जस्ता विषयमा प्रअ र व्यवस्थापन समितिका अध्यक्षबीच हुने गरेका झगडाले स्कूलको पठनपाठन मात्र विथोलेको छैन, हत्या-हिंसाको डरलाग्दो स्थिति समेत आउन थालेको छ।**

**एक** छात्रालाई दुर्व्यवहार गरेको भन्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुन्दर कुर्मीको उक्साहटमा प्रअ शङ्करकुमार कर्णलाई गालीगलौज र कुटपिट गरिएपछि वीरगञ्ज उपमनपा- १४ स्थित नेपाल राष्ट्रिय उमाविको पठनपाठन ५ देखि १० मङ्सिरसम्म बन्द भयो। शिक्षक युनियन पर्साले घटनाको छानबिन गरी प्रअलाई निर्दोष बताएपछि अहिले स्थिति साम्य भएको छ।

विव्य समितिको अध्यक्षमा निर्वाचित हुनेवित्तिकै स्कूलमा अनियमितता भएको भन्दै कुर्मीले सम्पूर्ण कागजात कब्जामा लिएका थिए। तर, उनले आफूले विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि लिएको ४ लाख ७५ हजार रुपैयाँ भने अझै फर्स्यौट गरेका छैनन्। उनले व्यवस्थापन समितिको पहिलो बैठकमै प्रअको सरुवा प्रस्ताव राखेका थिए। उनको प्रस्ताव बैठकबाट पारित हुन नसकेपछि प्रअ-अध्यक्ष सम्बन्धमा दरार आएको हो।

बारा-पर्साका केही सार्वजनिक स्कूलमा प्रअ र व्यवस्थापन समितिका अध्यक्ष मिलेर स्कूलको रकम हिनामिना गर्ने प्रवृत्ति पनि बढ्दै गएको छ। पर्सा, भिस्वाको नेपाल राष्ट्रिय प्राविका प्रअ गजेन्द्र साह र व्यवस्थापन समितिका अध्यक्ष हरि चौरसियाले छात्रवृत्ति तथा विद्यालय सुधार योजनाको रकम हिनामिना गरेको, गोप्यरूपमा शिक्षक भर्ना गरेको भन्दै अभिभावकको नाममा १० असोज, २०६७ देखि विद्यालयमा ताला लगाइएको छ। पर्साकै विश्रामपुरस्थित भङ्गी साह उच्च माविको अध्यक्ष पदको लागि ११ मङ्सिरमा हुनुपर्ने चुनाव बिथोलिएको छ। त्यहाँ अध्यक्ष पदका लागि ५५ जनाले उम्मेदवारी दर्ता गराएका छन्।



अध्यक्ष सुन्दर कुर्मी

भुषण यादव



प्रअ शङ्करकुमार कर्ण

बाराको बुनियाद-४ स्थित नेपाल राष्ट्रिय निमावि पनि शिक्षक नियुक्ति सम्बन्धी विवादका कारण १८ कात्तिकदेखि बन्द छ। शिक्षक नियुक्तिमा पारदर्शिता नअपनाइएको भन्दै अभिभावकले उक्त विद्यालयमा तालाबन्दी गरेका हुन्। बाराकै सम्झौता गाविसको नेपाल राष्ट्रिय प्राविका प्रअ ज्ञानेश्वर सिंह साढे तीन महिनादेखि असुरक्षाले गर्दा विद्यालयमा हाजिर हुनसकेका छैनन्।

बितेका चार महिनामा जिप्रका पर्सामा विद्यालय व्यवस्थापन र शिक्षक नियुक्ति सम्बन्धी विवादका १६ र बारामा १३ वटा उजुरी दर्ता हुनुले पनि विद्यालय व्यवस्थापन समिति र प्रअ/शिक्षकबीच द्वन्द्व बढ्दै गएको स्पष्ट हुन्छ।

### छोरो गुमाउँदाको पीडा

बाँकेमा विद्यालय व्यवस्थापन समिति र प्रअबीचको टक्करका कारण विद्यार्थी नै मारिएको धेरै भएको छैन। नेपाल राष्ट्रिय प्रावि ईन्द्रपुरका प्रअ सञ्जय द्विवेदीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामसुरेश बर्मा कुर्मीको 'आदेश' नमान्दा आफ्नो छोरो गुमाउनु पर्‍यो। स्कूलको

कोष मनोमानी गर्न नपाउँदा कुर्मीले १४ असोज २०६७ मा प्रअका १४ वर्षीय छोरा कपिल द्विवेदी र उनका साथी १६ वर्षीय लीलाधर भट्टको अपहरण गराई मार्न लगाएका थिए ।

२०६६ चैतमा व्यवस्थापन समितिको अध्यक्ष चुनिएका कुर्मीले पहिलो बैठकमा विद्यालयको खाता आफ्नो नाममा सारेका थिए । प्रअ द्विवेदी भन्छन्, "विद्यालयको रकम जथाभावी खर्च गर्न मिल्दैन भन्दा अध्यक्ष र उनका दाजु राजितरामले 'हेडसरले मानेन भने टाउको काटेर झुण्ड्याउने र त्यो काम गर्नेलाई पाँच लाखसम्म दिने' घोषणा गरेका थिए । यो कुरा मैले जिशिकालाई पनि खबर गरेको थिएँ तर सुनुवाई भएन ।"

कुर्मीले विद्यालयको खाताबाट २०६७ वैशाख २८ मा रु.३२५००, जेठ १८ मा रु.३६५००, जेठ २४ मा रु.२० हजार, २ असारमा रु.१५ हजार, १० असारमा रु.२० हजार, १३ असारमा रु.२६४०० र २७ असारमा रु.३१ हजार रकम निकालेको देखिन्छ । तर उक्त रकमको खर्च विवरण उनले स्कूलमा बुझाएका छैनन् ।

सोही विद्यालय व्यवस्थापन समितिका सदस्य कैलाश गढरियाले १७ दिनसम्म विद्यालयमा तालाबन्दी गरेर रु.४५६७८ हात पारेका थिए । कपिल र लीलाधर हत्याकाण्डमा अध्यक्ष कुर्मीसहित उनी पनि थुनामा छन् ।



श्रवणकुमार देव

शिक्षक नियुक्तिमा विवाद भएपछि राजविराज डुमरीस्थित राप्राविमा १ असोज २०६७ मा व्यवस्थापन समितिले लगाएको ताला ।

## सप्तरी: जतातत्तै झगडा

सप्तरीको तरहीस्थित जनता माविमा काज सरुवा गराएर ओखलढुङ्गाबाट आएका शिक्षक पुलकित मुखियाको अन्यत्रै पदस्थापन गरिएको भन्दै प्रधानाध्यापक कुँवरलाल राय र शिक्षक विजय यादवलाई ८ मङ्सिर २०६७ मा व्यवस्थापन समितिका अध्यक्ष शोभानन्द रायका समर्थकले कुटपिट गरी गम्भीर घाइते तुल्याए । उता, बरहीवीरपुर गाविसस्थित जनता निमाविमा व्यवस्थापन समितिको विवादका कारण लामो समयदेखि रिक्त शिक्षक दरबन्दी अझै पूर्ति गरिएको छैन । ८ सदस्यीय विद्यालय व्यवस्थापन समितिमध्ये ७ जनाले अध्यक्षलाई बाइपास गरेर शिक्षक छनोट समिति गठन गरेका कारण शिक्षक नियुक्ति प्रक्रिया अवरुद्ध भएको हो ।

आपसी विवादकै कारण सप्तरीका चारदर्जन विद्यालयमा व्यवस्थापन समिति गठन हुनसकेका छैनन् । जिशिअ शत्रुघ्न चौधरीका अनुसार समिति बन्न नसक्दा शिक्षक नियुक्ति प्रक्रिया समेत अवरुद्ध भएको छ भने धेरै स्कूलको पठनपाठन बिथोलिएको छ । चौधरी भन्छन्, "आफ्ना मान्छेलाई शिक्षक बनाउनका लागि जसरी पनि समितिमा आउन मरिहत्ते गर्ने गरिएकाले विवाद सृजना हुने गरेको छ ।"

अति राजनीतिले गर्दा कतिपय स्कूलको विवाद अदालतसम्म पुगेको छ । राजविराजस्थित राजोदेवी ठाकोदेवी जोगेन्द्र भगत माविमा समितिको निर्वाचन भइरहँदा अध्यक्षका उम्मेदवार प्रभानन्द यादवले मतपत्र खोसेपछि अन्य उम्मेदवारले यादवविरुद्ध पुनरावेदन अदालत राजविराजमा मुद्दा हालेका छन् । मुद्दाकै कारण समिति गठन हुनसकेको छैन ।



रुद्र सुवेदी

छोरा गुमाएका प्रअ सञ्जय द्विवेदीको घरमा प्रम माधवकुमार नेपाल ।

**भूषण यादव,** पर्सा;
**श्रवणकुमार देव,** राजविराज र
**रूद्र सुवेदी,** नेपालगञ्ज

# आयोग नियमावली क्याबिनेटमा

**शिक्षा** मन्त्रालयले शिक्षकहरूको समयबद्ध बढुवाको प्रावधान राखेर शिक्षक सेवा आयोग नियमावली, २०५७ संशोधन गर्न लागेको छ । ११ कात्तिक २०६६ मा सरकार र शिक्षक संस्थाबीच भएको सहमति कार्यान्वयन गर्न नियमावली संशोधन गर्न लागिएको हो ।

नियमावली संशोधन गर्न तयार पारिएको मस्यौदा अनुसार, १० वर्षदेखि प्राथमिक तृतीय श्रेणीमा कार्यरत माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकले द्वितीय श्रेणीमा बढुवा पाउनेछन् । यस्तै, प्राथमिक द्वितीय र निम्नमाध्यमिक तृतीय श्रेणीले १२ वर्ष, निम्नमाध्यमिक द्वितीय श्रेणी र माध्यमिक तृतीय श्रेणीले १५ वर्ष तथा माध्यमिक द्वितीय श्रेणीका शिक्षकले १८ वर्ष सेवा अवधि पुगेपछि एक तह बढुवा पाउने छन् ।

सेवा प्रवेश गर्दा न्यूनतम योग्यता पूरा भएका तर माथिल्लो शैक्षिक योग्यता हासिल गर्न नसकेका प्रावि, निमावि र मावि शिक्षकले भने क्रमशः १३, १५, १८ वा सोभन्दा बढी सेवा अवधि पुगेपछि मात्रै एक श्रेणी बढुवा पाउनेछन् । तीनवटै तहका प्रथम श्रेणीका शिक्षकले भने यस्तो बढुवा पाउने छैनन् ।

सरकारले २०६४ साउनमा निजामती सेवा ऐन संशोधन गरी निजामती कर्मचारीका लागि समयबद्ध बढुवाको प्रावधान लागू गरेपछि शिक्षकले पनि स्वतः बढुवाको माग गर्दै आएका थिए ।

### आरक्षण पनि

शिक्षक सेवा आयोग नियमावलीको प्रस्तावित संशोधनले शिक्षण सेवामा पनि अन्य सरकारी सेवामा जस्तै आरक्षणको व्यवस्था गर्न लागेको छ । संशोधनको मस्यौदा अनुसार, विज्ञापन हुने पदमध्ये ४५ प्रतिशत आरक्षणका लागि छुट्याइनेछ । ४५ प्रतिशतलाई शतप्रतिशत मानेर महिलालाई ३३, आदिवासी/जनजातिलाई २७, मधेशीलाई २२, दलितलाई ९, अपाङ्गलाई ५ र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद आरक्षित गरिनेछ । महिलाको ३३ प्रतिशतमध्ये तीन प्रतिशत दलित र दुई प्रतिशत स्थान मुस्लिम महिलाका लागि हुनेछन् ।

शिक्षकको कार्य-सम्पादन मूल्याङ्कनको बढुवामा विद्यार्थीको सिकाइ उपलब्धिलाई समेत आधार मानिने व्यवस्था संशोधन प्रस्तावमा राखिएको छ । अध्यापन गरेको विषयमा विद्यार्थीले हासिल गर्ने उपलब्धिबापत १५, शिक्षणसँग सम्बन्धित विषयमा अनुसन्धान गरेबापत ५, विशेष जिम्मेवारीबापत ५ र कार्य-सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कनबाट बढीमा १० अङ्क दिने प्रावधान राखिएको छ । त्यसमा सुपरीवेक्षकले बढीमा आठ र पुनरावलोकन समितिले दुई अङ्क दिन सक्नेछन् । यसअघि सुपरीवेक्षक र पुनरावलोकन समितिले ४० अङ्क दिने प्रावधान थियो । जसबाट सुपरीवेक्षकले पूर्वाग्रही ढङ्गले अङ्क दिने गरेको गुनासो शिक्षकहरूले व्यक्त गर्दै आएका थिए । यस्तै, नोकरीको ज्येष्ठता र शैक्षिक योग्यताबापत दिइने अङ्कमा पाँच बढाएर क्रमशः ३५ र २० कायम गरिएको छ । तालिम बापत दिइने अङ्क भने १५ बाट १० बनाइएको छ ।


## शिक्षक निर्देशिका प्रकाशित भयो !

### पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित

कक्षा १ देखि ८ सम्मका शिक्षक निर्देशिका, कक्षा १ देखि १० सम्मका पाठ्यक्रम तथा कक्षा १ देखि ५ सम्मका मैथिली भाषाका पाठ्यपुस्तकहरू उपलब्ध छन् । नेपालभरका प्रमुख पुस्तक पसल तथा साझा प्रकाशनको विक्रीकेन्द्रहरूमा उपलब्ध छन् ।

**प्रमुख वितरक**
**मकालु प्रकाशन गृह**
काठमाडौं, फोनः ०१-४४३५१४८, मो. ९८४१६०१९९६, ९८५१०७७७९८


# प्रश्नपत्रै गलत भएपछि... !

**विद्यार्थीको** सिकाइ उपलब्धि मापन गर्न परीक्षामा सोधिने प्रश्नपत्र नै त्रुटिपूर्ण हुन्छ भने त्यसबाट विद्यार्थीको कस्तो मूल्याङ्कन होला? नवलपरासीको बेलाटारी स्रोत केन्द्रद्वारा गत असोजमा सञ्चालित त्रैमासिक परीक्षामा यस्ता लापरबाहीहरू प्रशस्तै भेटिएकाले यो प्रश्न उब्जिएको हो।

कक्षा ७ को सामाजिक शिक्षाको परीक्षामा आठवटा प्रश्न कक्षा ६ को पाठ्यपुस्तकबाट सोधिएका थिए। अनि कक्षा ६ को सामाजिक विषयको प्रश्नपत्रमा आठवटा प्रश्न हुबहु थिए। *(हे. प्रश्नपत्र)*

कक्षा सातकै नेपालीको प्रश्नपत्रमा सोधिएका शुरुका ६ मध्ये पाँच वटा प्रश्नमा शब्द र व्याकरणगत अशुद्धि थिए। कक्षा ८ को नेपाली प्रश्नपत्रमा 'गोपालप्रसाद रिमालको पहिलो कविता कुन हो ?' भनी सोधिएको प्रश्नमा दिइएका तीनवटै वैकल्पिक उत्तर गलत छन्।

परीक्षा तालिकामा अलग अलग मितिमा तोकिएका कक्षा ३ को सामाजिक शिक्षा र सिर्जनात्मक कला विषयको परीक्षा एकै दिन मात्र लिइएन; सिर्जनात्मक कलाको प्रश्न पनि सँगै एउटै कागजमा राखेर तोकिएको मितिभन्दा सात दिनअगावै सामाजिकसँगै लिइएको थियो।


सोतकेन्द्र स्तरीय प्रथम त्रैमासिक परीक्षा-२०६७

कक्षा- ६ | बेलाटारी स्रोतकेन्द्र, नवलपरासी | पूर्णाङ्क: २० 
समय- १ घण्टा | विषय: सामाजिक शिक्षा | उत्तीर्णाङ्क: ८


१. तलका प्रश्नहरूको संक्षिप्त उत्तर लेख। ५
क) उपमहानगरपालिका हुन कति जनसंख्या आवश्यक पर्छ ?
ख) समुदायको आवश्यकता किन पर्छ ?
ग) हामी स्वास्थ्य रहन के-के कुराको आवश्यकता पर्छ ?
घ) राष्ट्र भनेको के हो ?
ङ) शिष्टाचार भन्नाले के बुझिन्छ ?

२. जोडा मिलाऊ १x४=४
क | ख
उपस्वास्थ्य चौकी | १९२
त्रिभुवन राजपथ | १९३५
हुलाक | २०४२
टेलिभिजन | ३१७४

३. तलका वाक्य ठीक भए (✓) र बेठीक भए (×) चिन्ह लगाऊ : ५
क) गाउँ विकास समितिमा जम्मा ११ सदस्य रहने व्यवस्था छ।
ख) नगरपालिकाको प्रमुखलाई उपमेयर भनिन्छ।
ग) नेपालको संविधान २०४७ ले लैङ्गिक समानताको अधिकार प्रदान गरेको छ।
घ) शिवजीको पूजा आराधना गर्नेलाई वैष्णव भनिन्छ।
ङ) बहादुर शाहको जन्म वि.सं. १८१४ सालमा भएको हो।

४. लामो उत्तर लेख : -
क) अनौपचारिक शिक्षा अन्तरगत कुन -कुन शिक्षा पर्दछन् लेख।
ख) सामाजिक सद्भावनाका प्रमुख आवरणहरु के-के हुन् लेख।
ग) राष्ट्रिय झण्डामा अङ्कित चन्द्र र सूर्यको अर्थ आफ्नो शब्दमा लेख।

समाप्त


सोतकेन्द्र स्तरीय प्रथम त्रैमासिक परीक्षा-२०६७

कक्षा- ७ | बेलाटारी स्रोतकेन्द्र, नवलपरासी | पूर्णाङ्क: २० 
समय- १ घण्टा | विषय: सामाजिक शिक्षा | उत्तीर्णाङ्क: ८

१. तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस्। १x५=५
क) शिक्षाका उपयोगिता के-के हुन् ?
ख) सञ्चारको परिभाषा लेख।
ग) विद्युतबाट हुने फाइदा के-के हुन् ?
घ) कस्तो भाषालाई मातृभाषा भनिन्छ ?
ङ) प्रजातान्त्रिक शासन व्यवस्था भनेको के हो ?

२. खाली ठाउँमा उपयुक्त शब्द भर। १x४=४
क) प्रत्येक जिल्लालाई कद्रीमा ............ इलाकामा विभाजन गरिएको छ।
ख) माघ शुक्ल पञ्चमीका दिन मनाइने पर्व ............ हो।
ग) राष्ट्रियता राष्ट्रप्रति उब्जने ............ भावना हो।
घ) बुद्धको मूलमन्त्र अहिंसा र ............ थियो।

३. तलका वाक्य ठीक भए (✓) र बेठीक भए (×) चिन्ह लगाऊ। १x५=५
क) गाउँ विकास समितिमा जम्मा ११ सदस्य रहने व्यवस्था छ।
ख) नगरपालिकाको प्रमुखलाई उपमेयर भनिन्छ।
ग) नेपालको संविधान २०४७ ले लैङ्गिक समानताको अधिकार प्रदान गरेको छ।
घ) शिवजीको पूजा आराधना गर्नेलाई वैष्णव भनिन्छ।
ङ) बहादुर शाहको जन्म वि.सं. १८१४ सालमा भएको हो।

४. तलका प्रश्नहरूको लामो उत्तर लेख। ३x२=६
क) अनौपचारिक शिक्षा अन्तरगत कुन-कुन शिक्षा पर्दछन् लेख।
ख) सामाजिक सद्भावनाका प्रमुख आवरणहरु के-के हुन् ? लेख।
ग) राष्ट्रिय झण्डामा अङ्कित चन्द्र र सूर्यको अर्थ आफ्नो शब्दमा लेख।

समाप्त

**लापरवाहीको नमूना:** कक्षा ६ र ७ को प्रश्नपत्रमा प्रश्न नम्बर तीन र चारका हुबहु प्रश्न (रातो घेरामा)।

बेलाटारी स्रोत केन्द्रअन्तर्गत ५८ वटा स्कूल पर्छन्। ती सबैमा एउटै प्रश्नपत्रबाट परीक्षा लिइन्छ। तर, प्रश्नपत्र तयारीमा देखिएको लापरबाहीका कारण ती स्कूलका १२ हजारभन्दा बढी विद्यार्थी त्यसको सिकार बन्न पुगेका छन्।

प्रश्नपत्र तयार गर्ने शिक्षकहरूले हदैसम्मको हेलचेक्र्याइँ गरेको देखिन्छ। प्रश्नपत्रको स्वरुप हेर्दा अध्ययन नै नगरिकन हचुवाको भरमा तयार गरिएको अनुमान गर्न गाह्रो पर्दैन। तर बेलाटारीकी स्रोतव्यक्ति ईन्दिरा बराल यो लापरवाहीलाई 'सानोतिनो' मान्छिन्। उनले भनिन्, "यस्तो सानोतिनो त्रुटि त हुँदै गर्छ नि! यस्ता कुरामा तपाईं हामीले कहिलेकाहीं आँखा चिम्लिनुपर्छ।"

**वृजराज कुशवाहा,** नवलपरासी


## मकालु यातायात बस सेवा

हेड आफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५५२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३५९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौंडा: ०४७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

संवाद शैली

# गोष्ठी सार्थक बनाउने तरिका

**“तपाईंहरूका स्कूलले कसरी सफलता प्राप्त गरे, त्यसनिम्ति तपाईंहरूले के के गर्नुभयो, त्यसमा अन्य शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रह्यो त्यो पनि विस्तारमा बताइदिनुहोला।”**

विद्यालयलाई कसरी सफल तुल्याउने, पठनपाठन सुधार्ने जिम्मा कसको, सरकारी विद्यालय भनेपछि किन नाक खुम्च्याइन्छ आदित्यादि प्रश्न वा विषय राखेर गोष्ठी, अन्तरक्रिया अथवा छलफल कार्यक्रम चलाउँदा कार्यक्रमका अधिकांश सहभागीहरूले के बोल्छन् भन्ने अनुमान पहिल्यै लगाउन सकिन्छ। अर्थात् तिनले या त क-कसले के-के र कसरी गर्नुपर्छ भनेर पट्यारलाग्दो अर्ति-उपदेश सुनाउँछन् या आफूले गरेका कामको बखान गर्दै अरू व्यक्ति र निकायमाथि गुनासो र आरोप ओकल्छन्।

शायद हाम्रो यस्तो प्रवृत्तिप्रति पूर्ण परिचित भएर होला, ललितपुर जिल्ला शिक्षा कार्यालयले शिक्षक-गोष्ठी सञ्चालन गर्ने नयाँ विधि अपनाएको छ। अघिल्लो महिना उसले जिल्लाभरिका माविका प्रधानाध्यापकहरूको गोष्ठी अर्कै ढङ्गबाट सञ्चालन गर्‍यो। त्यहाँ उपस्थित प्रअहरूमध्ये समग्र पठनपाठन, व्यवस्थापन र एसएलसी परीक्षामा समेत निरन्तर राम्रो नतिजा प्राप्त गरिरहेका स्कूलका प्रअहरूलाई सम्बोधन गरेर भनियो “तपाईंहरूका स्कूलले कसरी सफलता प्राप्त गरे, त्यसनिम्ति तपाईंहरूले के के गर्नुभयो, त्यसमा अन्य शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रह्यो त्यो पनि विस्तारमा बताइदिनुहोला।”

गोष्ठीमा ‘सफल’ भन्दा ‘कमजोर’ माविका प्रअहरूकै बाहुल्य थियो, तर शुरुमा बोल्ने अवसर ‘सफल’का प्रअहरूले पाए। उनीहरूले आफ्नो स्कूल राम्रो पार्न के के कार्य गरे वा गर्दैछन् भन्ने कुराको फेहरिस्त राखे; कसैलाई आरोप लगाएनन्, गुनासो गरेनन्, अर्ति-उपदेश पनि खासै दिएनन्। उनीहरूको कथनको सार थियो– स्कूल सफल पार्न सबैको साथ सहयोग अवश्य चाहिन्छ, तर त्यसनिम्ति अग्रसर हुनुपर्ने प्रअले नै हो। प्रअको व्यक्तित्व मिलनसार, अहङ्कारहीन, अध्ययनशील, पारदर्शी र न्यायी हुनुपर्ने पनि उनीहरूको मनसाय थियो। ‘कमजोर’ माविका प्रअहरूले ‘सफल’ का कुरा सुने र यदाकदा प्रश्न सोध्ने काम गरे। उक्त गोष्ठीमा व्यक्त केही ‘सफल’ माविका प्रअका विचार यस्ता थिए:


गुरु मैनाली

**माधवप्रसाद पाण्डे, त्रिपद्म उमावि, पुल्चोक**
हामीले विद्यालयको सफलताका लागि त्यति धेरै कुरा गरेका छौं जस्तो लाग्दैन। स्कूलको शैक्षिक स्तर उठाउनका निम्ति विद्यालय व्यवस्थापन समितिमा सार्थक बहस हुन्छ, समितिको सहयोग राम्रो छ। मैले प्रअको रूपमा प्रशासनिक नेतृत्वमा भन्दा शैक्षिक नेतृत्वमा बढी ध्यान दिने गरेको छु। सामूहिक दायित्वमा विद्यालयको व्यवस्थापन हुँदै आएको छ।

पठनपाठनलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग बढाउँदै लगिएको छ र कठिन ठानिएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका अतिरिक्त कक्षाहरू सञ्चालन गरिएको छ। मासिक, त्रैमासिक, अर्ध-वार्षिक र वार्षिक परीक्षाहरूलाई प्रभावकारी बनाउँदै लगिएको छ। परीक्षाका उत्तरपुस्तिका परीक्षणपश्चात् विद्यार्थीलाई नै फिर्ता दिने गरिएको छ। त्यसबाट विद्यार्थीहरूलाई आफ्ना कमि-कमजोरी थाहा पाउन र सुधार गर्न मद्दत पुगेको छ।

विद्यालयको भौतिक सुधार, शिक्षकहरूलाई थप सुविधा र जिशिकाबाट शैक्षिक सुपरीवेक्षण भए अरू सफल भइने हाम्रो ठम्याइ छ।

**भीम सापकोटा**
**आदर्श सौल युवक उमावि, बुङ्मती**
हाम्रो विद्यालयसँग योजना छ। योजना कार्यान्वयन गर्न लगनशील र प्रतिबद्ध शिक्षक साथीहरू हुनुहुन्छ। हाम्रो पनि जोड प्रशासनिक होइन, शैक्षिक नेतृत्वमै छ। विभागीय संरचना बनाएर जिम्मेवारी बाँडफाँड गरिएको छ। यसले जागिरे मनोवृत्तिमा कमी आएको छ र अपनत्व-भावनाको विकास भएको छ।

अभिभावकको चाहनाअनुरुप विद्यालयको पठनपाठन अङ्ग्रेजी माध्यमबाट सञ्चालन गरेका छौं। यसै वर्षदेखि विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रवेश गराएका छौं। त्यसनिम्ति २० वटा कम्प्युटरसहितको नेटवर्किङ ल्याब बनाइएको छ।

विद्यालयमा सिकाइ-संस्कृति (learning culture) को विकास गर्ने कोशिश गरेका छौं। कक्षामा विद्यार्थी सङ्ख्या धेरै हुँदा शिक्षकको ध्यान पुग्न नसक्ने महसुस गरी सेक्सन छुट्याएका छौं। विद्यालयमा नियमित कक्षा सञ्चालन हुने गरेको छ। पठनपाठनबारे छात्रछात्रासँग पनि छलफल गर्ने गरिएको छ।

विद्यार्थीको मूल्याङ्कनका निम्ति 'निरन्तर मूल्याङ्कन विधि' अपनाएका छौं। यसका लागि शिक्षा विभागको फारमलाई केही परिवर्तन गरी लागू गरेका छौं। कमजोर विद्यार्थीहरूका लागि नियमित परामर्श कार्यक्रम र अतिरिक्त कक्षा सञ्चालन गर्नु हाम्रो स्कूलको सफलताको सूत्र हो।

हामीले आफ्ना छोराछोरीलाई आफ्नै विद्यालयमा पढाएका छौं। विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी ढङ्गले सञ्चालन गरेका छौं। त्यसबाट विद्यालयको पारदर्शितामा वृद्धि भई अभिभावकको विश्वास जित्न सकिएको छ।

शिक्षकको पेशागत विकासमा जोड दिएका छौं र दलीय राजनीतिबाट विद्यालयलाई अलग राखिएको छ।

**बाबुराम थापा, रुद्रायणी मावि, खोकना**
विद्यालय सुधारको योजना छ। सक्रिय र चनाखो व्यवस्थापन समिति छ। शिक्षक, अभिभावक, विद्यार्थी र व्यवस्थापन समितिको सामूहिक प्रयासमा विद्यालय सञ्चालित छ। विद्यालयमा विषयगत समितिहरू छन्। जसमा सबै तहका शिक्षकहरू समेटिन्छन्। शिक्षकहरूले 'टिम-वर्क'मा शिक्षण कार्य गरिरहनुभएको छ।

शिक्षकको कार्यसम्पादनका बारेमा हरेक महिना विद्यार्थीहरूको राय लिन्छौं र शिक्षक-विद्यार्थीहरूलाई सुझाव दिने गरेका छौं। सदनहरूको गठन र विद्यार्थीहरूका समूह निर्माणले पनि विद्यालयको उन्नतिमा सहयोग पुगेको छ।

**सुदर्शन घिमिरे, बुद्ध मावि, बाँडेगाउँ**
हाम्रो विद्यालयमा सामूहिक नेतृत्व र प्रजातान्त्रिक विधि अवलम्बन गरिएको छ। स्थानीय समुदायको सक्रिय सहभागिता र सहयोग छ। विद्यालयको सुधार, पठनपाठन, गुणस्तर तथा शैक्षिक उपलब्धिका लागि सबैसँग सहयोग र सहकार्य गर्ने गरिएको छ।

हामीकहाँ विषयगत विभाग छन्। विद्यालयका काम र जिम्मेवारी बाँडफाँड गरिएको छ। प्रत्येक महिना विद्यालयका प्रधानाध्यापक र शिक्षकबीच विचार आदानप्रदान गर्ने व्यवस्थाबाट विद्यालयको स्तर सुधारमा सहयोग पुगेको छ।

आर्थिक कारोबार व्यवस्थित र पारदर्शी बनाइएको छ। यसले सरोकारवालाहरूबीच विश्वासको वातावरण सिर्जना गरेको छ।

विद्यार्थीहरूको प्रत्येक हप्ता परीक्षा लिइन्छ। परीक्षाअगावै विद्यार्थीहरूलाई दुई-तीन सेट प्रश्नपत्र उपलब्ध गराइन्छ। विद्यार्थीले परीक्षामा तिनै प्रश्न समाधान गर्छन्। यसो गर्दा विद्यार्थीहरूमा जाँचप्रतिको डर हटेको छ र उनीहरूले ध्यान दिएर पढ्ने गरेको पाएका छौं।

**रामबहादुर विष्ट**
**महाकाली देवी उमावि, भट्टेडाँडा**
सबै शिक्षक साथीहरूको सामूहिक प्रयासबाटै हाम्रो विद्यालयको नतिजामा सुधार आएको हो। शिक्षक-शिक्षकबीच र समुदायसँग सुमधुर सम्बन्ध छ। विद्यालयको नीतिनियम तर्जुमा गर्दा विद्यार्थीलाई समेत संलग्न गराइने गरेको छ।

विद्यालयको सफलताका लागि सहमति, सहकार्य, सहिष्णुता अनि सहभागिताबाट कार्य गर्दा उत्तम हुने हाम्रो विद्यालयको ठहर छ।

प्रस्तुति: **गुरु मैनाली**

**अध्ययन** उदार कक्षोन्नति

बाबुराम विश्वकर्मा

# नपढाउनु, नजाँच्नु भनेको त होइन !

भन्नेले भन्यो 'साना कक्षाका साना नानीहरू फेल हुनुहुँदैन, सबै पास हुनुपर्छ। तसर्थ सानै कक्षादेखि राम्ररी पढाउनुपर्छ र उनीहरूको सिकाइ र प्रगतिको निरन्तर मूल्याङ्कन गरिरहनुपर्छ। किनभने.... ।"

सुन्नेले सुन्न त सबै सुन्यो; तर क्रमशः बिर्संदै गयो। जाँच वर्षैपिच्छे आउने भएकाले 'पास' र 'फेल'– दुई शब्द चाहिँ स्मृतिपटलबाट हराएनन्। ती दुई शब्दले गर्दा कोही 'फेल हुनुहुँदैन, सबै पास हुनुपर्छ' भन्ने वाक्य पनि सम्झनामा रहिरह्यो।

परिणामः सरकारी स्कूलमा पढाइ भए पनि नभए पनि; विद्यार्थीले पढे पनि नपढे पनि; शिक्षकले पढाए पनि नपढाए पनि; विद्यार्थीले सिके पनि नसिके पनि; जाँचमा लेखे पनि नलेखे पनि– सबै पास हुन थाले, सबै माथिल्लो कक्षामा पुग्न थाले। कम्तीमा एसएलसी नपुगुन्जेल, कोही पनि अनुत्तीर्ण नहुने भए।



२०६६ सालको एसएलसी परीक्षामा अङ्ग्रेजीमा १५, गणितमा २० र विज्ञानमा ३० अङ्क प्राप्त गरेकी देवीमाया आचार्य शैक्षिक योग्यताका हिसाबले 'एसएलसी अनुत्तीर्ण' हुन्। यो पहिचान उनले कक्षा १० सम्म पढेको कुरा स्थापित गर्न पर्याप्त हुन्छ। अर्थात्; यसबाट उनी कक्षा १ देखि ९ सम्म मात्रै होइन, कक्षा १० को योग्यता (टेष्ट) परीक्षामा समेत उत्तीर्ण भएको निर्विवाद तथ्य स्थापित हुन्छ। तर, यथार्थ के भेटिन्छ भने उनी कक्षा ४, ५, ६, ७, ८, र ९ मा समेत ती विषयमा कमजोर, प्राय: अनुत्तीर्ण नै थिइन्। देवीमायाले पढेको विद्यालय नेपाल राष्ट्रिय निर्माण उमावि, मूलपानीको रोष्टर पल्टाएर हेर्दा कक्षा ४ देखि १० सम्म नै गणितमा ३२ अङ्क मात्र प्राप्त गरेको देखिन्छ। अङ्ग्रेजीमा ६ देखि माथिका सबै कक्षामा ३२ पाएकी छन्। विज्ञान विषयमा पनि उनी सधैँ कमजोर नै रहँदै आएकी थिइन्। *(हे. तालिका १)*

**१०० पूर्णाङ्कमा ३२ भनेको न्यूनतम उत्तीर्णाङ्क हो। निश्चित विषयमा हरेक कक्षाको परीक्षामा प्राप्ताङ्क ३२ देखिनुको अर्थ, सम्बद्ध विद्यार्थीलाई फेल गराउन नसकेर वा नचाहेर विद्यालय/शिक्षकले नपुग अङ्क थपिदिएको भन्ने हुन्छ।**

**तालिका-१: देवीमाया आचार्य**

| कक्षा | अङ्ग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी पूरक | २४ | १८ | |
| एसएलसी | १५ | २० | ३० |
| टेस्ट | २४ | ३२ | २४ |
| १० | २४ | २० | २० |
| ९ | ३३ | ३२ | ३२ |
| ८ | ३६ | ३२ | ४९ |
| ६ | २१ | १२ | ३८ |
| ५ | ४३ | ३२ | ३२ |
| ४ | ५२ | ३२ | ३२ |

३२ भनेको न्यूनतम उत्तीर्णाङ्क हो। निश्चित विषयहरूमा हरेक कक्षाको परीक्षामा प्राप्ताङ्क ३२ देखिनुको अर्थ, सम्बद्ध विद्यार्थीलाई फेल गराउन नसकेर वा नचाहेर विद्यालय/शिक्षकले नपुग अङ्क थपिदिएको भन्ने हुन्छ। देवीमायाको हकमा कक्षा ४ देखि नै यस्तो भएको देखिन्छ। एसएलसीको मौका परीक्षामा पनि उनले अङ्ग्रेजीमा २४ र गणितमा १८ अङ्क भन्दा बढी प्राप्त गर्न सकिनन्। परिणामत: उनी पहिलो पटक अनुत्तीर्णको अनुत्तीर्ण नै रहन पुगिन्; माथिल्लो कक्षामा जान पाइनन्।

अङ्ग्रेजीमा ३० र गणितमा १३ अङ्क ल्याएर एसएलसी अनुत्तीर्ण छेवाङ तामाङ पनि साना कक्षादेखि उत्तीर्ण भएरै कक्षा १० सम्म पुगेको मान्न कर लाग्छ। किनभने एसएलसी अनुत्तीर्ण भए पनि उनी त्यसभन्दा अघिका कक्षामा अनुत्तीर्ण भएको रेकर्ड कतै पाइँदैन। तर, अङ्ग्रेजी, गणित र विज्ञानमा साना कक्षादेखि नै उनी अनुत्तीर्ण हुँदै आएको तथ्य उनको प्राप्ताङ्कले देखाउँछ। कक्षा ५ को गणितमा ३२ अङ्क हासिल गरेका छेवाङले कक्षा ६ मा ३३, ८ मा ३२, ९ मा ३३, टेष्टमा ३२ अङ्क पाएका थिए। *(हे. तालिका २)*

यसैगरी, सुनमाया तामाङ, भीम तामाङ, रोजिना तामाङ, सन्तोष फुँयाल र राजकुमारी आचार्यको शैक्षिक योग्यता 'एसएलसी उत्तीर्ण' हो। एसएलसीको लब्धाङ्कपत्रले उनीहरूले अध्ययन गरेरै एसएलसी उत्तीर्ण गरेको देखाउँछ। तर, यथार्थ त्यस्तो छैन। स्कूलले प्रयोगात्मक परीक्षाको नाममा अङ्क थपेका कारण एसएलसी उत्तीर्ण हुन सफल यी छात्रछात्राहरू पनि प्रावि, निमावि र मावि तहमा अङ्ग्रेजी, विज्ञान र गणितमा अनुत्तीर्ण हुँदाहुँदै पनि कक्षा चढेको उनीहरूको कक्षागत प्राप्ताङ्कले देखाउँछ।

काठमाडौंको नेपाल राष्ट्रिय निर्माण उच्च माविका प्रअ मणिराम फुँयाल स्वीकार गर्छन्, "३२ अङ्क आएर उत्तीर्ण भएका विद्यार्थीहरू आफैं उत्तीर्ण भएका नभई कक्षा चढाइएका हुन्।" उनका अनुसार तल्ला कक्षामा तीन विषयसम्म लागेकालाई अङ्क थपेर कक्षा चढाइन्छ, एसएलसी वा टेष्टमा पुगेपछि ती असफल हुन्छन्। "तल्लो कक्षामा ३२ आएर उत्तीर्ण भएकाहरू अनुत्तीर्ण नै हुन्", प्रअ फुँयाल स्पष्ट्याउँछन्। तर माथिल्लो कक्षामा फेल भएर निराश हुनेहरूमध्ये अधिकांशलाई आफू तल्लो कक्षामा पनि फेल भएको थिएँ भन्ने थाहा हुँदैन। किनभने उनीहरूले परीक्षाफल थाहा पाउनुअघि नै विद्यालयले अङ्क थपथाप गरेर ३२ पुर्‍याइसकेको हुन्छ। थुप्रै सरकारी स्कूलमा परीक्षार्थी वा अभिभावकलाई परीक्षाको विवरण (लब्धाङ्कपत्र) दिने चलन पनि रहेको पाइँदैन। परिणामत: विद्यार्थीसँगै अभिभावकहरू पनि छोराछोरीको सिकाइ स्तर/उपलब्धिबारे अनभिज्ञ रहन्छन्।

### गणित/अङ्ग्रेजीको बोझ

गत वर्ष टेष्ट परीक्षामै असफल भएर कक्षा दोहोर्‍याइरहेकी गीतालाई *शिक्षक* प्रतिनिधिले अङ्ग्रेजीमा तिमी कति कक्षामा पढ्छ्यौ भन्ने प्रश्न सोध्दा उनको जवाफ थियो- "आइ एम टेन क्लास।" गीतालाई कक्षा १० को मात्र होइन, कक्षा ६ कै अङ्ग्रेजी पनि बुझ्न गाह्रो पर्छ। गणितमा पनि उनको आत्मविश्वास त्यतिकै कमजोर छ। गीता शारीरिक/मानसिक रूपमा निर्बल वा असक्त छैनन्। उनलाई अहिले कठिन लाग्ने विषय सानै कक्षादेखि नै कठिन लाग्थे, उनी यसै भन्छिन्। विद्यालयको पठन-पाठन कक्षागत, पाठगत तथा तहगत उद्देश्य अनुरुप हुन नसक्दा उनी खेलाँचीमै कक्षा १० सम्म पुगिन् र पहिलो पटक अनुत्तीर्ण भइन्। योग्यताको हिसाबले उनी अनुत्तीर्ण हुने शृङ्खला कक्षा ४, ५, ७, ८ र ९ देखि नै चल्दै आएको थियो। ती सबै कक्षामा उनी गणित र अङ्ग्रेजीमा अनुत्तीर्ण भएकी थिइन्। तैपनि कक्षा भने चढ्दै गइन्। अहिले विद्यालयले सञ्चालन गरेको विशेष कक्षा र 'ट्युसन' पढ्दै गरेकी भए पनि गीतालाई आउँदो टेष्ट र एसएलसी परीक्षा फेरि पनि पहाड बनेर उभिएको छ। साउन २०६७ मा स्कूलले लिएको पहिलो त्रैमासिक परीक्षामा उनी अङ्ग्रेजीमा र विज्ञानमा फेल भएकी थिइन्। गीता भन्छिन्, "विज्ञान त बरु घोक्न पनि सक्छु, गणित र अङ्ग्रेजी न घोक्दा हुन्छ, न पढ्दा बुझिन्छ।"

प्राथमिक तहमै सिक्नुपर्ने कुरा नसिकी

**उदार कक्षोन्नतिका कारण प्रअ तथा शिक्षकहरू कक्षाको पठनपाठन राम्रो पार्ने, परीक्षा प्रणालीलाई चुस्त र प्रभावकारी तुल्याउने अनि बालबालिकाको नियमित रूपमा सही मूल्याङ्कन गर्नुपर्ने दायित्वबाट स्वतः मुक्त भएका छन् ।**

तालिका-२: छेवाङ तामाङ

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी | ३० | १३ | ३९ |
| टेस्ट | २४ | ३२ | २४ |
| १० | ३० | ८ | २४ |
| ९ | ४१ | ३३ | ३२ |
| ८ | ३७ | ३२ | ३१ |
| ६ | ३२ | ३३ | ३२ |
| ५ | ४० | ३२ | ४० |
| ४ | ३५ | ३६ | ३८ |
| ३ | ५० | ४६ | |
| २ | ४९ | ४० | |
| १ | ४२ | ३६ | |

कक्षा १० मा पुगेका कारण गीतालाई अङ्ग्रेजी, गणित र विज्ञानका सामान्य कुरा पनि कठिन लाग्नु स्वाभाविक देखिन्छ । तर उनको लागि सबैभन्दा अप्ठ्यारो कुरा भएको छ, समाज र उमेर । न त उनी ५-६ कक्षामा फर्किन सक्छिन्, न १० कक्षाको पाठ नै बुझ्न । साँच्चै दयनीय लाग्छ गीताको यो अवस्था ।

टेष्टमा फेल भएर गीतासँगै कक्षा दोहोऱ्याइरहेका नवीन अवाल पनि अङ्ग्रेजी, गणित र विज्ञान अनुत्तीर्ण हुँदाहुँदै पनि कक्षा १० मा पुऱ्याइएका छात्र हुन् । उनी $(a+b)^2$ = के हुन्छ भन्ने प्रश्नको जवाफ सङ्कोच नमानी दिन्छन्, '$(a^2+b^2)$' । उनीसँगै बसेका अर्का छात्र निर्मल राईले उक्त प्रश्नको जवाफ $a^2+2ab+b^2$ भनेपछि उनले 'ए हो र !' भने ।

कठिन विषयका पाठहरू छिटो-छिटो अघि बढाइने गरेको, सम्बन्धित विषयका शिक्षकले आफू कमजोर भएकाले कम चासो दिने गरेको तथा घरमा नजानेको विषय सिकाउन सक्ने कोही नभएकाले सानैदेखि अङ्ग्रेजी र गणितमा आफू कमजोर भएको नवीनको कथन छ । टेष्ट अनुत्तीर्ण भएपछि पढाइमै दत्तचित्त भएको बताउने नवीन साउन २०६७ मा भएको पहिलो त्रैमासिक परीक्षामा फेरि पनि गणित (१५), अङ्ग्रेजी (२०) र विज्ञान (२३) मा अनुत्तीर्ण नै भए । विद्यालयको रेकर्डले उनी यी विषयमा कक्षा १०, ९, ८, ६, ५, ४ र ३ मा अत्यन्त कमजोर अर्थात् अनुत्तीर्ण रहँदै आएको देखाउँछ ।

सानै कक्षादेखि अनुत्तीर्ण हुँदै आएका गीता र नवीनलाई आफू तल्ला कक्षामा कुन- कुन विषयमा फेल भएँ, कुन कुन विषयमा कमजोर थिए भन्ने थाहा छैन । उनीहरू दुवैलाई गणित, विज्ञान र अङ्ग्रेजीमा उत्तीर्ण भएरै १० कक्षामा पुगेको लाग्छ । तर यथार्थ तिनले अनुमान गरेको जस्तो छैन । तीन विषयसम्म लाग्नेलाई पास गर्ने स्कूलको नीतिका कारण मात्रै उनीहरू पास भएका थिए । स्कूलको लेजरबाट यी छात्रछात्रको कक्षागत शैक्षिक प्राप्ताङ्क निकाल्न *शिक्षक* प्रतिनिधिलाई सहयोग गर्ने नेपाल राष्ट्रिय निर्माण उमावि, मूलपानीका शिक्षक राजु सिम्खडाको कथन थियो, "३५ भन्दा कम आएर उत्तीर्ण हुनेहरू कोही पनि उत्तीर्ण होइनन्; सबैजना स्कूलले अङ्क थपेर पास गराएका हुन् ।"

तल्लो तहदेखि नै नजानी नजानी माथिल्लो कक्षामा उकालिएका अनि एसएलसी 'फेल' भएर निराश हुने धेरैजसो विद्यार्थी सरकारी स्कूलमै भेटिन्छन् । ललितपुरको मदन स्मारक उमाविकी कृति श्रेष्ठ एसएलसी फेल भएको पीडाबाट मुक्त हुन पढाइ नै छाड्ने विद्यार्थीकी प्रतिनिधि हुन् । २०६६ सालको एसएलसीमा गणितमा १४ आएर फेल भएकी कृतिको त्यही विषयको मौका परीक्षामा पनि १७ कटेन । दुई पटक एउटै विषयमा असफल भएपछि कृतिको औपचारिक अध्ययन यात्राले विश्राम लिएको छ । सतहमा हेर्दा कृतिले एसएलसी जाँचका नियमित र मौका परीक्षामा सोधिएका गणितका प्रश्नपत्रको समाधान गर्न नसक्नु उनी 'फेल' हुनुको एक मात्र कारण देखिन्छ । तर उनी गणितमा प्राविदेखि नै कमजोर थिइन् । *(हे. तालिका ३)*

मदन स्मारक उमाविकी प्रअ मोहनलक्ष्मी शाक्य भन्छिन्, "अनुत्तीर्ण छात्रछात्रालाई पनि कुनै कक्षामा नरोक्ने गरिएकाले कमजोर समेत उत्तीर्ण हुने गरेका छन् । तर, त्यस्ता विद्यार्थी टेष्ट र एसएलसीमा पुगेर पछारिइहाल्छन् ।"

२०६६ सालको एसएलसी जाँचमा सहभागी सिन्धुलीको जनता उमावि, चन्दनपुरका तेजनारायण थारू पाँच विषयमा अनुत्तीर्ण हुन् । उनको अङ्ग्रेजीमा २४, गणितमा २४, विज्ञानमा १९, सामाजिक अध्ययन तथा सिर्जनात्मक कलामा २७ र नेपाली विषयमा २१ अङ्क आएको छ । पाँच विषयमा 'फेल' भएकोले उनले एसएलसी मौका परीक्षामा सहभागी हुने अवसर त पाएनन् नै; फेरि कक्षा दोहोऱ्याएर जाँच दिने आँट पनि गर्न सकेका छैनन् । कक्षा ६ बाट अध्ययन शुरु गरेका तेजनारायणलाई विद्यालयले सधैं आँखा चिम्लिएर उत्तीर्ण गराउँदै एसएलसी जाँचमा सहभागी हुने अवसर दियो । एक वर्षअघि कक्षा ९ को वार्षिक परीक्षामा चिट चोर्न नपाउँदा थारू आफ्नो उत्तरपुस्तिका च्यातेर परीक्षाबाट बाहिरिएका थिए । उक्त विद्यालयका शिक्षक गणेश थापा भन्छन्, "एसएलसीमा राम्रो गर्ने छात्रछात्रा सानै कक्षादेखि राम्रा छन् भने एसएलसी फेल हुनेहरू तलैदेखि फेल हुँदै माथि पुग्ने गरेका छन् ।"

२०६६ को एसएलसी जाँचमा सहभागी भएकी सोममाया मगरको स्थिति पनि थारूको जस्तै छ । एसएलसीमा अङ्ग्रेजीमा १९, गणितमा ५, विज्ञानमा १८, नेपालीमा २२ र सामाजिक अध्ययन तथा सृजनात्मक कलामा २० अङ्क मात्र प्राप्त भएपछि उनको एसएलसी पास हुने धोको अधुरै रह्यो । उनी प्राविबाट अनुत्तीर्ण भए पनि उनलाई स्कूलले अङ्क थपेर पास गर्दै आएको थियो । 'फेअर' जाँच हुने र सही मूल्याङ्कन गर्ने हो भने सोममाया कुनै पनि विषयमा उत्तीर्ण हुनसक्ने देखिँदैन । तर कमजोर छात्रछात्रालाई 'फेल' पार्दा अभिभावक, शिक्षा अधिकारी र स्वयं छात्रछात्राबाट दबाब आउने हुँदा

पाँच विषयमा फेल हुनेलाई पनि पास पार्नुपर्ने बाध्यता रहेको सम्बद्ध प्रअ तथा शिक्षकहरूको कथन पाइन्छ ।

केही स्कूल भने अपवाद पनि भेटिन्छन् । धनकुटाको सदरमुकामबाट करिब ४० किलोमिटर उत्तरमा रहेको सरस्वती उमावि चानुवाले फेल भएकालाई पास गर्नुपर्ने स्थितिमा सुधार ल्याउनका निम्ति कमजोरलाई फेलै पार्ने गरेको छ । स्कूलको काममा मङ्सिरको दोस्रो साता काठमाडौं आएका उक्त स्कूलका प्रअ रुद्रबहादुर विश्वकर्मा भन्छन्, "अरू विद्यालयबाट कक्षा ६ मा भर्ना हुन हामीकहाँ आउनेलाई प्रवेश परीक्षा लिने गरिएको छ, कमजोरलाई कक्षा ९ भन्दा तलै रोक्छौं ।" नजान्नेलाई फेल पार्न खोज्दा अभिभावकबाट दबाब आउने भएकाले प्रअले स्कूलको व्यवस्थापन समितिबाट नजान्नेलाई कक्षा नचढाउने निर्णय गराएका छन् । "जाँच कडा हुन्छ, कमजोरलाई कक्षा चढाइन्नँ", उनले *शिक्षक* प्रतिनिधिलाई भने ।

माथिल्लो कक्षामा राम्रो अङ्क ल्याउने छात्रछात्रा चाहिँ साना कक्षादेखि राम्रो नतिजा ल्याउन सफल भएको पाइन्छ । नेपाल राष्ट्रिय निर्माण उमावि मूलपानीमा कक्षा ९ मा अध्ययन गरिरहेका निर्मल राईको नतिजा खेलाउँदा कक्षा १ देखि अङ्ग्रेजी, गणित र विज्ञानमा प्रथम श्रेणीभन्दा बढीको नतिजा हासिल गरेको पाइन्छ । *(हे. तालिका ४)* कमजोर र सबल छात्रछात्राले सानो कक्षादेखि हासिल गर्दै आएको अङ्क अध्ययन गर्दा ठूलो कक्षामा फेल भएका विद्यार्थी सानो कक्षामा पनि फेल हुँदै आएका छन् भने ठूलो कक्षामा राम्रो गर्ने उम्दा छात्रछात्राको विषयगत जग सानै कक्षादेखि बलियो रहँदै आएको छ ।

**तालिका–३: कृति श्रेष्ठ**

| कक्षा | गणित |
|---|---|
| एसएलसी (पूरक) | १७ |
| एसएलसी | १४ |
| टेष्ट | ३३ |
| ९ | ३२ |
| ८ | ३६ |
| ७ | ३२ |
| ६ | ३२ |
| ५ | ३२ |
| ४ | ३२ |

**ठूलो कक्षामा फेल भएका विद्यार्थी सानो कक्षामा पनि फेल हुँदै आएका छन् भने ठूलो कक्षामा राम्रो गर्ने उम्दा छात्रछात्राको विषयगत जग सानै कक्षादेखि बलियो रहँदै आएको छ ।**

**तालिका–४: निर्मल राई**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| ८ | ८७ | ९६ | ९३ |
| ७ | ८५ | ८२ | ८६ |
| ६ | ६७ | ६२ | ५२ |
| ५ | ८१ | ९० | ८८ |
| ४ | ८६ | ५९ | ८१ |
| ३ | ९८ | ७६ | |
| २ | ८८ | ७७ | |
| १ | ९६ | ९६ | |

## यस्तो किन ?

कमजोर विद्यार्थी सिकाइका चरणबद्ध खुट्किला पार नगरी माथिल्लो कक्षामा पुग्नुमा कसलाई जिम्मेवार मान्ने ? स्कूलका सरोकारवालैपिच्छे यसको फरक-फरक जवाफ आउने गर्छ । प्रअ/शिक्षकहरू विद्यार्थीले मेहनत नगरेको तथा अभिभावकले छोराछोरीको पढाइमा चासो नदिएको जवाफ दिन्छन् भने विद्यार्थी चाहिँ या आफ्नो दिमागलाई दोष दिन्छन् या शिक्षकले राम्रोसँग नपढाएको आरोप लगाउँछन् । शिक्षा अधिकारीहरू भने 'फेल' विद्यार्थी माथिल्लो कक्षामा पुग्नुमा स्कूल र अभिभावकलाई जिम्मेवार देख्छन् । समस्याबाट उम्किन शिक्षक-सरकार-विद्यार्थी र अभिभावकबीच आरोप-प्रत्यारोपको यस्तो शृङ्खला चले पनि अनुत्तीर्णलाई कक्षा चढाउनुमा शिक्षा मन्त्रालयले लिएको 'उदार कक्षोन्नति' (लिबरल प्रोमोसन) नीतिको गलत बुझाइ र प्रयोग मुख्य कारक रहेको पाइन्छ । सरकारले कक्षा ३ सम्मका लागि लिएको उक्त नीतिलाई सरकारी स्कूलले कक्षा १० सम्मै लागू गरेको पाइन्छ । शिक्षा अधिकारी, विनि, स्रोतव्यक्ति लगायतले सरकारी विद्यालयका प्रअ तथा शिक्षकहरूलाई विद्यार्थी फेल नगर्न निर्देशन दिने गरेकाले पनि आधारभूत कुरा नै नसिकेका धेरै विद्यार्थीले एसएलसीमा वा टेष्टमा पुगेर असफलता व्यहोर्नु परेको देखिन्छ ।

उदार कक्षोन्नतिलाई निहुँ बनाएर थुप्रै स्कूलका प्रअ तथा शिक्षकहरूले कक्षाको पठनपाठन राम्रो पार्ने, परीक्षा प्रणालीलाई चुस्त र प्रभावकारी तुल्याउने अनि बालबालिकाको नियमित रूपमा सही मूल्याङ्कन गर्नुपर्ने दायित्वबाट आफूलाई स्वत: मुक्त गरेको भान हुन्छ । स्कूलले आफैं पास गरिदिने भएपछि 'मेरा बच्चालाई किन फेल पारेको मास्टरसाहेब' भन्दै सोधखोज गर्ने अनि 'छोरीको यसपालि विवाह गर्नुछ, पास गरिदिनुपर्‍यो' भन्दै स्कूल धाउने अभिभावकहरूको दबाब एवं गुनासो पनि प्रअ तथा शिक्षकहरूमा कम हुँदै गएको छ । 'फलानो स्कूलमा त विद्यार्थी फेल हुन्छन्' भन्ने अवगालबाट जोगिन र स्कूलको 'पब्लिक इमेज' राम्रो देखाउन पनि कतिपय स्कूलले उदार कक्षोन्नति सम्बन्धी अवधारणाको दुरुपयोग गरेको पाइन्छ ।

यसरी तहगत सिकाइको नियम उल्लङ्घन गरेर अनुत्तीर्णलाई पनि माथिल्लो कक्षामा पठाइदिने कतिपय सरकारी विद्यालयहरूको प्रवृत्तिले लाखौं बालबालिका र किशोर-किशोरीहरूको भविष्य धरापमा पारेको स्पष्ट हुन्छ । उदार कक्षोन्नतिको आशय अबोध बालबालिकालाई 'फेल' को बिल्ला भिराएर कुण्ठित पार्नुहुँदैन भन्ने सम्म हो । त्यसको मनसाय 'पढाउँदै नपढाऊ, योग्यता नै नजाँच, विद्यार्थीको पढाइ र व्यवहारलाई वास्तै नगर तर माथिल्लो कक्षामा चाहिँ चढाइदेऊ' भन्ने कदापि हुनसक्दैन ।

*(यस अध्ययनका थप तालिका पृष्ठ २५ र २६ मा)*

विश्लेषण

डा. विद्यानाथ कोइराला



# के बन्ने साक्षी कि शिक्षक ?

**हामी 'गोठाला' भयौं । बाली खान नदिने । घाँस पनि नदिने । खाओ भनिरहने । खानुपर्नेले उग्राए पनि हुने । चपाए पनि हुने । चरे पनि हुने । हामी उसलाई हेरिरहने ।**

### जन्मने र जन्माइने क्षमता

*रत्नसागर* हिन्दूको धार्मिक किताब हो । त्यसले लेख्यो–बुद्धि नहुने व्यक्ति हुन्न । औषधि नहुने बोटबिरुवा हुन्न । त्यो किताबले भन्यो– सबै बुद्धिमान छौं । क्षमतावान छौं । जात हुनु गौण हो । जाति हुनु गौण हो । लिङ्ग पनि गौण हो । विषयवस्तु गौण हो । गणितमा बुद्धि छैन । नि:शब्द । अङ्ग्रेजीमा बुद्धि छैन । नचाहिने कुरा । विज्ञानमा बुद्धि छैन । असम्भव । यस अर्थमा जेमा पनि बुद्धि छ । त्यसो भए हो के त ? *रत्नसागर* कै शब्दमा एउटै रोगको औषधि त हैन नि । एउटै क्षमताको बुद्धि त होइन नि । अर्को शब्दमा क्षमता भिन्न छ । औषधि लाग्ने ठाउँ भिन्न छ । यही प्रश्न हो– के हामी शिक्षकले यो कुरा बुझ्यौं त ? छेवाङको गणितीय बुद्धि के हो ? विज्ञानीय बुद्धि के हो ? अङ्ग्रेजीय बुद्धि के हो ? भिन्नता के छ ? सन्तोष, राजकुमारी र नवीनको बुद्धिमा के समता छ ? के भिन्नता छ ? के हामी शिक्षकले यस्तो कुराको खोजी गर्‍यौं त ?

रूसोले भनिदिए– म ज्ञाता जन्मिएँ । शिक्षकले मलाई भुत्ते बनाइदिए । यसको अर्थ हो– प्रकृतिले ज्ञानवान जन्मायो । शिक्षकले तिखारेन । बोध्यायो । समालोचनात्मक चिन्तकको शब्दावलीमा औसतीकरण (averagization) गर्‍यो । उसले पढेथ्यो शिक्षाले व्यक्तिको क्षमता प्रस्फुटन गर्छ । उल्टै प्रस्फुटित क्षमतालाई शिक्षकले भुत्ते पो बनायौं । गीता र सिर्जनाको त्यही हालत भयो । किनभने उनीहरूका अङ्कले हाम्रो अपराध झल्क्यायो । यो स्थितिमा रूसो पढेर रूसैलाई अन्याय गर्‍यौं । विद्यार्थी पढेर विद्यार्थीलाई नै अत्याचार गर्‍यौं । हिन्दू पुर्ख्यौली शब्दावलीमा प्रारब्ध कर्म (innate ability) लाई सञ्चित कर्म (acquired ability) ले छोप्यौं । यहाँ शिक्षक ढक्कन भयौं । दायित्व थियो उघार्ने । लायौं ढक्कन ।

नेपोलियनले भने– 'मलाई असल आमा देऊ । म असल सन्तति दिन्छु । ' उनको सोच थियो– म बनाउन सक्छु । आमा दत्तक हुन् । बच्चा सिर्जित । निर्मित । यहींनेर अर्को प्रश्न आयो– आर्जित क्षमताको । क्षमता आर्जिने रहेछ । बनाइँदो रहेछ । वातावरणविद्ले त्यसै भने । व्यवहारवादीले त्यसै भने । यस अर्थमा शिक्षकले भीम र रोजिनालाई बनाएनौं । वातावरण दिएनौं । अभ्यस्त गराएनौं ।

माथिका तीनवटै अनुच्छेदले एकसाथ भने– प्रतिभा जन्मँदो रहेछ । जन्माइँदो रहेछ । जन्मँदा निर्मल राई भएर । जन्माउने तागत शिक्षकमै नभएर । त्यसो भए हामी शिक्षक कसका भयौं ? जन्मजात प्रतिभावानको ? भिन्नै प्रतिभा हुनेहरूको ? हाम्रै मापो (measuring rod) को ? अरू कसैको ?

### तथ्याङ्कीय लेखाजोखा

छेवाङहरूको तथ्याङ्कले भन्यो– शिक्षकले प्रतिभा थपेन । ऊ व्यवहारवादी होइन रहेछ । वातावरणवादी होइन रहेछ । ऊ त यथास्थितिको हेरालु रहेछ । कक्षा १ मा आर्जेको क्षमता एसएलसीमा पुग्दा स्थिर राख्न जान्ने । घटाउन जान्ने । बढाइहाले पनि तात्विक वृद्धि गर्न नजान्ने । अङ्ग्रेजीमा त्यस्तै । विज्ञानमा त्यस्तै । गणितमा त्यस्तै । त्यसो भए हामी निर्मल राईका शिक्षक हौं त ? राम्रालाई मात्रै राम्रा बनाउनेहरू ? त्यसो भए राम्रा आफैं बने कि हामीबाट बनाइए ? आफैं बनेका भए तिनलाई हाम्रो के काम ? बनाइएका छौं भन्ने भए– हामी थप्न नसक्ने रहेछौं । कमजोरलाई बुद्धि थप्न नसक्ने । तीक्ष्णलाई तल झार्न नसक्ने । त्यसो भए शिक्षक यथास्थितिवादी हौं त ? छेवाङहरूलाई कमजोर नै बन्न दिने । निर्मलहरूलाई असल नै बन्न दिने ? यस अर्थमा हामी बोर्ज्यूले भने झैं व्यवहार गर्छौं त ? नहुनेलाई कमजोर शिक्षा दिइरहने । हुनेहरूलाई राम्रो गरायौं भनेर आत्मरति गरिरहने । यस अर्थमा हामी शिक्षकहरू प्रणालीगत पक्षपाती (systemically biased) हौं त ? बनाउन नसक्नेहरू । स्वनिर्मितलाई बनायौं भन्न नछाड्नेहरू ? के हाम्रो नियति यही हो त ? नियत त्यही हो त ? के जवाफ दिने निर्मललाई ? के जवाफ दिने छेवाङ र सिर्जनालाई ? के

भन्ने गीता र रोजिनालाई ?

तथ्याङ्ले अर्को पाटो जन्मायो। शिक्षण निष्पक्ष हुँदोरहेछ। थप्न पनि नसक्ने। झिक्न पनि नसक्ने। नथपिएकोमा शिक्षार्थीलाई दोस्याउने। थपिएकोमा श्रेय लिन जान्ने। के शिक्षा त्यही हो त ? के हामीले गरेको कुरा यही हो त ? के शिक्षकको भूमिका यस्तै हुन्छ त ? उत्तर 'हो' मा आयो भने हामीले पढाउनु बेकार भयो। हामी 'गोठाला' भयौं। बाली खान नदिने। घाँस पनि नदिने। खाओ भनिरहने। खानुपर्नेले उग्राए पनि हुने। चपाए पनि हुने। चरे पनि हुने। हामी उसलाई हेरिरहने। यदि यसो हुन्छ भने हामीले सामाजिक भलाइको सिद्धान्त (social good theory) काट्यौं। चिन्तकलाई फेल बनायौं। समालोचनात्मक सिद्धान्त (critical theory) लाई पोस्यौं। अर्थात् हामी असमानताका स्रष्टा बन्यौं। द्रष्टा बन्यौं। हामीले आफूलाई रुपान्तरक भन्न नसक्ने भयौं। प्रगतिशील भन्न/भनाउन नमिल्ने भयौं। हामी मूकदर्शक बन्यौं। महाभारतका भीष्म जस्ता। सल्लाह दिने। नसुनिने। आफैंमा छटपटाउने। के हामी शिक्षक भीष्मपार्टी हौं त ? हैनौं भने तथ्याङ्ले प्रश्न उठायो– किन शिक्षक लाचार बन्यो ?

**सामाजिक भलाइको सिद्धान्तले भन्छ– शिक्षकले थप्न सक्छौं। हामी यो सिद्धान्तका पक्षधर हौं भने थपौं। अनि भनौं– छेवाङको गणितीय क्षमता यो थियो। मैले यो थपें। विज्ञानीय सीप यो थियो; यो जोडें। अङ्ग्रेजीय सीप यो थियो यो हालें।**

## उपाय छ त ?

सिद्धान्त र अनुभव दुवैले बाटो दिएका छन्। सामाजिक भलाइको सिद्धान्तले भन्छ– शिक्षकले थप्न सक्छौं। हामी यो सिद्धान्तका पक्षधर हौं भने थपौं। अनि भनौं– छेवाङको गणितीय क्षमता यो थियो। मैले यो थपें। विज्ञानीय सीप यो थियो; यो जोडें। अङ्ग्रेजीय सीप यो थियो यो हालें। यसरी सोच्दा प्रत्येक विद्यार्थीको प्रोफाइल बन्छ। सीपको प्रोफाइल। थपिएको तागतको प्रोफाइल। अन्ततोगत्वा पोर्टफोलियो हुन्छ। विद्यार्थीपिच्छेको। कक्षापिच्छेको। विषयपिच्छेको। के हामी शिक्षकले त्यसो गर्न हो ?

व्यहवारवादी सिद्धान्तले भन्छ– शिक्षकले अभ्यस्त बनाउन सक्छ। दश बज्दा स्कूल आउने अभ्यस्तता। चार बज्दा घर जाने अभ्यस्तता। यी अभ्यस्तता हामीले धेरै ठाउँमा गरेका छौं। गणित पढाउँदा सूत्र सिकाएर। अङ्ग्रेजी पढाउँदा 'ड्रिल' गराएर। विज्ञान पढाउँदा प्रयोगात्मक काम गराएर। प्रदर्शन गरेर। हाम्रो प्रयासले भन्छ– हामी बनाउन सक्छौं। अभ्यास गराउन सक्छौं। त्यसैको प्रायोगिक (applicability) उद्यत गर्छौं। यसो गर्दा पनि हामीले व्यक्तिमा थपिएको कुरा खोज्छौं। दाम्लो नलाउँदा पनि गाई आफ्नो थलोमा बस्यो भने जस्तो। त्यसो हुँदा भन्नुपर्ने भयो– भीममा यो बानी बस्यो। रोजिनामा यो बानी घट्यो। नवीनमा यो बानी थपियो। राजकुमारीमा यो बानी सुध्रियो। गणित सिक्नमा। विज्ञान बुझ्नमा। अङ्ग्रेजी जान्नमा। सामाजिक भलाइवादीले खोजे झैं यो वादीले पनि पोर्टफोलियो खोज्छ। शिक्षकपिच्छेको पोर्टफोलियो। एउटै पोर्टफोलियोमा विभिन्न शिक्षकले लेख्ने फोल्डर। अर्को पाटो पनि हुनसक्छ– विद्यार्थीको रिपोर्टकार्ड। पारिवारिक रिपोर्टकार्ड। प्रश्न कार्डवाहकको हो। कसलाई वाहक बनाउने ? शिक्षकले कार्ड राख्ने ? विद्यार्थीलाई दिने ? अभिभावकलाई दिने ? स्थानीय सरकारले लिने ? वा अन्य कुनै संस्थालाई जिम्मा लगाउने ? स्कूल स्वयंले राख्ने ? यसमा छलफल हुनसक्छ। तर गर्न सकिने सम्भावना छ।

**तालिका ५: सुनमाया तामाङ**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी | २४ | ३३ | २४ |
| टेस्ट | २७ | ३२ | २४ |
| १० | २६ | ३७ | २३ |
| ९ | ३१ | २४ | २७ |
| ८ | ४० | ४० | ४७ |
| ६ | ३२ | ४० | ३५ |
| ५ | ३२ | ३९ | ४३ |
| ४ | ५० | ४१ | ४० |
| ३ | ६२ | ४० | |
| २ | ८४ | ५२ | |
| १ | १८ | १९ | |

**तालिका ६: भीम तामाङ**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी | २४ | ४२ | २४ |
| टेस्ट | २४ | ३२ | २४ |
| १० | १८ | २१ | १३ |
| ९ | ३३ | ३३ | ३३ |
| ८ | ३५ | ३६ | ४७ |
| ६ | ३२ | ४५ | ३७ |
| ५ | ३२ | ३८ | ३७ |
| ४ | ४२ | ३९ | ३३ |
| ३ | ५४ | ६६ | |
| २ | ५८ | ५२ | |
| १ | ४९ | ३७ | |

**तालिका ७: रोजिना तामाङ**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी | २७ | ३२ | ३० |
| टेस्ट | २४ | ३३ | २४ |
| १० | २६ | १७ | २६ |
| ९ | ३७ | २७ | २८ |
| ८ | ४४ | ३२ | ४७ |
| ६ | ३६ | ३३ | ३३ |
| ५ | २५ | २१ | २५ |
| ४ | ४७ | ३२ | ३६ |
| ३ | ३२ | १४ | |
| २ | ४१ | ३९ | |
| १ | ३७ | ४८ | |

# विश्लेषण

**तालिका ८: सन्तोष फुयाल**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| एसएलसी | २७ | ३२ | ३८ |
| टेस्ट | २४ | ३२ | २८ |
| १० | २६ | २७ | २८ |
| ९ | ३७ | २९ | २९ |
| ८ | ४४ | ३२ | ४८ |
| ६ | ३६ | ३२ | ३२ |
| ५ | २५ | ३५ | ५१ |
| ४ | ४७ | ३२ | ४४ |
| ३ | ३२ | ५३ | |
| २ | ४१ | ६४ | |

**तालिका ९: गीता खनाल**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| टेस्ट | १९ | ४ | २४ |
| १० | ३४ | २३ | ३५ |
| ९ | ३७ | ३३ | ३३ |
| ८ | ३६ | ३२ | ४८ |
| ६ | ३२ | ३२ | ३२ |
| ५ | ३२ | ३२ | ३७ |
| ४ | ३२ | ३२ | ४३ |
| ३ | ५८ | ५४ | |
| २ | ४४ | ३६ | |
| १ | ६० | ९१ | |

**तालिका १०: नविन अवाल**

| कक्षा | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|
| टेस्ट | ३२ | १२ | ११ |
| १० | २० | १५ | २३ |
| ९ | ४० | ३२ | ५६ |
| ८ | ३६ | ३२ | ४७ |
| ६ | ३२ | ३३ | ३६ |
| ५ | ३२ | ३२ | ४१ |
| ४ | ३८ | ३२ | ३२ |
| ३ | ३२ | ३५ | |
| २ | ६२ | ३८ | |
| १ | ५२ | ४३ | |

अभ्यासवादी सिद्धान्तले पनि माथिकै कुरालाई स्वीकार्छ । सकार्छ । फरक हुन्छ– अभिभावकले राखे–डायरी बन्छ । विद्यार्थीले राखे रिपोर्ट कार्ड । शिक्षकले राखे लगबुक । विद्यालयले राखे प्रगति तेरिज । स्थानीय सरकारले राखे जनशक्तिको क्षमता । यस अर्थमा सम्भव काम हो । शायद निरन्तर मूल्याङ्कन प्रणाली (contineous assessment system-CAS) ले त्यही खोजेथ्यो । हामी शिक्षकले त्यसलाई रीति बनाइदियौं ।

सहज प्रायोगिक ढङ्ग पनि छ । शिक्षकको आत्मगत डायरी लेखन । डायरीमा लेख्ने– छेवाङले अनुवादबाट भाषा सिके । मैले सह-सिकाइ विधि अपनाएँ । उनी फसे । त्यही विधि देवीमायालाई बेकम्मा सावित भयो । नवीनलाई भने जुन विधि पनि उत्तिकै उपयोगी रहेछ । अर्को दिनको डायरीमा लेख्ने– मैले साइनबोर्डबाट विज्ञान सिकाएँ । अक्षर लेखनको विज्ञान । रङरोगनको विज्ञान । 'डिकोरेशन' को विज्ञान । सन्देशको विज्ञान । मापोको विज्ञान । यो सिकाइले छेवाङलाई सजिलो भयो । देवीमायालाई अप्ठेरो । किन यसो भयो ? यो प्रश्नको उत्तर खोज्न मैले इन्टरनेट हेरेँ । अरूसँग सोधेँ । किताब पढेँ । पत्रिका खोजेँ । अन्त्यमा मैले बुझेँ– सिकाइ व्यक्तिगत हुँदोरहेछ । शिक्षण सामूहिक । त्यसैले विद्यार्थी फँस्दोरहेछ । शिक्षक बेकामे हुँदोरहेछ । त्यसो भए बाटो के त ? यो प्रश्नले मलाई छोडेन । अन्त्यमा आफैं उत्तर आयो– मेरो शिक्षण औसतलाई रहेछ । औसत तलका र औसत माथिकालाई मैले छुट्टै शिक्षण विधि खोज्नुपर्ने रहेछ । भनाइको अर्थ हो– शिक्षकको प्रत्याभूति (self-reflection) यही प्रायोगिक औषधि हो । द्रष्टा (revealer) बन्ने उपक्रम हो । के हामी शिक्षक त्यता मोडिन्छौं त ? मोडिए हामीले विद्यार्थीमा थप्न सक्छौं । नमोडिएमा औसतमा रमाउँछौं । विशेष क्षमतावाला आफैं बन्छन् । कमजोरवाला त्यस्तै रहन्छन् । के त्यही अपराध कर्ममा रम्ने त ?

आदर्शवादी दर्शनले भन्छ– हामी थप्न सक्छौं । प्रकृतिवादी दर्शनले भन्छ– हामी सहजीकरण गर्न सक्छौं । व्यवहारवादी दर्शनले भन्छ– हामी उत्प्रेरित गर्न सक्छौं । यथार्थवादी दर्शनले भन्छ–हामी जोड्न सक्छौं । अभ्यस्तवादी दर्शनले भन्छ– हामी बानी लाउन सक्छौं । तर स्कूले नतिजाले भन्यो– हामीले गरेनौं । त्यसैले दर्शनहरूलाई न्याय गर्ने हो त ? नगर्ने हो भने हामी शिक्षक रहेनौं । रक्षक बन्यौं । साक्षी रक्षक । हाम्रो पेशाको धर्मभन्दा भिन्न । सोच्ने कि ?




# नेपाल टेलिभिजनको साँढे दुई दशक
# नेपालमा टेलिभिजन प्रसारणको पच्चीस वर्ष

Silver Jubilee Year 2010

विश्वसनीय समाचार

भाषिक-सांस्कृतिक विविधताको सजीव तस्बिर

स्वस्थ मनोरञ्जन

स्वतन्त्र आमसञ्चार: बहुलवादको प्रतिबिम्ब

समग्र नेपालको आवाज

नेपाली टेलिभिजन च्यानहरूबीचको प्रतिस्पर्धामा अग्रणी, अगुवा र अथक

# के गर्नु यस्तो समिति ?

मतौलिहवा, कपिलवस्तुको बुद्ध पद्म उमाविको कक्षा १० मा पढ्छु। २०६७ मङ्सिरको *शिक्षक* मासिकमा विद्यालय व्यवस्थापन समिति सम्बन्धी टिप्पणी पढेपछि मलाई पनि केही कुरा लेख्न मन लाग्यो।

विद्यालय व्यवस्थापन समितिका समस्या थुप्रै हुन सक्छन्; तर यहाँ मैले देखेका, सुनेका र जानेका समस्या मात्र उल्लेख गर्ने कोशिश गरेको छु।

विद्यालय भनेको सबैलाई अँध्यारोबाट उज्यालोतर्फ लैजाने एउटा पथप्रदर्शक हो। विद्यालयले विद्यार्थीहरूलाई मेहनती, लगनशील, परिश्रमी, उत्तरदायी बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ। विद्यालयमा कुनै किसिमको राजनीति हुनुहुँदैन। यो ज्ञान आर्जन गर्ने थलो मात्र हुनुपर्छ। विद्यालयमा प्रवेश गरेपछि न कोही धनी, न त कोही गरीब नै हुन्छ। त्यहाँ जात, धर्म, लिङ्ग, पेशाको आधारमा समेत भेदभाव हुनुहुँदैन। यदि विद्यालय नै स्वार्थी भइदियो भने सारा विद्यार्थीहरू कहाँ जाने ?

तर आजको नेपालमा ठीक यसको विपरीत हुँदैछ। विद्यालयमा राजनीतिक चहलपहल बढेको छ। मैले नै देखेको घटनाको बारेमा उल्लेख गर्दैछु– जब म कक्षा आठमा हुँदा हाम्रो विद्यालयमा व्यवस्थापन समितिको चुनाव भएको थियो। त्यहाँ विभिन्न पार्टीहरूले उम्मेदवार उठाएका थिए। अभिभावकहरूसँग आ-आफ्नो मान्छेलाई भोट दिन भनिरहेका थिए। तर त्यस प्रकारको चुनावबाट असल व्यक्तिको सट्टा त सबैका आआफ्ना मान्छे पो छानिँदा रहेछन्। अनि विद्यालयको मुहार कहाँबाट बदलियोस् ? विद्यालय सपार्न त राम्रो अध्यक्ष र योग्य प्रधानाध्यापक पो चाहिन्छ।

यतातिर विद्यालयमा व्यवस्थापनको कुनै नियम पालना भएको नै पाइँदैन।सरकारबाट तलब खाने शिक्षकहरू विद्यालयमा नियमित उपस्थित हुँदैनन्; भएकामध्ये कति त विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर नै दिन सक्दैनन्। मासिक रूपमा तलब खाएर पनि विद्यालयमा उपस्थित नहुनु अति लाजमर्दो कुरा हो। हाम्रै विद्यालयको कुरा गरौं न ! खेलकुदका सामग्रीको अभावले गर्दा राष्ट्रपति कपमा राम्रो नतिजा आएन। सरसफाईको मामिलामा पनि उस्तै छ। शिक्षकहरूको शौचालय अलग छ र बाँकी बन्द रहने भएकाले विद्यार्थीहरू बाहिर जान बाध्य हुन्छन् जसबाट विद्यालयको वातावरण नै प्रदूषित हुने गरेको छ। खानेपानीको समस्या पनि उस्तै छ। पुस्तकालय भए पनि त्यो कोठामा घण्ट जस्तो ताल्चा झुण्डाइएको हुन्छ। प्रयोगशालामा चाहिने सामग्रीको अभावले गर्दा विज्ञान केही बुझ्न सकिँदैन। सबै मौखिक रूपमा पढाइ हुन्छ।

यी सबै कमीकमजोरी विद्यालय व्यवस्थापन समितिको हो। यदि त्यो समितिले असल तरिकाले आफ्नो कार्य गरेमा यस्तो प्रकारको समस्या आउँदैथ्यो होला। गएको वर्ष हाम्रो विद्यालयबाट एकै महिनामा पाँच वटा साइकल चोरी भए। ती सबै गरिब किसानका छोराछोरीका थिए। तर साइकल चोरी गर्ने मानिसलाई विद्यालयले समात्न सकेन। अब त विद्यालयमा साइकल राख्न पनि विद्यार्थीहरू डराउने गर्दछन्। हालसालैको कुरा हो; गरीब, जेहेन्दार, आदिवासी, जनजातिका लागि नेपाल सरकारबाट विद्यालयमा केही रकम आयो। तर हरेक विद्यार्थीलाई रु.१७०० को कागजमा हस्ताक्षर गराएर रु.८५० दिइयो। मैले पनि बाध्य भएर १७०० को कागजमा हस्ताक्षर गरेर रु.८५० बुझें। पछि सबै कुरा दाइलाई भनें। दाइले फोन गरेर सोध्नुभयो, “किन १७०० रुपैयाँको कागजमा हस्ताक्षर गराएर रु.८५० मात्र दिएको ?” प्राचार्यज्यूले भन्नुभयो, “समितिबाट यस्तै नियम लागू भएको छ।” यस्तो संवेदनशील मामिलामा पनि समितिले आफ्नो स्वभाव देखाएरै छाड्यो। सरकारबाट विद्यार्थीलाई दिएको आधा जति रुपैयाँ समितिले कता के गऱ्यो थाहै भएन। यस्तो प्रवृत्तिबाट विद्यालय कसरी उन्नत हुन सक्छ र ? अरूलाई उज्यालो बाटो देखाउने तर आफू चाहिँ पछाडितिर हट्दै जाने प्रवृत्ति सरकारी विद्यालयमा आएको छ। विद्यालय व्यवस्थापन समितिका मान्छेहरू विद्यालय कहिल्यै पनि आउँदैनन्। विद्यालयमा के कस्तो प्रकारको पढाइ चल्दैछ भन्ने कुरामा वास्ता गर्दैनन्। कमसेकम हप्तामा समितिका मानिसहरू आएर विद्यालयको हालखबर लिएको भए आज हाम्रो विद्यालयको अवस्था कहाँ पुग्थ्यो होला ?

विद्यालयमा कहिलेकाहीँ चक समेत अभाव हुने गर्दछ। सामाजिक विषयको पढाइ हुँदा नक्सा हेरेर पढ्न पाइँदैन। आवश्यक मात्रामा बेन्च, डेस्क पनि छैनन्। कति जना त बेन्च नपाएर झ्यालमा समेत बस्ने गर्दछन्। विद्यालय भवन कच्ची छ। सानै भूकम्प आएमा भवन भत्किएर सबै विद्यार्थी च्यापिने अवस्था छ। तर व्यवस्थापन समितिका कुनै पनि सदस्यले यस्ता कुरामा ध्यान दिइराखेका छैनन्।

**हरेक विद्यार्थीलाई रु.१७०० को कागजमा हस्ताक्षर गराएर रु.८५० दिइयो। मैले पनि बाध्य भएर १७०० को कागजमा हस्ताक्षर गरेर रु.८५० बुझें। पछि सबै कुरा दाइलाई भनें। दाइले फोन गरेर सोध्नुभयो, “किन १७०० रुपैयाँको कागजमा हस्ताक्षर गराएर रु.८५० मात्र दिएको ?” प्राचार्यज्यूले भन्नुभयो, “समितिबाट यस्तै नियम लागू भएको छ।” यस्तो संवेदनशील मामिलामा पनि समितिले आफ्नो स्वभाव देखाएरै छाड्यो।**

तर अघिपछि कहिल्यै नआउने समितिका मानिसहरू विद्यालयमा केही रकम आएको चाल पाउने बित्तिकै आउन थाल्छन्। के यस्तै प्रवृत्तिबाट विद्यालय सञ्चालन हुन्छ ?

कक्षा आठसम्म नि:शुल्क शिक्षा प्रदान गर्ने नेपाल सरकारबाट नियम लागू भएको छ तर पनि विद्यालयमा परीक्षा शुल्कको माध्यमबाट रकम लिने गरिन्छ। विद्यालयमा बालबालिकाको लागि खाजाको व्यवस्था गरियोस् भनेर सरकारले रकम पठाएको हुन्छ तर यो रकम त्यसै गायब हुने गर्दछ। विद्यालय जस्तो पवित्र ठाउँमा भ्रष्टाचार नहुनुपर्ने हो, तर प्रत्यक्ष/अप्रत्यक्ष माध्यमबाट भ्रष्टाचार भइरहेको छ। अनि जति भ्रष्टाचार भए पनि यसको बारेमा खोजतलास लिने कुनै निकाय नै छैन। विद्यालय व्यवस्थापन गर्ने जिम्मा पाएको समितिले आफ्नो कर्तव्य पालना गर्न सक्दैन भने राज्यस्तरबाटै समितिको लागि नीति, नियम र कानुन बनाउनुपर्छ। छानबिन गर्नुपर्छ। राज्यले यस्तो नीति अपनाएन भने हाम्रा सरकारी विद्यालय झन् अधोगतितिर लम्किँदै जानेछन्।

विद्यालय ज्ञानको ज्योति फैलाउने साझा थलो हो। यो कुनै व्यक्तिको होइन। हामी विद्यार्थीहरू यो साझा फूलबारीका फूल हौं। यो फूलबारी संरक्षण गर्ने काम समितिको हो। त्यसैले समितिले आफ्नो कर्तव्य पूरा गर्नैपर्छ। यदि विद्यालयलाई असल ढङ्गबाट सञ्चालन गर्न सकिँदैन भने त्यस्ता समितिहरू अलग हुनुपर्छ तर विद्यार्थीको भविष्यमा खेलबाड गर्नुहुँदैन। समितिका मान्छेहरू इमानदार भएर लाग्ने हो भने विद्यालयको पर्यावरण नै बदलिन सक्छ। तर समितिका मान्छेमा विद्यालय कुन तरिकाबाट सञ्चालन गर्न सकिन्छ भन्ने ज्ञान हुनैपर्छ। निरक्षर, अनपढ मान्छेहरू छन् भने त त्यस्तो समितिले कसरी विद्यालय सञ्चालन गर्छ र ? विद्यालय उचित र न्यायपूर्ण ढङ्गले सञ्चालन गर्नको लागि शिक्षित र त्यागी व्यक्तिकै खाँचो पर्छ।

अन्त्यमा, विद्यालय जस्तो संवेदनशील क्षेत्रमा राजनीति, भ्रष्टाचार जस्ता कार्यहरू नगरिदिनुहुन अनुरोध गर्दछु। विद्यालयको सुरक्षा र सरसफाईमा पनि ध्यान दिनुपर्छ। समितिका मानिसहरूले हप्ताहप्तामा विद्यालयको हालखबर लिइराख्नुपर्छ। शिक्षकहरूले आफ्नो कार्य ठीक तरिकाले गरिरहेका छन् कि गरेका छैनन् भनेर अवलोकन गर्नुपर्छ। विद्यालयमा आवश्यक मात्रामा खेलकुदका सामग्रीहरू, विज्ञानका सामग्री, एटलस आदि उपलब्ध हुनुपर्छ। सबैभन्दा मुख्य कुरा विद्यालयलाई शान्त, स्वतन्त्र, निडर क्षेत्रको रूपमा घोषित गरिनुपर्छ। विद्यार्थीलाई मर्का पर्ने कुनै पनि कार्यहरू गर्नुहुँदैन। विद्यालयमा फूलबारी पनि बनाउनुपर्छ। विद्यालयको वातावरण शान्त, हराभरा, स्वतन्त्र हुनुपर्छ।

विद्यालयबाट विद्यार्थीहरू अपहरण हुने आपराधिक क्रियाकलापलाई समितिले पूर्ण रूपमा रोक्न सक्नुपर्छ। अबोध बालबालिकलाई अपहरण गर्नेहरूलाई ठूलोभन्दा ठूलो सजाय दिनुपर्छ। 📖

**आधुनिक चौधरी**
बुद्ध पद्म उमावि, तौलिहवा-५, कपिलवस्तु

# हानाहान चाहिं नगरून् !

आजको युग प्रतिस्पर्धाको युग हो। तर दुर्भाग्यवश असल काममा प्रतिस्पर्धा गर्ने थोरै र गलत काममा धेरै हुन थालेको छ। जसरी भए पनि म नै अघि बढौं भन्ने भावना सबैमा जस्तै विद्यालयमा पनि देखिन्छ। विद्यालय व्यवस्थापन समितिको गठनमा पनि यो भावनाको छाप परेको पाइन्छ। सकभर आफ्नो पार्टीका मान्छे भरेको र नसके बाँडचुँड गरेको जतातते देखिन्छ।

मेरो विचारमा वि.व्य.स. गठन गर्दा त्यो व्यक्ति स्कूलप्रति कति प्रतिबद्ध छ भन्ने कुरा हेर्नु पर्छ। मलाई लाग्छ, वि.व्य.स. सदस्यले सके बेलाबखत पढाउने, खेलको ज्ञान हुनेले खेल खेलाउने, गीत संगीत सिकाउने, कथा सुनाउने वा अरु कुरा सिकाउने गरे कस्तो हुँदो हो ? पढाउन नसक्नेले बगैंचा बनाउने, चन्दा दिन सक्नेले विद्यालयको कोष बलियो बनाउने गरे पनि हुन्छ। विद्यायललाई चम्काउन खोज्ने सक्रिय व्यवस्थापन समिति निर्माण हुन सके त शिक्षा राम्रो हुने थियो, योग्य र दक्ष जनशक्ति तयार हुन्थे नेपाल साँच्चै नै स्वर्ग हुन्थ्यो होला जस्तो लागिरहन्छ।

मलाई त विद्यालय व्यवस्थापन समितिका कम्तीमा एकजना सदस्यले दिनहुँ विद्यालयको रेखदेख गर्नुपर्छ जस्तो लाग्छ। कुन शिक्षक नियमित उपस्थित हुन्छ, कुन हुँदैन। विद्यालयमा पठनपाठन कार्य सुचारु रुपले चलेको छ/छैन भन्ने कुरा हेरेर राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था, नराम्रो काम गर्नेलाई दण्ड दिनसक्ने, सबैलाई समान व्यवहार गर्ने, सही मूल्याङ्कन गर्न सक्ने, समिति र आफ्नो कर्तव्यपालनमा जुनसुकै परिस्थितिमा पनि पछि नहट्ने, निडर, साहसी, दक्ष, निपुर्ण, अनुशासित, विद्यालयको हितमा काम गर्न सक्ने, लोभलालचमा नबिक्ने वि.व्य.स. गठन हुनैपर्छ भन्ने मेरो धारणा छ।

यसरी वि.व्य.स. ले विद्यालयमा सबै सक्रिय रुपले काम गराउन सके सही काम गर्ने र पठनपाठनमा चासो राख्ने शिक्षकलाई पनि हौसला मिल्छ। वि.व्य.स. ले राम्रोसित शिक्षकको मूल्यांकन गरे शिक्षकहरूको जाँगर बढेर जान्छ।

विद्यालय व्यवस्थापन समितिको पदमा बस्न चुनाव हुने गर्दछ। चुनाव राम्रो कुरा हो। तर कुनै पारिश्रमिक नपाउने पदाधिकारीहरूको चुनावमा हानाहाना/कुटाकुटको स्थिति आएको देख्दा मलाई उदेक लागेर आउँछ । लाग्छ, यदि व्यवस्थापन समितिमा तलब समेत तोकिएको भए त झन् के हालत हुन्थ्यो होला ? 📖

**फाल्गुना दाहाल**
नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली

# राम्रो समिति, राम्रो स्कूल

*शिक्षक* मासिक २०६७ मङ्सिरमा साभार गरिएको 'द लेजर'को सम्पादकीय अंश र त्यसै पृष्ठमा *शिक्षक* मासिकले राखेको विद्यालय व्यवस्थापन समिति सम्बन्धी विचार वा प्रस्ताव अत्यन्त समसामयिक र सान्दर्भिक छ।

शिक्षा प्रणालीमा भित्रिएको अन्धाधुन्द राजनीतिकरणले नै नेपालको शिक्षा व्यवस्था/विकासमा विकराल समस्या खडा गरेको कुरा सबैसामु छर्लङ्ग छ। यति हुँदाहुँदै पनि हाम्रा दलहरू सकेसम्म विद्यालय क्षेत्रमा आफ्नो हालीमुहाली जमाउन कसरत गरी नै रहेछन्। शिक्षाबाट राजनीति मात्र छिकिदिने हो भने हाम्रा शैक्षिक समस्या, विकृति, विसङ्गतिहरू आधा घटेर जान्छन्।

विद्यालय व्यवस्थापन समिति नै त्यस्तो निकाय हो जसले विद्यालयसँग सीधा सरोकार राख्छ तर अधिकांश विद्यालयमा यस्ता वि.व्य.स.हरू पनि छन् जसलाई आफ्नो दायित्व, काम, कर्तव्य र अधिकारको ज्ञानै छैन र जान्न पनि चाहँदैनन्। विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापनमा सुधार ल्याउन वि.व्य.स.ले नै महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हो तापनि विविध कारणले वि.व्य.स.बाट विद्यालयले अपेक्षित योगदान, सहयोग पाउन सकेका छैनन्।

### दलीय स्वार्थ/राजनीतिक केन्द्रीयता

*शिक्षक* मासिकले उठाएको प्रसङ्गलाई पर्गेल्ने हो भने वि.व्य.स.मा छिर्न राजनीतिक बलको भरपुर प्रयोग गर्ने र छिरेपछि अराजक बितण्डा मच्चाउने काम पनि वि.व्य.स.हरूले गर्ने गरेको पाइन्छ। यस्ता हर्कतहरू विद्यालय संरचना, सङ्गठनमा मात्र होइन समग्र शिक्षा प्रणालीका लागि समेत घातकसिद्ध भएको छ। *शिक्षक* मासिकले उठाएको नेपालगञ्जको घटना-प्रसङ्ग मात्र होइन; केही समयअघि दोलखाको मृगेमा पनि वि.व्य.स. चुनाव प्रचारको क्रममा एकजनाको ज्यान गएको थियो। अरू सामान्य घटनाहरूको उल्लेख त गरेर साध्यै छैन। ज्यानै जाने/लिनेसम्मका यस्ता हर्कतहरू विद्यालय जस्तो पवित्र संस्थामा किन हुन्छ त? यसको मुख्य कारण दलहरूले विद्यालयमा गर्न चाहेको राजनीति नै हो। आफ्नो दलका कार्यकर्ता अध्यक्ष वा अन्य पदमा छिराउनै पर्ने, छिराउन नसकेमा वा नसक्ने भएमा व्यक्ति-हत्यासम्मको जघन्य अपराध दलहरूकै निर्देशनमा भइरहेको छ। शिक्षामा राजनीति गर्नुहुँदैन भनेर ठूलो-ठूलो स्वरमा भाषण गर्ने तर व्यवहारमा ठीक उल्टो गर्ने नेताहरूको द्वैध चरित्रको कारण विद्यालय/शिक्षा क्षेत्र दिनानुदिन धरासायी बन्दै गएको छ। यस्तो मारमा संस्थागत भन्दा सामुदायिक विद्यालयहरू बढी परेका छन्।

### शिक्षक राजनीति

शिक्षकहरूको कारणले पनि विद्यालयमा वा वि.व्य.स.मा राजनीतिकरण भएको छ। शिक्षकले नै दलको प्रतिनिधिको जस्तो भएर सक्रिय राजनीति गरिरहेको पाइन्छ। कुनै पनि दलको तल्लो तहको बैठक, सम्मेलनदेखि माथिल्लो तहको अधिवेशन, महाधिवेशनमा समेत शिक्षक दलको बिल्ला भिरेर, झोला बोकेर, प्रतिनिधि, पर्यवेक्षक, निर्णायक मण्डलमा रहने मात्र होइन उम्मेदवारसमेत बनेका छन्। शिक्षण पेशाप्रतिको यो हदैसम्मको उपहास हो।

# विकल्पः सिफारिस समिति

विकराल समस्याको रूपमा रहेको विद्यालय व्यवस्थापन समिति सम्बन्धी समस्या समाधान गर्नको लागि मेरो सुझावः

१. निर्वाचन प्रक्रियाद्वारा गरिने विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई मौजुदा शिक्षा ऐन तथा नियमावलीबाट तत्काल हटाई तपसिल बमोजिम गरिनुपर्छ।

- प्रत्येक गाविसमा गाविस प्रमुख र नगरपालिकामा वडा प्रमुखको संयोजकत्वमा विद्यालय व्यवस्थापन सिफारिस समिति गठन गरिनुपर्छ। सो समितिमा सबै राजनीतिक दलका एक-एक जना स्थानीय प्रतिनिधि र गाविस/वडाभित्रका सबै विद्यालयका प्रधानाध्यापकहरू सदस्य अनि सम्बन्धित स्रोतव्यक्ति सदस्यसचिव रहने व्यवस्था गर्नुपर्छ।
- विद्यालय व्यवस्थापन सिफारिस समितिले अघिल्लो व्यवस्थापन समितिको पदावधि सकिनु भन्दा एक महिना अगावै विद्यालय सेवा क्षेत्रभित्रका अभिभावकहरूबाट पूरै प्यानलसहितको प्रस्ताव आह्वान गर्ने व्यवस्था गरिनुपर्छ। प्राप्त प्रस्तावहरूमध्ये सिफारिस समितिले उत्कृष्ट प्रस्ताव छनोट गरी शैक्षिक सत्र शुरु भएको पन्ध्र दिनभित्र अनुमोदनको लागि जिल्ला शिक्षा समितिमा पठाउने र जिल्ला शिक्षा समितिले शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र अनुमोदन गरी सोको जानकारी विद्यालयलाई दिने व्यवस्था गरिनुपर्छ।
- आह्वान गरेबमोजिमको प्रस्ताव नआएको खण्डमा सिफारिस समितिले नै निर्णय गरी एक शैक्षिक सत्रको लागि व्यवस्थापन समितिको गठनको लागि जिल्ला शिक्षा समितिमा प्रस्ताव पेश गर्ने व्यवस्था गरिनुपर्छ।
- कुनै विद्यालय व्यवस्थापन समितिले कबुल गरेका प्रस्ताव अनुसार काम गर्न नसकी विद्यालयको व्यवस्थापन लगायतका अन्य पक्षहरूमा नकारात्मक असर परेमा सिफारिस समितिको सिफारिसमा सो समिति भङ्ग गरी अर्को समिति

विद्यालयमा फरक विचारका शिक्षकहरू हुन सक्छन्, हुन्छन् । त्यस्तो विचार संघ, सङ्गठन वा युनियनमा राख्न सकिन्छ । तर शिक्षक आफैं आफूनिकट व्यक्तिलाई वि.व्य.स.मा ल्याउन पदीय दायित्व बिर्सेर प्रचार/प्रसारमा लाग्छन् । शिक्षक आफैंले आफ्नो दायित्व र दायरा बुझेर यस्तो कार्य नगर्नुपर्ने हो । तर सँगै यस्तो कार्य गर्न/गराउन बाध्य पनि बनाइएको छ । फरक दल वा विचारको मानिस वि.व्य.स.मा आयो भने शिक्षक आफैं धरापमा पर्न सक्छ । अवकाश दिने, म्याद थप नगर्ने, बेलामा तलब नदिने जस्ता काम पनि हुन्छन् ।

शिक्षा नियमावलीमा भएको पहिलेको व्यवस्था अनुसार शिक्षक कुनै दलको सक्रिय सदस्य भएमा वा निर्वाचनमा दलको एजेन्ट बसेमा भविष्यमा योग्य/अयोग्य ठहरिने गरी नियुक्ति दिने अधिकारीले अवकाश दिनेसम्मको व्यवस्था भएकोमा संशोधित नियमावलीमा सो प्रावधान हटाइएको छ । त्यसबाट पनि शिक्षकलाई राजनीति गर्न ढोका खुल्ला भएको छ ।

## वि.व्य.स. चयन सम्बन्धी व्यवस्था

विद्यालय व्यवस्थापन समिति चयन सम्बन्धी शिक्षा नियमावलीमा भएको व्यवस्था (अध्यक्षको लागि) वैज्ञानिक र व्यावहारिक छैन । अध्यक्ष हुनका लागि अभिभावक बन्नैपर्ने बाध्यताले नक्कली अभिभावक बन्न प्रेरित गरेको छ । जो अभिभावक छैन तर ऊ विद्यालयप्रति अत्यन्त सकारात्मक छ, पहिला पनि ठूलो योगदान गरेको थियो, अध्यक्षको लागि ऊ नै उत्तम व्यक्ति छ तर ऊ अध्यक्ष बन्न सक्दैन । ऊ चयन प्रक्रियाभित्रै छिर्न सक्दैन । त्यसैले नियमावलीमा भएको यो प्रावधान हटाउनुपर्छ ।

जो राजनीतिमा हनुमानभक्त भई लागेको छ, ऊ अभिभावक पनि छ, विद्यालयमा राम्रो काम गर्ने अन्तर-इच्छा पनि छैन, ऊ नै अध्यक्ष बन्ने सम्भावना छ । त्यस्ता व्यक्तिबाट विद्यालयको हित, शैक्षिक सुधार हुनै सक्दैन । उसले छोटे राजनीति गर्न र छिर्के हान्न मात्र जानेको हुन्छ । पढाइ र स्पष्ट दृष्टिकोण पनि हुँदैन । त्यस्ताले शिक्षकलाई गाली, धक्की दिन मात्र जान्दछन् ।

## निष्कर्ष

*शिक्षक* मासिकले उठाएकै समस्या औसत विद्यालयहरूले भोगिरहेका छन् । अध्यक्ष बनेको छ तर निरक्षर छ वा थोरै साक्षर छ । अब उसले कक्षा निरीक्षण, अवलोकन, मूल्याङ्कन, पृष्ठपोषण के दिन सक्छ ? यदि यसो गर्न सक्छ भने पनि, शिक्षक पारिश्रमिक लिन्छ वि.व्य.स.लाई विना पारिश्रमिक त्यसो गर पनि भन्न सकिंदैन । थोरै भए पनि अध्यक्षलाई वैतनिक बनाइयो भने ऊ काम गर्न बाध्य हुन्छ । वि.व्य.स. निशर्त सेवामुखी निकाय भए पनि त्यसले श्रम गर्ने गरी समय दिन सक्दैन ।

कानुनमै विद्यालय व्यवस्थापन समितिका योग्य सदस्य/अध्यक्षलाई पनि विना पारिश्रमिक विद्यालयमा काम लगाउन सकिंदैन; किनभने सीप भएको मान्छे त आफैं कमाउन जान्छ, कहाँ विद्यालयको आरो-गाह्रो, फर्निचर, बगैंचा स्याहारेर बस्छ ? खेलमा पोख्त रहेछ भने आफैं खेलाडी बन्न जान्छ । सङ्गीत जान्नेले आफैं दुई पैसा कमाउँछ । तसर्थ योग्यता र सीप भएकाहरूलाई वि.व्य.स.मा भित्र्याउने हो भने-

- विद्यालयमा राजनीति बन्द गर्नुपर्छ ।
- पदाधिकारीलाई पारिश्रमिक दिनुपर्छ ।
- आवश्यक तालिमको व्यवस्था गर्नुपर्छ ।
- राम्रा मान्छे ल्याउन समुदायले नै भूमिका खेल्नुपर्छ ।

**माधव सयपत्री**
सिद्धेश्वर प्रावि, फुलासी-५, रामेछाप

गठनको लागि सिफारिस गर्न सक्ने व्यवस्था गरिनुपर्छ ।

२. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी प्रक्रियालाई शैक्षिक सत्रको अन्तिम महिना र शुरु महिना गरी जम्मा दुई महिनाभित्रमा टुङ्ग्याइनुपर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्छ ।

३. मौजुदा शिक्षा ऐनमा रहेको पदेन सदस्यको ठाउँ सुरक्षित नै राखिनुपर्छ ।

४. विद्यालयमा व्यवस्थापन समितिको लागि छुट्टै कार्यालय कोठाको व्यवस्था गरिनुपर्छ र सो कार्यालय विद्यालय खुलेका दिन अनिवार्य रूपमा खुल्ला हुनुपर्छ । व्यवस्थापन समितिका पदाधिकारीहरूमध्ये कम्तीमा एक जना पालैपालो कार्यालयमा आई विद्यालयका दैनिक गतिविधिहरूलाई व्यवस्थित एवं प्रभावकारी बनाउन सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

५. विद्यालय व्यवस्थापन समितिले विद्यालयको विकास एवं सुधारको लागि गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक वर्ष शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र सम्बन्धित स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने व्यवस्था गरिनुपर्छ र सो कार्यको लेखाजोखा गर्ने कार्य सम्बन्धित स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई दिइनुपर्छ ।

६. विद्यालय सुधार सम्बन्धी सबभन्दा राम्रो काम गर्ने विद्यालयलाई थप आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै त्यस्ता विद्यालयका व्यवस्थापन समितिलाई जिल्ला एवं राष्ट्रिय तहमा सम्मानित गरिनुपर्छ ।

**धनबहादुर श्रेष्ठ**
पोखरे-५, खाल्टा, ओखलढुङ्गा
हालः जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु

**जानकारी:** ***'समाचार अमेरिकाको, सन्दर्भ नेपालको'*** **विषयमा अपेक्षाकृत अत्यन्त धेरै सहभागिता भएका कारण यो वहसको क्रमलाई आगामी अङ्कमा समेत जारी राख्ने निर्णय गरिएको छ । यसर्थ यस वहसका पुरस्कृत सहभागीको नाम पनि आगामी अङ्कमा नै सार्वजनिक गरिनेछ । -सं.**

सुरेशराज न्यौपाने

# 'आफैं उदाहरण बनौं'

## – प्राचार्य भीम सापकोटा

ललितपुर सैंबुका ईन्द्र शेर्पाले स्थानीय 'बोर्डिङ' मा पढिरहेका आफ्ना दुईवटी छोरीलाई नजिकैको आदर्श सौल युवक माविमा भर्ना गर्ने निर्णय गरेका छन् । उनले यो निर्णय 'बोर्डिङको फि' तिर्न नसकेर वा 'छोरीहरूलाई सरकारी स्कूलकै पढाइले पुग्छ' भनेर होइन, आदर्श माविले स्थापना गरेको आदर्शका कारण गरेका हुन् ।

हिजोआज सैंबु आसपासका निजी विद्यालयबाट छोराछोरी झिकेर आदर्शमा ल्याउने अभिभावक बढ्दै गइरहेका छन् । त्यहाँका केही बोर्डिङमा विद्यार्थी सङ्ख्या घट्नै थालेको छ । उता आदर्शमा भने सेक्सन थप्न भ्याई-नभ्याई छ । कक्षा ७ मा मात्र तीन वटा सेक्सन सञ्चालनमा छन् ।

सामान्यतया विद्यालय मूल्याङ्कनको आधार त्यहाँको भौतिक, शैक्षिक र अतिरिक्त क्रियाकलाप नै हो । आदर्श सौल युवक माविमा अङ्ग्रेजी माध्यममा पढाइ हुन्छ, प्राथमिक र माध्यमिक तहका गरी दुईवटा पक्की भवन छन्, खानेपानी र शौचालयको राम्रो सुविधा र खेल्न-उफ्रिन फराकिलो मैदान छ । विद्यालयको वातावरण सफा र स्वच्छ देखिन्छ । व्यवस्थित पुस्तकालय र राम्रै कम्प्युटर ल्याब पनि छ । एसएलसीको रिजल्टले पनि त्यहाँका शिक्षक दक्ष, कर्तव्य-परायण भएको देखाउँछ । गत वर्ष १०१ जनाले एसएलसी दिएकोमा ११ जना विशिष्ट श्रेणी, ५० जना प्रथम र ४० जना द्वितीय श्रेणीमा उत्तीर्ण भएका थिए । यो नतिजा राजधानीका नाम चलेका निजी विद्यालयहरूको सरह नै हो ।

यो विद्यालय समग्रमा राम्रो छ । शिक्षकले अथक् मेहनत गरेका छन् । व्यवस्थापन समिति पनि सहयोगी छ । तथापि मानिसहरू यसको सफलताको मूल श्रेय ५५ वर्षीय प्राचार्य भीम सापकोटाको नेतृत्वलाई दिन्छन् । तर यो रातारात भएको काम भने होइन ।

२०४१ सालमा अस्थायी शिक्षकका रूपमा भीम सापकोटा यो स्कूलमा आउँदा १५७ जन विद्यार्थी थिए । भौतिक पूर्वाधार भने त्यति विद्यार्थीलाई पुग्ने पनि थिएन । विद्यालय सबै दृष्टिले दयनीय अवस्थामा थियो । आएको ६ महिनामै उनको काँधमा प्रअ बनेर विद्यालय सम्हाल्ने जिम्मेवारी आइपर्‍यो । उनले त्यो जिम्मेवारीलाई जागिरका रूपमा भन्दा एउटा चुनौती, एउटा अभियान र एउटा आदर्शका रूपमा लिए । व्यवस्थापन राम्रो बनाए, आफूले गर्न चाहेको काम आफैंले गरेर सहकर्मी शिक्षकहरूका सामु उदाहरण बने । तर अरू कुरा जति नै राम्रो भए पनि अभिभावकलाई परिणाम चाहिन्छ भन्ने बुझेका



सुरेशराज न्यौपाने

सापकोटाको नेतृत्वमा शिक्षकहरूले परिणाममुखी प्रयत्न शुरु गरे ।

सापकोटा सरले सामान्यतया शहरबजारका शिक्षकहरूले नगर्ने एउटा आँटिलो काम गरे– आफ्ना दुवै छोरालाई आफ्नै विद्यालयमा पढाउन थाले । अरू शिक्षकहरूले पनि आफ्ना छोराछोरीलाई त्यहीँ पढाउन थालेपछि अभिभावकहरूमा विद्यालयप्रतिको विश्वास बढ्यो । एसएलसीको रिजल्ट राम्रो हुन थाल्यो र विद्यालयले समुदायमा प्रतिष्ठा आर्जन गर्न थाल्यो । 'मेरा छोराछोरी आदर्श युवकमा पढ्छन्' भन्दा अब बोर्डिङ पठाउन नसकेको होइन, विवेक पुऱ्याउन सकेको अर्थ लाग्न थाल्यो । यसरी विद्यालयको कायापलट भयो । राजधानीका कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घटेर विद्यालय नै बन्द भइरहेको अवस्थामा वरिपरि दर्जनौं बोर्डिङ स्कूलद्वारा घेरिएको आदर्शमा १२०० विद्यार्थी पढ्छन् ।

हाल उक्त विद्यालय परिसरमा मानविकी, व्यवस्थापन, विज्ञान र शिक्षामा 'प्लस टु' अध्यापन गराइन्छ भने स्नातक तहमा बीबीएस र बीएड । थपमा आमाहरूका लागि अनौपचारिक शिक्षा पनि शुरु गरिएको छ । हाल २०० जनाले उक्त कक्षा लिइरहेका छन् । आमाहरूले कक्षा लिन थालेपछि विद्यार्थीहरू गयल नहुने, गृहकार्य नियमित रूपमा गर्ने र उनीहरूका कापी-कलम र किताब ठीक अवस्थामा रहने गरेको थप फाइदा पनि अनुभव गरिएको छ । अभिभावकहरूबीच हुने गरेको नियमित अन्तरक्रियाका कारण पनि यो विद्यालयले समाजमा बेग्लै छाप बनाएको छ । ३४ जना असक्त विद्यार्थीहरूका लागि विशेष कक्षा पनि सञ्चालित छ ।

विद्यालयको पूरै जिम्मेवारी प्राचार्यमाथि केन्द्रित रहँदा धेरै समस्या देखिएको सापकोटा बताउँछन् । त्यसैले उनले विद्यालयमा पूरा अधिकारसहित कार्यविभाजन गरेका छन् । परीक्षा प्रमुख, शैक्षिक विभाग प्रमुख, अतिरिक्त क्रियाकलाप प्रमुख र अनुशासन विभाग प्रमुखहरू नियुक्त गरिएका छन् । पाठ्यक्रम, तालिम, शिक्षक नियुक्ति जस्ता विषयमा शैक्षिक विभागले निर्णय लिने गर्छ ।

विद्यालयको सफलता शैक्षिक नेतृत्वमा भर पर्छ भन्ने सापकोटाको मान्यता छ । उनी भन्छन्, "एक्लै खटेर मात्र हुँदैन, शिक्षकहरूको सिक्ने विधिलाई नै परिमार्जन गर्नुपर्छ ।" विद्यालयले नियमित मूल्याङ्कन प्रणाली (क्यास) अपनाएको छ । 'क्यास'का निम्ति २०-२५ अङ्क छुट्याइएको छ । 'क्यास' शुरु भएपछि अङ्क गुम्न सक्ने चिन्ताले विद्यार्थीहरू थप अनुशासित र नियमित भएको सापकोटाको अनुभव छ ।

आदर्शका यस्ता आकर्षणहरूका कारण आसपासका बोर्डिङहरूमा असर पर्नु स्वाभाविक थियो । १२ वटा स्थानीय बोर्डिङ सञ्चालकहरूले त प्राचार्य सापकोटालाई ज्ञापनपत्र नै बुझाए । ज्ञापनपत्रमा अरू गुनासो केही थिएन, 'बोर्डिङबाट सरेर आउनेहरूलाई पुरानो विद्यालयको शुल्क तिरेको पक्का गरेर मात्र भर्ना लिइदिने' अनुरोध थियो । सापकोटा भन्छन्, "सरकारी विद्यालयहरूलाई सङ्गठनहरूले राजनीति गर्ने माध्यम मात्र बनाए । राज्यले पनि शिक्षामा राजनीति गऱ्यो र त्यही कमजोरीलाई भजाएर बोर्डिङहरूले शिक्षाको व्यापार गर्न पाएका हुन् ।"

स्थानीय समुदायमा यो विद्यालयले पारेको सकारात्मक प्रभावका बारेमा कुरा गर्न धेरै अभिभावकहरू अघिसर्छन् । यहाँ छोराछोरी पठाउने अभिभावकसित मात्र होइन अहिलेसम्म

> **"बोर्डिङमा पढेका विद्यार्थी ब्रोइलर कुखुरा जस्तै हुन्छन्, जे दियो त्यही खाने तर सरकारी र सामुदायिक विद्यालयका विद्यार्थी 'लोकल' जस्ता हुन्छन्, आफैं खोस्रेर खाने ।"**
>
> – **इन्द्र शेर्पा**, अभिभावक



विक्रम राई

आफ्ना नानीहरूलाई त्यस विद्यालयमा पढाउन नपाएकाहरू पनि यस विद्यालयको प्रशंसा गर्छन् । सैंबुका इन्द्र शेर्पाले आफ्ना छोरीहरूलाई बोर्डिङबाट निकालेर यहाँ ल्याउने निर्णय गरिसकेका छन् । उनलाई बोर्डिङ पढ्ने आफ्ना नानीहरूभन्दा आदर्श सौलका विद्यार्थीहरू तीक्ष्ण र चनाखा देख्दा आफूले ठूलो गल्ती गरेको अनुभव भइरहेको छ । उनी भन्छन्, "बोर्डिङमा पढेका विद्यार्थी ब्रोइलर कुखुरा जस्तै हुन्छन्, जे दियो त्यही खाने तर सरकारी र सामुदायिक विद्यालयका विद्यार्थी 'लोकल' जस्ता हुन्छन्, आफैं खोस्रेर खाने ।"

यो सफलता र प्रतिष्ठाको जस अरूले आफूलाई दिए पनि प्राचार्य सापकोटा भने शिक्षकहरूको इमानदारीलाई यसको प्रमुख कारण ठान्छन् । उनी भन्छन्, "लक्ष्य हासिल गर्न शिक्षक नै मुख्य जिम्मेवार हुन्छ । हामी जुटेपछि सबै मिल्दै जान्छ । जो मान्छे जुन कामका लागि नियुक्त भएको हुन्छ, त्यही काम मात्र इमानदार ढङ्गले पूरा गरे पुग्छ ।"

सापकोटाका अनुसार प्राचार्य र शिक्षकहरू आफैं उदाहरण बन्न सक्नुपर्छ । आफ्नै छोराछोरीलाई समेत बोर्डिङ पठाउने शिक्षकहरूमाथि अभिभावकहरूले विश्वास गर्न नसक्ने सापकोटाको ठहर छ । उनका दुवै छोरा स्कूलदेखि क्याम्पससम्म यहीँ पढ्दै छन् । सापकोटा भन्छन्, "सरकारी विद्यालयहरूको छवि बिग्रनुमा हामी शिक्षकहरू पनि ७५ प्रतिशत जिम्मेवार छौं । हामीले सिकाउने प्रजातान्त्रिक संस्कार, जबकि हामीभित्र समस्या रहेको छ । त्यसैले आफू नसुध्रिएसम्म अरूलाई सुधार्न सकिँदैन भन्ने हामी शिक्षकहरूले हेक्का राख्न सक्नुपर्छ ।"

विद्यालयको मियोको रूपमा रहने प्राचार्यको छनोटमा व्यवस्थापन समिति उत्तिकै गम्भीर बन्नुपर्ने सापकोटाको सुझाव छ । उनी थप्छन्, "जहाँजहाँ कुशल नेतृत्व दिने प्राचार्य छन्, ती विद्यालयहरू गतिला भनेर चिनिएका छन् ।"

त्यसो त सरकारी विद्यालयहरू राम्रो वा नराम्रो हुनुमा स्थानीय अभिभावकहरू पनि उत्तिकै जिम्मेवार मानिन्छन् । अभिभावकहरूले घरछेउको विद्यालयप्रति चासो देखाएर आफ्ना नानीहरूलाई दुई घन्टाको मोटरदूरीमा पढ्न नपठाउने हो भने सरकारी विद्यालयहरूको स्तर तत्कालै बढ्ने सापकोटाको दाबी छ । भन्छन्, "सामुदायिक विद्यालय राम्रो बन्न सक्यो भने त्यो पुस्तौं पुस्ताको सम्पत्ति बन्न सक्छ भन्नेतर्फ अभिभावकहरूले पनि हेक्का राख्नुपर्छ ।"

सुदर्शन घिमिरे/प्रमोद आयाम

# उपलब्धि पछिपछि विसङ्गति अघिअघि

**विद्यार्थीको टाउका गनेर स्कूललाई अनुदान दिने गरी सरकारले तीन वर्षअघि सुरु गरेको 'प्रति विद्यार्थी अनुदान' (पीसीएफ)ले स्कूलमा शिक्षकको खाँचोलाई केही हदसम्म सम्बोधन गर्न खोजेको त देखिन्छ तर पर्याप्त अनुदान नपाउँदा स्कूलले त्यसबाट अपेक्षित लाभ पाउन सकेका छैनन् । अर्कोतिर, विद्यार्थी संख्या ढाँटेर बढी अनुदान लिन खोज्ने 'फुटको खेती' र भ्रष्टाचार स्कूल तहसम्मै संस्थागत हुने खतरा पनि बढ्दो छ ।**




रविन सायमी

- कैलाली जिल्लामा गत वर्ष प्राथमिक तहका ४०,५६४ र निम्नमाध्यमिक तहका २४,५९८ विद्यार्थीका लागि शिक्षक अपुग भए । प्रति विद्यार्थी लागत (पीसीएफ) अनुदानको प्रचलित मापदण्ड अनुसार ती विद्यार्थीका लागि शिक्षक व्यवस्था गर्न रु.२० करोड ९ लाख आवश्यक पर्थ्यो । तर, शिक्षा विभागबाट रु.५ करोड ४७ लाख मात्रै निकासा भएपछि जिशिकाले त्यही रकम स्कूलहरूलाई बाँडीचुँडी गर्‍यो ।
- जिल्ला शिक्षा कार्यालय, मकवानपुरले गत वर्ष प्राथमिक तहमा ८,५२९ र निम्नमाध्यमिक तहमा ८,३९१ जना विद्यार्थीका लागि शिक्षक व्यवस्था गर्न शिक्षा विभागसँग पीसीएफ अनुदान माग्यो । त्यस अनुरुप मकवानपुरले रु.६ करोड २८ लाख पाउनुपर्थ्यो । तर, विभागले रु.१ करोड ४६ लाख मात्रै निकासा दियो । जुन आवश्यक रकमको २३.३३ प्रतिशत मात्रै थियो ।
- शिक्षा विभागको पीसीएफ मापदण्ड अनुसार जिशिका, बझाङले गत वर्ष प्राथमिक तहका लागि एक विद्यार्थी बराबर रु.३,२१७ पाउनुपर्थ्यो । यस हिसाबले त्यहाँ रु.२ करोड १८ लाख जानुपर्ने थियो । तर, ६७९६ विद्यार्थीका लागि बझाङमा रु.६७ लाख १३ हजार मात्रै निकासा भयो । अर्थात् बझाङले एक विद्यार्थी बराबर रु.९८७.९ मात्रै रकम पायो ।

पीसीएफ अनुदानका सवालमा अन्य जिल्लाको अवस्था पनि कैलाली, मकवानपुर र बझाङको भन्दा भिन्न छैन। जिल्लाले पाएको अनुदान दरबाट नै स्कूलमा कसरी र कुन अनुपातमा रकम पुगेको छ भन्ने अनुमान लगाउन सकिन्छ। शिक्षा मन्त्रालयले अघिल्लो साल बनाएको *'पीसीएफ लागतका आधारमा शिक्षक व्यवस्थापन अनुदान कार्यान्वयन निर्देशिका, २०६६'* मा 'विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने, त्यसबाट दरबन्दी अभावबाट सिर्जित असरलाई कम गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने' लक्ष्य उल्लेख गरिएको छ। तर, माथिका दृष्टान्तलाई केलाउँदा हालको पीसीएफ कार्यान्वयन प्रक्रियाले सरकारी उद्देश्यसँग तादाम्य राखेको देखिँदैन। अर्थात् शिक्षकको सेवा पाउनबाट वञ्चित विद्यार्थीका लागि सरकारले पर्याप्त पीसीएफ अनुदान उपलब्ध गराउन सकेको छैन।

## अपर्याप्त बजेट

समुदायद्वारा व्यवस्थापनको जिम्मेवारी लिइएका र न्यूनतम शिक्षक सङ्ख्या नपुगेका स्कूलमा विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने गरी सरकारले आर्थिक वर्ष २०६४/६५ देखि पीसीएफ अनुदान शुरु गरेको हो। त्यस वर्ष प्राथमिक तहका लागि रु.३५ करोड अनुदान वितरण गरिएको थियो। दोस्रो वर्ष कक्षा ६ सम्म विस्तार गरेर अनुदान रु.७० करोड पुऱ्याइयो। पहिलेदेखि दिइँदै आएको राहत शिक्षक अनुदानमा अनियमितता हुन थालेपछि तेस्रो वर्ष अर्थात् २०६६/६७ मा सरकारले राहतको सट्टा पीसीएफबाटै शिक्षक अनुदान दिने नीतिगत निर्णय गऱ्यो। त्यस वर्ष पीसीएफ अनुदानका लागि रु.१ अर्ब छुट्याइएको थियो।

तर रु.१ अर्बले पनि निम्नमाध्यमिक तहसम्मको खाँचो धान्न नसक्ने स्थिति आएपछि शिक्षा विभागले विद्यार्थी सङ्ख्या बढी र कम देखिएका जिल्लामा फरकफरक परिमाणको अनुदान निकासा गऱ्यो। विद्यार्थीको अनुपात बढी भएका र कम भएका जिल्लालाई वर्गीकृत गरेर अनुदान पठाइएको थियो। विद्यार्थी सङ्ख्या बढी देखिएका जिल्लाको प्राथमिक र निम्नमाध्यमिक तहमा जिल्लाबाट मागिएको रकमको क्रमश: ४७ र १६ प्रतिशत अनुदान दिइएको थियो। यस्तै, कम विद्यार्थी सङ्ख्या देखिएका जिल्लामा क्रमश: ३० र १० प्रतिशत रकम मात्रै पठाइएको थियो।

अर्थात्, आवश्यक रकमको आधा हिस्सा पनि जिल्लाहरूमा पुग्नसकेको छैन। सरकारी अधिकारीहरू बजेट अभावकै कारण यसो गरिएको बताउँछन्। शिक्षा विभागको बजेट तथा कार्यक्रम शाखाका उपनिर्देशक दीपक शर्मा भन्छन्, "माग भए जति पीसीएफ अनुदान दिने हो भने लगभग रु.३ अर्ब आवश्यक पर्छ।" विभागले दातृ निकायको सहयोगमा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' शीर्षकबाट पीसीएफ अनुदान निकासा गर्दै आएको छ। गत वर्ष छुट्याइएको रु.१ अर्ब अपर्याप्त भएको तथ्य थाहा भए पनि सरकारले चालु आर्थिक वर्ष २०६७/६८ का लागि पनि त्यति नै रकम विनियोजन गरेको छ।

विद्यार्थी बढी भएका स्कूलमा नै बढी अनुदान जानुपर्ने 'प्रति विद्यार्थी लागत' (पीसीएफ) को अवधारणा हो। यस अनुसार, स्कूललाई मुख्य आधार मानेर अनुदान पठाउनुपर्ने हुन्छ। तर, बजेट अभावको कारण देखाएर विभागले जिल्लाको औसत शिक्षक-विद्यार्थी अनुपातलाई आधार बनाएर अनुदान पठाउने गरेको छ। यसले गर्दा विद्यार्थी सङ्ख्या बढी भएका स्कूलहरू मारमा पर्दै आएका छन्। ललितपुरको बुङ्मतीस्थित आदर्श सौल उमावि यसको एउटा उदाहरण हो। आदर्श सौलको निम्नमाध्यमिक तह (कक्षा ६-८) मा गत वर्ष ३८० जना विद्यार्थी थिए भने तिनलाई पढाउने दरबन्दीका शिक्षक चाहिँ पाँच जना। शिक्षक-विद्यार्थी अनुपात (१:४०) अनुसार पाँच जना शिक्षक २०० जना विद्यार्थीलाई ठिक्क भए पनि बाँकी १८० विद्यार्थीलाई शिक्षक सेवा पुगेको थिएन। त्यसबापत आदर्श सौलले रु.७ लाख पीसीएफ अनुदान पाउनुपर्थ्यो। तर, उसले जिशिकाबाट रु.७२ हजार मात्रै पायो। यति रकमले एक जना शिक्षकलाई पनि वर्षभरि तलब खुवाउन पुग्दैन। जिशिका, ललितपुरले निम्नमाध्यमिक तहका लागि विभागबाट जम्मा रु.७ लाख ४८ हजार मात्रै पाएको थियो। जिशिकाले उक्त रकम दामासाहीमा ३२ स्कूललाई बाँडेको थियो।

जिशिका, मकवानपुरले चाहिँ एउटा पनि दरबन्दी र राहत अनुदान नपाएका स्कूलहरूलाई प्राथमिकता दिएर अनुदान वितरण गऱ्यो। उपसचिव बद्री पाठकका अनुसार, दरबन्दी र राहत अनुदानबाट बञ्चित रहेका स्कूललाई तिनको मागको ६७ प्रतिशत रकम वितरण गरिएको थियो। यस्तै, पहिल्यै दरबन्दी र राहत अनुदान पाउँदै आएका स्कूललाई २२ प्रतिशत वितरण गरिएको थियो।

## समस्या अरू पनि छन्

अपर्याप्ततासँगै पीसीएफ अनुदान समयमै जिल्लामा अपुग्नु अर्को समस्या हो। सामान्यत: जुन आर्थिक वर्षका लागि अनुदान छुट्याइएको हो, त्यो अनुदान त्यही वर्षभित्रै प्रयोग हुनुपर्ने हो। तर, विभागले अनुदान निकासा नै ढिलो गर्ने गरेको छ। आर्थिक वर्ष २०६६/६७ को पीसीएफ अनुदान झण्डै एक वर्षपछि; अर्थात् २०६७ असारमा मात्रै निकासा भएको थियो। त्यो अनुदानलाई स्कूलले अहिले प्रयोग गरिरहेका छन्। अझ अनुदान पठाउनका लागि अघिल्लो वर्षका विद्यार्थी सङ्ख्या (फ्लास-टु रिपोर्ट)लाई आधार मान्ने गरिएकाले तथ्याङ्क र अनुदान निकासा हुने अवधिमै दुई वर्षको अन्तर भएको देखिन्छ। अर्कोतिर बढी अनुदान हात पार्ने लोभले विद्यार्थीको सङ्ख्या नै बढाउने स्कूलहरूको प्रवृत्ति शिक्षा विभाग र जिशिकालाई अर्को टाउकोदुखाइ बनेको छ। सान्त्वना मेमोरियल एकेडेमीले पीसीएफ अनुदान सम्बन्धी १६ वटा जिल्लामा हालै गरेको अध्ययनले यथार्थभन्दा १३.५२ प्रतिशत बढी विद्यार्थी सङ्ख्या दाबी गरिने गरेको देखाएको छ।

स्कूलले पाउने पीसीएफ अनुदान रकम शिक्षकलाई पूरा तलब खुवाउन अपर्याप्त छ। परिणामत: पीसीएफ अनुदानबाट राखिएका शिक्षकले कम पारिश्रमिकमै चित्त बुझाउनुपर्छ। यसले शिक्षकको मनोबल उकास्न सक्दैन। यो अवस्थामा उसबाट प्रभावकारी शिक्षण सिकाइको अपेक्षा गर्न सकिँदैन। अझ कतिपय स्कूलले त पीसीएफ अनुदानको सबै रकम शिक्षकको तलबमा मात्रै खर्च नगरी स्कूलको प्रशासनिक काममा समेत खर्च गर्ने गरेका छन्। जस्तै; हेटौंडा, वनस्खण्डीस्थित देवी निमाविले गत वर्ष निम्नमाध्यमिक तहका लागि रु.२ लाख ४२ हजार प्राप्त गऱ्यो। स्कूलले त्यसमध्ये रु.१ लाख ४३ हजार शिक्षकको तलब र बाँकी अन्य कार्यका लागि छुट्यायो।

# पीसीएफ शिक्षक दरबन्दीको विकल्प होइन



**बालानन्द पौडेल, पूर्व शिक्षा सचिव**

अर्थ मन्त्रालयको सहसचिवबाट पहिलोपल्ट कायममुकायम सचिवको जिम्मेवारी पाएर २०६३ सालमा शिक्षा मन्त्रालय प्रवेश गरेको थिएँ। शिक्षा सम्बन्धी निकायमा मेरो यो पहिलो अनुभव थियो। साथै कर्मचारीतन्त्रको उपल्लो पद (सचिव)मा पुगेर नेतृत्वदायी भूमिका निर्वाह गर्ने मौका पनि मलाई शिक्षा मन्त्रालयले नै दिएको थियो। अर्कोतिर गाउँ (पर्वत)मै जन्मे-हुर्केकाले मलाई नेपालका गाउँघरको जनजीवन, त्यहाँको शिक्षाको अवस्थाबारे नजिकबाट नियाल्ने मौका मिलेकै थियो। मन्त्रालयको काम सम्हाल्दै जाँदा के थाहा भयो भने, एकातिर सरकारको आर्थिक सहयोग (फन्डिङ) नै नपाएका केटाकेटी र स्कूल रहेछन् भने सरकारी साधनस्रोतको दुरुपयोग पनि भइरहेको। कतै विद्यार्थी धेरै शिक्षक थोरै थिए भने कतै विद्यार्थीको तुलनामा अनावश्यक सङ्ख्यामा शिक्षक थिए। तर राजनीतिक कारणले गर्दा बढी शिक्षक भएको स्कूलबाट शिक्षक दरबन्दी झिकेर बढी विद्यार्थी भएको स्कूलमा पठाउन सकिने अवस्था थिएन।

दरबन्दी मिलानले मात्र बढ्दो शिक्षक माग धान्न सकिने अवस्था पनि थिएन। शिक्षक दरबन्दी सृजना भइरहेका थिएनन्, तर विद्यार्थी सङ्ख्या बढेको बढ्यै थियो। यसरी विद्यार्थी धेरै शिक्षक थोरै भएका स्कूललाई केही वर्ष अघिदेखि 'राहत शिक्षक' भनेर मन्त्रालयले अनुदान उपलब्ध गराइरहेको थियो। तर त्यो राहत कोटा पनि आवश्यकता भन्दा राजनीतिक प्रभाव र पहुँचका आधारमा वितरण भइरहेको थियो। म सचिव भएपछि मलाई पनि त्यस्तो दबाब झेल्न धौ-धौ परेको थियो। साधनस्रोतको सही वितरण पनि होस् र अवान्छित तरिकाले कसैले पनि खेल्न नपाओस् भन्ने कोणबाट म सोच्न थालेँ। यसक्रममा मेरो दिमागमा यी दुवै कुराको हल गर्ने 'आइडिया' आयो, प्रति-विद्यार्थी अनुदान (पर चाइल्ड फन्डिङ)। यस बारेमा इन्टरनेटमा खोज्ने। केही किताब र रिपोर्टहरू पनि हेरेँ। रूसमा भर्खर मात्र यही अवधारणा अनुसारको स्कूल अनुदान नीति ल्याइएको रहेछ। त्यसले मलाई हौस्यायो। मन्त्रालयका सहसचिव लव त्रिपाठीजीको नेतृत्वमा एउटा टोली बनाएर यो विषयमा अध्ययन गर्न लगाएँ। सो टोलीमा एक जना ब्रिटिश पनि थिए। त्यो टिमले बनाएको यससम्बन्धी अवधारणा पत्र समेतको आधारमा तत्कालीन शिक्षामन्त्री डा. मङ्गलसिद्धि मानन्धरलाई प्रति विद्यार्थी लागत (पीसीएफ) को बारेमा 'ब्रिफिङ' गरेँ। उहाँले सहमति जनाउनुभयो।

त्यसपछि विश्व ब्याङ्कसँग यस बारेमा छलफल शुरु गरेँ। उनीहरू शुरुमा हच्किए। उनीहरूको आशङ्कालाई सम्बोधन गरेपछि सहमत भए। त्यसपछि बहुपक्षीय दाताहरूको संयुक्त बैठकमा मैले 'प्रति विद्यार्थी लागत' अवधारणा हाम्रा लागि किन र कसरी उपयुक्त हुन्छ भनी विचार प्रस्तुत गरेँ। उनीहरूले पनि यसलाई सकारात्मक रूपमा नै लिए। अर्थ मन्त्रालयमा सहसचिव (हालका अर्थसचिव) रामेश्वर खनाललाई पनि सकारात्मक पाएँ। तत्कालीन अर्थ सचिव विद्याधर मल्लिक चाहिँ त्यति सकारात्मक हुनुहुन्थेन। उहाँले 'एकैपटक होइन,

परिणामतः 'पीसीएफ शिक्षक' भनेर राखिएका शिव कडरियाले मासिक रु.५ हजार तथा उर्मिला विश्वकर्मा र गायत्री पोखरेलले रु.३/३ हजार तलब पाउँछन्। प्रअ श्याम सुवेदी भन्छन्, "विद्यार्थीसँग हामी एक पैसा पनि लिँदैनौं। जिशिकाले दिने मसलन्द खर्चबाट मात्रै धान्न गाह्रो छ। परिचरको तलब, विद्युत्, टेलिफोन खर्च व्यवस्थापन गर्न पीसीएफ अनुदानबाट पनि रकम तानिएको हो।"

सान्त्वना मेमोरियलको प्रतिवेदनले पनि पीसीएफ अनुदानमा नियुक्त हुने शिक्षकले कम तलब सुविधा पाउने गरेको देखाएको छ। उक्त प्रतिवेदन अनुसार, प्राथमिक तहका शिक्षकले रु.२,४०० देखि रु.८,२८० र निम्नमाध्यमिक तहका शिक्षकले रु.२,५०० देखि रु.९,४०० तलब पाउने गरेका छन्। प्राथमिक र निम्नमाध्यमिक तहको शुरु तलब स्केल क्रमशः रु.९,९०० र रु.१०,६०० छ।

विस्तारै कार्यान्वयनमा लैजाऔं' भन्नुभयो । मभन्दा पनि पहिला शिक्षा सचिव भइसकेको र आफ्नो विषयमा गहिरो ज्ञान भएका मल्लिकजीको कुरा मलाई ठीकै लाग्यो ।

अध्ययनका क्रममा यसका मुख्य जोखिम पनि पहिचान गरिएको थियो । र, त्यो थियो, 'स्कूलबाटै तथ्याङ्क बढाइचढाइँ आउन सक्छ ।' अरू क्षेत्रको तुलनामा राम्रै स्थिति भए पनि शिक्षाको तथ्याङ्क प्रणाली सुव्यवस्थित, वैज्ञानिक अझै बनिसकेको छैन भन्नेमा म जानकार थिएँ । खासगरी टाउको गनेर विद्यार्थीका नाममा 'इन्सेन्टिभ' जाने भएपछि स्कूलले बढाइचढाइँ तथ्याङ्क पठाउन सक्छन् र त्यसलाई सहजै र तत्कालै क्रस चेक गर्ने कुनै पनि 'मेकानिज्म' हामीसँग हुने छैन भन्ने मलाई थाहा थियो । हाम्रा हरेक बच्चा र नागरिकको तस्बिरसहित सबै सूचना कम्प्युटराइज्ड गरी युनिक आईडी दिएर तथ्याङ्क अझै राखिएको छैन । तर पनि जिल्ला शिक्षा कार्यालयले निरीक्षण प्रक्रियालाई प्रभावकारी बनाउन सकेको खण्डमा फर्जी तथ्याङ्कमा नियन्त्रण गर्न सकिन्छ भन्ने लागेको थियो । तैपनि ओभर रिपोर्टिङको खतरा मैले राम्रोसित अनुमान गरेको थिएँ । यो कुरा जान्दाजान्दै पनि पूर्वाधार बनाउने समय हामीसँग थिएन । त्यसमाथि यो काम गृहमन्त्रालयको क्षेत्राधिकारभित्र पर्थ्यो । हामीले नै केटाकेटी र तिनका अभिभावकको डाटा राख्न शुरु गर्ने हो भने यो काम गर्न कम्तीमा चार-पाँच वर्ष लाग्थ्यो । शिक्षा विभागले केही ठाउँमा शुरु गरेको चाइल्ड ट्र्याकिङ असफल भइसकेको पृष्ठभूमिमा हामीले यस काममा थप लगानी गर्नु कुनै पनि हिसाबले मनासिव ठानेनौं । तर साविकको राहत कोटाको वितरण प्रणालीलाई जारी राख्दा पनि त्यो जिल्ला सदरमुकाम, पहुँचवाला स्कूल र राजनीतिकर्मीहरूले पठाएको ठाउँमा मात्र पुग्ने अवस्था थियो । सही र असली हकदार स्कूलले फेरि पनि शिक्षक नपाउने अवस्था ज्यूँकात्यूँ रहनेथियो । तर पीसीएफ प्रणालीले समस्या निम्त्याए नै पनि त्यसलाई सुधार गर्न उति कठिनाई हुने छैन; जति गारो दरबन्दी या राहत शिक्षकलाई कुनै स्कूलबाट झिक्न भइरहेको छ भन्ने हाम्रो अनुभवजन्य निचोड रह्यो । "पीसीएफअन्तर्गत स्कूलमा पैसा विद्यार्थीको टाउको गनेर पठाइन्छ, राजनीतिकर्मीले र स्कूलहरूले जति ढाँटे पनि सधैं ढाँट्न सक्दैनन् एक न एक दिन त नेपालमा बलियो शासन व्यवस्था कायम भइहाल्छ नि !" भन्ने सोचेर निर्णय गरें, पीसीएफ जति सक्दो छिटो शुरु गरिहाल्ने। तदनुरुप २०६४/६५ बाट यो शुरु पनि भयो ।

'पीसीएफ' मैले नै आविष्कार गरेको अवधारणा होइन । नि:शुल्क पाठ्यपुस्तक वितरणसँगै भित्रिएको अवधारणा हो यो । किनभने पाठ्यपुस्तक त विद्यार्थीको टाउको गनेरै दिने हो । पछि महिला तथा दलित छात्रवृत्ति पनि यही अवधारणा मुताविक थियो । स्कूल सुधार योजना (एसआईपी) बन्न थालेपछि स्कूलमा विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिइएकै हो । त्यसैले यो अवधारणा त्यसअघिका नीतिकै विस्तारित रुप हो ।

पीसीएफको परिकल्पना गर्दा मैले बच्चाको 'शिक्षा पाउने अधिकार'को आँखाबाट पनि हेर्ने जमर्को गरेको थिएँ । शिक्षा राज्यको दायित्व हो भनेर संसारभर मानिसकियो । हाम्रै देशले बजेटको ठूलो हिस्सा शिक्षामा लगानी गरेको छ तर गरीब बाबुआमाका केटाकेटीसम्म राज्यको लगानी पुगिराखेको छैन । यदि ती बच्चाको नाममा समुदायले आफ्नै बलबुताले चलाएका स्कूलहरूमा केही रकम दिइयो भने उनीहरूले थप शिक्षक राख्न पाउँछन्, थप शैक्षिक सामग्री किन्न सक्छन् । पुस्तकालय स्थापना गर्न सक्छन् । यी सब कुराहरूले समुदायको होस्टेमा सरकारको हैंसे हुनजान्छ, जसले गुणस्तरीय शिक्षा पाउने केटाकेटीको अधिकारको केही न केही भए पनि प्रत्याभूति हुन सक्छ । अर्को, जुन जुन स्कूलले थोरै शिक्षक भएर पनि बढी विद्यार्थीलाई पढाएका छन्, त्यहाँका शिक्षकले पक्कै पनि बढी मिहिनेत गरेका छन् । बढी बोझ उठाएका छन् । तर बढी लोड उठाएबापत उनीहरूलाई थप कुनै प्रोत्साहन छैन । यदि उनीहरूलाई केही 'इन्सेन्टिभ' दिने हो भने उनीहरू झन् राम्रोसित पढाउन दत्तचित्त भएर लाग्छन् । त्यस दृष्टिले पनि 'पीसीएफ' उपयुक्त लाग्यो । 'नर्म्स' भन्दा माथि जति बढी विद्यार्थी पढाएको छ उति नै बढी 'इन्सेन्टिभ' पाउने यो अवधारणाको मर्म हो । यो नीतिले गर्दा जुन स्कूलहरूको स्तर राम्रो छैन, तिनका शिक्षकले पनि आफ्नो आर्थिक लाभका लागि थप विद्यार्थी आकर्षित गर्न राम्रोसित पढाउने भावना विकसित हुन्छ । अन्ततः यसले हाम्रो शिक्षाकै गुणस्तरमा सुधार ल्याउन मद्दत गर्छ भन्ने मैले देखें ।

पीसीएफ अवधारणा शिक्षक दरबन्दीलाई नै प्रतिस्थापन गर्ने गरी ल्याइएको होइन । कति कक्षासम्म चल्ने स्कूलमा न्यूनतम कति जना शिक्षक हुनुपर्छ भन्ने कुराको वस्तुनिष्ठ र वैज्ञानिक मापदण्ड बनाएर त्यसअनुरुप शिक्षकको आपूर्ति राज्यले गर्नै पर्छ । त्यसमा कुनै द्विविधा हुनुहुँदैन । हिमाली र उच्च पहाडी भेगमा थोरै विद्यार्थी हुन्छन् । के त्यहाँ पीसीएफकै आधारमा मात्र अनुदान दिने नीति व्यावहारिक हुन्छ त ? हुँदै हुँदैन । एउटा स्कूल खोलिन्छ भने त्यसमा न्यूनतम रूपमा शिक्षक दरबन्दी त हुनै पर्छ । पीसीएफले त्यसपछि मात्र काम गर्छ । त्यस अर्थमा, पीसीएफ शिक्षक दरबन्दीको विकल्प होइन, परिपूरक हो ।

(हाल सामान्य प्रशासन सचिव रहेका पौडेलसँगको कुराकानीमा आधारित ।)

पीसीएफ अनुदानको अपर्याप्तता र यसबारे ठोस नीति नहुँदा शिक्षकले पेशागत सुरक्षाको अनुभूति गर्न सकेका छैनन् ।

## सुधारको विकल्प छैन

सरकारी आँकडा अनुसार, हाल प्राथमिक तहमा ७८,९३१, निम्नमाध्यमिक तहमा १६,२०४ र माध्यमिक तहमा १२,७१८ गरी कुल १,०७,८५३ स्वीकृत शिक्षक दरबन्दी छ । त्यस्तै, राहततर्फ प्राथमिकमा २२,२११, निम्नमाध्यमिकतर्फ ९,६४० र माध्यमिकतर्फ ९,९६० गरी कुल ३८,८११ जना शिक्षकहरू कार्यरत छन् । सरकारले आर्थिक वर्ष २०५६/५७ यता शिक्षक दरबन्दी थपेको छैन ।

स्थायी दरबन्दी थप्ने सरकारको नीति नरहेको र उसले पीसीएफ अनुदानलाई नै विकल्पको रूपमा अगाडि सारेको देखिन्छ । तर यसबाट समस्याको समाधान हुन नसक्ने कुरा व्यावहारिक रूपमै देखिन थालेको छ । शिक्षक दरबन्दी नथपी

# आवरण प्रति विद्यार्थी अनुदान



सरिता वाहाल

देवी निमावि, हेटौंडाका पीसीएफ शिक्षकहरू दायाँबाट क्रमश: गायत्री पोखरेल, शिव कडरिया र उर्मिला विश्वकर्मा।

पीसीएफ अनुदानबाट नयाँ शिक्षक राख्ने कुरा तत्कालको कामचलाउ उपाय मात्र हो, दीर्घकालीन समाधान होइन भन्ने कुरामा कुनै द्विविधा छैन।

ठोस र वस्तुनिष्ठ ढङ्गबाट शिक्षकको व्यवस्थापन कसरी गर्ने भन्नेमा शिक्षा मन्त्रालय भित्र र बाहिर पनि मोटामोटी रूपमा समान धारणा बनेको देखिन्छ। यसको पहिलो चरण हो, शिक्षकको दरबन्दी मिलान गर्ने। खासगरी राजधानी र हिमाली जिल्लामा शिक्षक-विद्यार्थी अनुपात कम छ। ती क्षेत्रमा बढी भएका दरबन्दीलाई विद्यार्थी चाप भएका क्षेत्रमा मिलान गर्न सकियो भने त्यो एउटा प्रारम्भिक उपलब्धि हुनेछ। त्योसँगै विद्यार्थी सङ्ख्या कम रहेका र छोटो दूरीमा रहेका स्कूललाई नक्साङ्कनका आधारमा गाभ्ने प्रक्रिया दोस्रो प्राथमिकतामा पर्नुपर्ने देखिन्छ। त्यसपछि हरेक स्कूलको तह अनुसार तिनलाई आवश्यक पर्ने शिक्षक दरबन्दी उपलब्ध गराउनै पर्छ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी)ले पनि सबै भौगोलिक क्षेत्रमा शिक्षक-विद्यार्थी अनुपात बढीमा १:४० कायम गर्ने र त्यसभन्दा बढी विद्यार्थी भएमा पीसीएफ अनुदान दिने उल्लेख गरेको छ। एसएसआरपीको दस्तावेजमा आधार कक्षा (१-३), प्राथमिक कक्षा (१-५) र उच्चप्राथमिक कक्षा (१-८) का लागि न्यूनतम शिक्षक सङ्ख्या क्रमश: ३, ६ र १० पुर्‍याउने लक्ष्य लिइएको छ। शिक्षा मन्त्रालयका उपसचिव हरिप्रसाद लम्साल भन्छन्, "स्कूललाई न्यूनतम शिक्षक कति चाहिने हो? पहिले त्यो कुरालाई सम्बोधन गर्ने पर्छ। ती शिक्षकबाट सेवा पुग्न नसक्ने विद्यार्थीका लागि मात्रै पीसीएफ दिनु व्यावहारिक हुन्छ।" शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)ले दुई वर्षअघि गरेको पीसीएफ सम्बन्धी अध्ययनले पनि न्यूनतम रूपमा शिक्षक दरबन्दीको व्यवस्था गरेर मात्र पीसीएफको नीति अघि बढाउनुपर्ने सुझाव दिएको थियो। एक शिक्षक बराबर निर्धारित विद्यार्थी सङ्ख्याको आधा मात्रैले पनि शिक्षक सुविधा पाएका छैनन् भने त्यसका लागि पूरै अनुदान उपलब्ध गराउनु व्यावहारिक हुन्छ, ताकि त्यसले शिक्षकले पाउनुपर्ने सुविधालाई केही हदसम्म सुनिश्चित गर्न सकोस्।

स्कूलको पठनपाठनको स्तरसँग पीसीएफ अझै जोडिन सकेको पाइँदैन। राम्रो पढाएर विद्यार्थी आकर्षित गर्ने र बढी अनुदान हात पार्ने प्रतिस्पर्धामा स्कुलहरूलाई उत्प्रेरित गर्ने काम पनि हुनसकेको छैन। दोलखाका जिशिअ गेहनाथ गौतमको विचारमा, विद्यालयको स्तरीकरण गरी माथिल्लोस्तरको विद्यालयलाई तल्लोस्तरको विद्यालयभन्दा प्रोत्साहनस्वरुप केही बढी रकम दिँदा त्यसको सकारात्मक प्रभाव पर्न सक्छ। "त्यसो गर्न सकिएमा विद्यालयहरू 'क' वर्गको स्कूल बन्न प्रेरित हुन्छन्, जसले शिक्षाको गुणस्तर स्वत: सुधार हुन जान्छ", उनको तर्क छ।

सरकारमा जाने पार्टीहरूले शिक्षा मन्त्रालयलाई उच्च प्राथमिकता र गतिलो मन्त्री दिए भने पनि यतिका काम गर्न कैयौं वर्ष लाग्नेछ। तथापि केही काम मन्त्रालयले तत्काल गर्नुपर्ने र गर्न सक्ने प्रकृतिका पनि छन्। त्यसक्रममा सबैभन्दा पहिलो काम हो, चालु वर्षकै विद्यार्थी तथ्याङ्कको आधारमा पीसीएफ वितरण गर्ने। यसो गर्दा मात्र जति विद्यार्थीले अनुदान पाउनुपर्ने हो त्यति बराबर रकम स्कूलमा जान्छ। अन्यथा अहिले कैलाली, मकवानपुर लगायतका जिल्लाले भोगिरहेको नियति दोहोरिरहन्छ। विभागका उपनिर्देशक शर्मा स्कूल, स्रोतकेन्द्र, जिशिका र विभागले समयमै काम गर्ने हो भने साउन महिनाभित्रै *फ्लास रिपोर्ट* तयार हुनसक्ने स्वीकार गर्छन्। यस अनुसार विभागले भदौ महिनाभित्र जिशिकालाई पीसीएफको हिसाब गरेर निकासा पठाउन सक्ने देखिन्छ। अघिल्लो वर्षको *फ्लास-२* रिपोर्टलाई आधार मान्दा त्यसमा केही 'प्रोजेक्सन' गरेर पनि वास्तविक विद्यार्थी सङ्ख्याको हाराहारीमा जिल्लामा पीसीएफ पठाउन सकिने उनको विश्वास छ।

त्यसैगरी गलत तथ्याङ्क दिने विद्यालयहरूको प्रवृत्तिमा कडाइका साथ अङ्कुश लगाउन ढिला भइसकेको छ। यो प्रवृत्तिलाई समयमै नियन्त्रण नगर्ने हो भने साधनस्रोतको दुरुपयोग मात्र हुने छैन भ्रष्टाचार स्कूल तहसम्मै संस्थागत हुनेछ।

गलत तथ्याङ्क दिने कार्यलाई निरुत्साहित गर्ने सबैभन्दा प्रभावकारी उपाय नै विद्यालयको निरीक्षण, अनुगमन र छड्के जाँच हो भन्ने कुरा बझाङको प्रसङ्गबाट स्पष्ट हुन्छ। *(हे. स्थलगत रिपोर्ट)* यसले के कुरा पुष्टि गरेको छ भने जिशिअ प्रतिबद्ध भई लाग्ने हो भने निरीक्षण प्रणालीलाई पुनर्जीवन दिनसक्छ र त्यसबाट गलत प्रवृत्तिलाई न्यूनीकरण गर्न सम्भव हुन्छ। शिक्षा मन्त्रालयले सही ठाउँमा सही जिशिअको छनोट गरी अनुगमन प्रणालीलाई चुस्त बनाउने हो भने तथ्याङ्कमा देखिएको गडबडी रोक्न असम्भव देखिँदैन।

## अन्तरक्रिया प्रति विद्यार्थी अनुदान



प्रमोद आयाम

# ‘समस्या धेरै देखियो’

**जनार्दन नेपाल, सहसचिव, शिक्षा मन्त्रालय**
सन् २००४ मा सरकारले शुरु गरेको ‘सबैका लागि शिक्षा’ कार्यक्रमलाई उपलब्धिमूलक बनाउन ‘विद्यार्थी भर्ना अभियान’ थालियो । त्यसले गर्दा स्कूलमा विद्यार्थी सङ्ख्या बढायो । सँगै तिनलाई पढाउने शिक्षकको अभाव पनि खट्कियो । बढ्दो विद्यार्थी सङ्ख्यालाई धान्नका लागि थुप्रै शिक्षक भर्ना गर्नुपर्ने भयो । तर, दुई-तीन वटा कारणले दरबन्दी सिर्जना गरी शिक्षक थप्न कठिनाइ थियो । यो किनभने सरकारले आफू शिक्षकको दरबन्दी नथप्ने त्यसको सट्टा शिक्षकको नियुक्ति एवं व्यवस्थापनको जिम्मा व्यवस्थापन समितिलाई दिने नीति लिएको थियो । २०५८ सालमा संशोधन भएको शिक्षा (सातौं संशोधन) ऐनले यही भनेको थियो । तथापि, बढ्दो विद्यार्थी भर्नाको अनुपातमा शिक्षक नथपी नहुने स्थिति आयो। दरबन्दी सृजना गर्न सक्ने सम्भावना नरहेको तत्कालको अवस्थामा उत्तम विकल्पका रूपमा हामीले स्कूललाई नै एकमुष्ठ अनुदान दिने निर्णय गर्‍यौं। जसलाई पछि ‘राहत’ अनुदान भन्न थालियो ।

पछि गएर यसलाई एउटा शिक्षकका लागि आएको अनुदान भनेर बुझ्न थालियो । तर, त्यस्तो अनुदानबाट कतिपय स्कूलले २-३ जनासम्म पनि शिक्षक राखेका थिए । त्यसबाट शिक्षकलाई मर्का पर्‍यो भनिएपछि दरबन्दी जस्तै बनाइयो र एक जनाको लागि पठाइएको अनुदानमा एक जना मात्र शिक्षक राख्नुपर्ने व्यवस्था भयो । अहिले दरबन्दी र राहत शिक्षकको ‘स्केल’ समान छ । तर, यसमा पनि क्रमश: समस्या देखिँदै आएका छन् । खासगरी शिक्षक नियुक्तिमा प्रअ र व्यवस्थापन समितिबीच विवाद देखिन थाले । बरु स्कूलले नै शिक्षकको व्यवस्थापन गर्ने गरी विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने नीति अगाडि सारिएको हो ।

**महेन्द्र विष्ट, स्रोतव्यक्ति, ललितपुर**
स्कूलमा दुई किसिमले पीसीएफ अनुदान जाने गरेको छ । एउटा शिक्षक तलबका लागि र अर्को स्कूलको प्रशासनिक खर्च व्यवस्थापनका लागि । तलबी अनुदानको सन्दर्भमा कतिपय स्कूलले विद्यार्थी सङ्ख्या बढाइचढाइँ गर्ने गरेको पाइएको छ । जस्तो, स्कूलमा पहिल्यैदेखि परिचरको व्यवस्था गरिएको हुन्छ । विद्यार्थी सङ्ख्या घट्यो भन्दै उसलाई निकालिहाल्न पनि गाह्रो हुन्छ किनकि विद्यार्थी सङ्ख्या अर्को वर्ष बढ्न पनि सक्छ । त्यो अवस्थामा बढी अनुदान ल्याएर परिचरलाई तलब खुवाउन सकिन्छ कि भनेर स्कूलले विद्यार्थी भर्ना सङ्ख्या बढाएर देखाउने गरेका छन् ।

ललितपुर जिल्लाको सन्दर्भमा शिक्षक विद्यार्थी अनुपातमा खासै ‘ग्याप’ देखिँदैन । यस जिल्लाले शिक्षक व्यवस्थापनका लागि पीसीएफ अनुदान नै कम पाउने गरेको छ । कहीं २० जना विद्यार्थी रहेको स्कूलमा दुई जना मात्रै शिक्षक छन् भने कतै शिक्षक नपुगेको अवस्था पनि छ । तर, धेरै विद्यार्थी सङ्ख्या भएका स्कूलले पनि पर्याप्त अनुदान पाउन सकेका छैनन् ।

**जानुका नेपाल, प्रअ, नीलबाराही मावि, काठमाडौं**
विद्यार्थी सङ्ख्याको आधारमा पीसीएफ अनुदान पाइन्छ भन्ने सम्मको सन्देश त स्कूलमा पुगेको छ तर, यसलाई कसरी

# अन्तरक्रिया प्रति विद्यार्थी अनुदान

प्रयोग गर्ने भन्ने विषयमा पर्याप्त जानकारी शिक्षक तथा व्यवस्थापन समितिलाई छैन। जहाँ पीसीएफ अनुदान आवश्यक पर्ने हो त्यहाँ चाहिँ पुग्न सकेको छैन। जहाँ, दिनु नपर्ने हो त्यहाँ चाहिँ अनुदान पुगेको समेत भेटिन्छ। जस्तो १३० जना मात्रै विद्यार्थी रहेको काठमाडौंकै बाल विकास प्राविमा पहिल्यै दरबन्दी र राहत कोटामा गरी १४ जना शिक्षक छन्। तर त्यहाँ समेत पीसीएफ अनुदान गएको सुनिएको छ। यो दृष्टान्तले अनावश्यक स्कूलमा अनुदान गएको मात्र देखाउँदैन, शिक्षा कार्यालयको अनुगमन, मूल्याङ्कन र निरीक्षण संयन्त्रको हदैसम्मको कमजोरी पनि झल्काउँछ। त्यसैले स्रोतव्यक्ति र विद्यालय निरीक्षकले अनुगमनको कामलाई बढी प्रभावकारी बनाउनुपर्ने खाँचो छ।

**केशवप्रसाद भट्टराई, पूर्वअध्यक्ष, नेपाल शिक्षक युनियन**

विदेशी मुलुक र हाम्रो आफ्नो परिप्रेक्ष्यलाई हामी तुलना गर्ने गर्दैनौं। विदेशी अभ्यासलाई सीधै 'कपी-पेस्ट' गर्छौं। पीसीएफ अनुदान पनि यसैको नमुना हो। जस्तो, अमेरिकामा यो अवधारणा सन् १९७० को दशकमा अपनाइएको हो। त्यहाँ 'स्कूल डिस्ट्रिक्ट' हरूले आफ्नो मातहतका स्कूल सञ्चालन गर्छन्। पहिले स्कूल डिस्ट्रिक्टभित्रका मानिससँग कर उठाएर स्कूललाई खर्च धानिन्थ्यो। पछि करदातामाथि करको बोझ बढी भयो भनिएपछि सरकारले नै स्कूलहरूलाई अनुदान दिने नीति लियो। राज्यले अनुदान दिए पनि स्कूलको सञ्चालन, अनुगमनको अधिकार भने स्थानीय नगरपालिका र स्कूल डिस्ट्रिक्टमा नै छोडिएको छ।

नेपालको सन्दर्भमा शिक्षाको सम्पूर्ण जिम्मा राज्यकै हुनुपर्ने हो। तर, उसले सकभर नयाँ शिक्षक दरबन्दी नथप्ने गरी अनुदानको व्यवस्था गर्न थालेको छ। राज्य भनेको व्यावसायिक संस्था होइन जसले व्यापारिक फाइदा हेरोस्! उसले त जनताको आवश्यकता र भविष्य हेर्ने हो। एक जना शिक्षकको अनुदानले चार जनासम्म शिक्षक भर्ना भएका छन्। 'ठीकै त छ नि!' भन्ने हिसाबले राज्यले सोचेको देखिन्छ।

मलाई शिक्षक भर्ना गर्नु छ र मैले गलत आँकडा दिएर बढी अनुदान पाउँछु भने मैले सजिलै त्यस्तो आँकडा दिन्छु नि! सरकारले चाहिने जति अनुदान दिँदैन र स्कूल चलाउन समस्या छ, विद्यार्थी सङ्ख्या बढाए केही पैसा थपिन्छ, समस्या पार लगाउन सकिन्छ भने किन नढाँट्ने? भन्ने सोच आउनु अन्यथा होइन। यो त पद्धतिको समस्या हो। यसले हुँदै नभएको सङ्ख्या देखाएर बढी अनुदान ल्याउने र त्यसमा अनियमितता गर्ने क्रम बढाएको छ। मेरो अनुमानमा, यसरी अनुदान दिँदा स्थायी दरबन्दीको तुलनामा अझ बढी रकम खर्च भएको होला।

**तीर्थबहादुर मानन्धर, अनुसन्धाता**

यो अनुदान प्रक्रियाको विश्लेषण गर्दा विश्व ब्याङ्कको अवधारणालाई हामीले अनुसरण गरेको हो कि भन्ने लाग्छ। बढी विद्यार्थी भएका स्कूलमा शिक्षकको व्यवस्था गर्ने सम्भावना पीसीएफ अनुदानले दिएको छ। तर, यो पद्धति बढी जटिल देखिएको छ। पीसीएफ अनुदानका लागि *'फ्लास टु रिपोर्ट'*लाई मात्र आधार नमानी परीक्षा दिने विद्यार्थीको सङ्ख्यालाई समेत आधार मान्ने गरिएको छ। अर्थात् अघिल्लो वर्षको तथ्याङ्कका आधारमा अनुदान जाने गरेको छ। चालु वर्ष भर्ना भएका र कक्षामा पढिरहेका विद्यार्थी सङ्ख्याको आधारमा अनुदान जाँदैन। यो नीतिको सबैभन्दा ठूलो कमजोरी र त्रुटि नै यही हो।

पीसीएफ पद्धतिमा एकातिर अनुदान वितरणको केन्द्रीकृत संरचना र अर्कोतिर तथ्याङ्क व्यवस्थापनको जटिलता देखिएको छ। हाम्रो अध्ययनका क्रममा भेटिएको ललितपुरको एउटा स्कूलको वास्तविक विद्यार्थी सङ्ख्या ४० रहेछ। उसले अनुदानका लागि जिशिकामा दाबी पनि गरेको थिएन। तर, अनुदान पाउने स्कूलको सूचीमा उसको नाम थियो। सरकारी तथ्याङ्कमा उक्त स्कूलको विद्यार्थी सङ्ख्या २१८ थियो। तथ्याङ्क सङ्कलनको जटिल र कमजोर पद्धतिको नमुना हो यो।

तथापि, पीसीएफ अनुदानलाई प्रभावकारी बनाउन सकियो भने यसले थोरै विद्यार्थी भएका सानालाई भन्दा धेरै विद्यार्थी भएका ठूला स्कूललाई बढी फाइदा पुऱ्याउँछ। त्यसअनुसार यसबाट हिमाल र पहाडका स्कूलको तुलनामा तराईका स्कूललाई बढी फाइदा हुने देखिन्छ। सरकारले पीसीएफ मात्रै सबैथोक होइन भन्ने कुरालाई बिर्सनुहुन्न। अर्को कुरा, क्षेत्रगत रूपमा छुट्याइएको शिक्षक विद्यार्थी अनुपातमा परिमार्जन गरिनुपर्छ।

> **छात्रवृत्ति, पोशाक र मसलन्द खर्च व्यवस्थापनका लागि पीसीएफ अनुदान ठीकै होला। तर, शिक्षक व्यवस्थापनका लागि पीसीएफ अनुदान विकल्प हुनै सक्दैन। शिक्षकको पेशागत हितका लागि पनि यो राम्रो होइन।**
>
> **– केशवप्रसाद भट्टराई**

**नारायणप्रसाद भट्टराई, जिशिअ, ललितपुर**

केन्द्रबाट प्राप्त निर्देशन अनुसार, गत वर्ष चैत महिनाको 'फ्लास टु रिपोर्ट'लाई आधार मानेर असार महिनामा पीसीएफ अनुदान बाँडेका थियौं। ललितपुरको सन्दर्भमा; उपत्यका र शहरी क्षेत्रको तुलनामा पहाडी भेगका स्कूलले बढी अनुदान पाए। गत साउनपछि विभागकै निर्देशनमा हामीले ललिपुरका २१० वटै स्कूलमा विद्यार्थी सङ्ख्या रुजु र प्रमाणीकरण गऱ्यौं। अध्ययनका क्रममा फ्लास रिपोर्ट र हाजिरीकापीको विद्यार्थी सङ्ख्यामा लगभग १६ प्रतिशतको फरक देखियो। अनि रिपोर्टिङ र वास्तविक उपस्थितिबीच लगभग ३० प्रतिशतले फरक देखियो। तुलनात्मक रूपमा दुर्गम भेगको तथ्याङ्क बढी नक्कली भेटियो।

शिक्षा विभागकै निर्देशिका अनुसार पीसीएफ दिँदा ललितपुर, सैंबुस्थित आदर्श सौल युवक उमाविलाई गत वर्ष रु.७ लाख दिनुपर्ने थियो। जबकि यो जिल्लाभरका स्कूलका लागि जम्मा साढे सात लाख रुपैयाँ आएको थियो। तर जिल्लाको कुल शिक्षक र कुल विद्यार्थी बीचको औसत अनुपात हेर्दा चाहिँ त्यही रकम पनि बढी हुनेथियो। तर विभागबाट आएको रकम उसले दिएको निर्देशन अनुसार बाँड्दा हामीले दिनुपर्ने स्कूलमा पर्याप्त रकम दिन सकेनौं। कतिपय स्कूलमा रु.२२-२४ हजार पनि दियौं। त्यो रकमबाट शिक्षक नियुक्ति गर भनेर हामीले

भन्न सकेनौं । तसर्थ, शिक्षक दरबन्दी नमिलेको कारणले पनि अनुदान वितरणमा जिल्लाभित्रै असन्तुलन देखिन्छ । व्यावहारिक तहमा निकै कठिनाई छ ।

आउँदा दिनमा अनुगमनको पाटोलाई हामीले प्राथमिकतामा राख्नेछौं । तथ्याङ्क भरपर्दो र प्रभावकारी नहुने हो भने निर्देशिकाको प्रावधानबमोजिम पीसीएफ अनुदान बाँड्न सकिने अवस्था छैन । मेरो विचारमा नीतिगत कुरामा भन्दा पनि व्यवस्थापनमा बढी समस्या देखिएका छन् । हामीले पीसीएफ अनुदान त दिन्छौं तर, त्यसबाट शिक्षकलाई तलब दिनै पुग्दैन । त्यो अवस्थामा हामीले स्कूललाई शिक्षक नियुक्ति गर भनेर दवाब दिन सक्दैनौं ।

**पीसीएफ अनुदान अहिलेको जस्तो केन्द्रीय तहबाट दिइने होइन । यो स्थानीय सरकारले नै व्यवस्थापन गर्नुपर्थ्यो । जसबाट अनुदानको परिचालन, अनुगमन तथा मूल्याङ्कनका प्रक्रिया थप प्रभावकारी बनाउन सकियोस् ।**

**– जनार्दन नेपाल**

## कसरी सुधार्ने ?

### महेन्द्र विष्ट

पीसीएफको नीति 'शिक्षा नैसर्गिक अधिकार हो' भन्ने अवधारणामा आधारित भएर आएको हो कि होइन भन्नेमा सबैभन्दा पहिला स्पष्ट हुनुपर्छ । यदि हामीले केटाकेटीको शिक्षा अधिकारलाई ग्यारेन्टी गर्न खोजेका हौं भने एक जना मात्र विद्यार्थी भए पनि शिक्षक दिनुपर्छ । त्यसैले शिक्षा मन्त्रालयले हामीलाई पनि यो कुरामा स्पष्ट पारिदिनुपर्‍यो ।

पीसीएफको अवधारणा र कार्यान्वयन प्रक्रिया सम्बन्धी चेतना स्कूल तहमा पुगिसकेको छैन । केन्द्रले कति अनुदान जिल्लामा पठाउँछ र जिल्लाले कति स्कूललाई पठाएको छ भन्ने बारेमा व्यवस्थापन समितिका सदस्यहरूलाई नै सूचना छैन । त्यसलाई के कसरी खर्च गर्ने भन्ने सवालमा प्रअ समेत अनभिज्ञ पाइन्छन् । हामीले अघिल्लो वर्षको फ्लास रिपोर्ट हेरेर यस वर्षको पीसीएफ अनुदान दिने गरेका छौं । अघिल्लो वर्षको तुलनामा यस वर्ष विद्यार्थीको सङ्ख्या बढ्न वा घट्न सक्छ । पोहोर साल एउटा कक्षामा जति विद्यार्थी थिए, अपवाद बाहेक यो साल पनि ठ्याक्कै त्यति हुँदैन । विद्यार्थी सङ्ख्या घटबढ हुँदा अनुदान पनि स्वत: घटबढ हुन जान्छ । तर विद्यार्थी लागत अनुदान भनिसकेपछि त वास्तविक विद्यार्थी सङ्ख्याका आधारमा अनुदान निकासा गर्नै पर्ने हुन्छ । तसर्थ, यसनिम्ति चालु शैक्षिक सत्रकै विद्यार्थी सङ्ख्यालाई आधार मान्नुपर्छ । अर्थात् त्यसैले वैशाख/जेठमा सङ्कलन हुने तथ्याङ्कका आधारमा मात्र अनुदान स्कूलमा पठाउनुपर्छ ।

### केशवप्रसाद भट्टराई

मेरो विचारमा छात्रवृत्ति, पोशाक र मसलन्द खर्च व्यवस्थापनका लागि पीसीएफ अनुदान ठीकै होला । तर, शिक्षक व्यवस्थापनका लागि पीसीएफ अनुदान विकल्प हुनै सक्दैन । शिक्षकको पेशागत हितका लागि पनि यो राम्रो होइन । अर्को वर्ष विद्यार्थी सङ्ख्या घट्यो भने शिक्षकको अनुदान स्वत: घट्छ । त्यो अवस्थामा विद्यार्थी घटे तिम्रो तलब पनि घट्यो भनेर भन्न मिल्छ ? शिक्षकले कसरी तलब पाउँछ ? शिक्षक कहाँ जाने ? तसर्थ शिक्षकको दरबन्दी नै व्यवस्था गर्नुपर्छ ।

### दीपक शर्मा, उपनिर्देशक, शिक्षा विभाग

पीसीएफ भन्नेवित्तिकै हामीले दुई वटा कुरामा केन्द्रित हुनुपर्छ । एउटा तलबी र अर्को गैरतलबी अनुदान । हामीले दिने छात्रवृत्ति, पाठ्यपुस्तक र स्कूलको व्यवस्थापन खर्च गैरतलबी अनुदान हुन् । अर्को चाहिँ शिक्षकको तलबसँग गाँसिएको कुरा भयो । तथ्याङ्क प्रमाणीकरणको सन्दर्भमा भन्नुपर्दा कतिपय जिल्लामा धेरै नै नक्कली तथ्याङ्क भेटिएका छन् भने कुनै जिल्लामा त्यसो नगरिएको अवस्था पनि छ । एउटा विद्यार्थी बढी देखाएबापत स्कूलले पाठ्यपुस्तक, मसलन्द र शिक्षक व्यवस्थापनका लागि थप अनुदान पाउँछ । त्यही कारणले पनि स्कूलहरूले विद्यार्थीको झुटो विवरण दिएका हुन्छन् । खाली शिक्षक अनुदानको कारणले मात्रै होइन ।

हामीले पहिल्यैदेखि निर्देशिका बनाएर पीसीएफ अनुदान वितरण गर्दै आएका छौं । गत वर्ष निर्देशिकालाई केही परिमार्जन गरिएको थियो । हालसम्म दिँदै आइएको पीसीएफ अनुदान व्यवस्थापनमा कहीं न कहीं समस्या भयो भन्ने हाम्रो बुझाइ छ । त्यसैले निर्देशिकालाई अझै परिमार्जन गर्ने हाम्रो सोचाइ छ । विगतका निर्देशिकाको कार्यान्वयनमा के कस्ता कमी-कमजोरी भए र त्यसमा के कस्ता कुरा हेरफेर गर्ने भन्ने काममा हामी गृहकार्य गरिरहेका छौं । हालसम्म हामीले निम्नमाध्यमिक तहसम्म पीसीएफ अनुदान दिँदै आयौं । विस्तारै माध्यमिक र उच्चमाध्यमिक तहसम्म यसलाई विस्तार गर्नुपर्ने अवस्था छ ।

### जनार्दन नेपाल

पीसीएफ वास्तवमा 'सूत्रमा आधारित अनुदान' हो । यो अभ्यास नेपालमा मात्रै नभएर विदेशतिर पनि प्रचलनमा छ । खासगरी विकेन्द्रीकृत सिद्धान्त अँगालेका मुलुकले यस्ता खाले अनुदानलाई प्रचलनमा ल्याएका छन् । तर, हामी अझै पनि केन्द्रीकृत व्यवस्थापनमा छौं । त्यसले चाहिँ समस्या सिर्जना गरेको छ । यसले गर्दा नै स्कूलस्तरमा भएका अनुदान व्यवस्थापनको समस्यालाई हामीले समेट्न नसकेका हौं । पीसीएफ अनुदान अहिलेको जस्तो केन्द्रीय तहबाट दिइने होइन । यो स्थानीय सरकारले नै व्यवस्थापन गर्नुपर्थ्यो । जसबाट अनुदानको परिचालन, अनुगमन तथा मूल्याङ्कनका प्रक्रिया थप प्रभावकारी बनाउन सकियोस् ।

विद्यार्थीको सङ्ख्या प्रमाणीकरण हुनुपर्छ भन्नेमा सबैको एकमत छ । विद्यार्थी सङ्ख्याकै आधारमा केन्द्रीय सरकारले अनुदान उपलब्ध गराउनुपर्छ । त्यसमा शर्तयुक्त र नि:शर्त अनुदानलाई छुट्याउनुपर्छ । सामान्यत: नि:शर्त अनुदान नै बढी दिइनुपर्छ । तर, त्यसका लागि स्थानीय सरकारलाई स्कूलप्रति बढ्ता जिम्मेवार र जवाफदेही बनाइनुपर्छ ।


*(१८ मङ्सिर २०६७)*

सुदर्शन घिमिरे, बझाङमा


# विवरण ढाँट्दै, बढी अनुदान माग्दै

- कक्षा सातसम्म पढाइ हुने मालिका निम्न माध्यमिक विद्यालय, ढडारमा २०६६ सालमा ७३ छात्रा र ८० छात्र गरी कुल १५३ भर्ना भएका थिए। तर, स्कूलले शिक्षा कार्यालयमा पठाएको विवरणमा भने छात्रा सङ्ख्या १०९ र छात्र सङ्ख्या १४२ गरी नयाँ भर्ना भएका विद्यार्थीको सङ्ख्या २५१ उल्लेख गरिएको थियो।
- मष्टा प्रावि, गुरेलथुममा जम्मा १३८ विद्यार्थी भर्ना भएका भए पनि शिक्षा कार्यालयलाई १९७ जना विद्यार्थीको आँकडा पठायो।
- केदार प्रावि, थापागाउँले त ढाँट्ने कुरामा धेरैलाई उछिनेको देखियो। उसले आफूसँग भएको भन्दा १४९ जना बढी विद्यार्थी भएको आँकडा बुझाएछ। ५२ जना छात्रा र १०३ जना छात्र गरी कुल १५५ जना विद्यार्थी भर्ना भए पनि उसले १२६ जना छात्रा र १७८ छात्र गरी जम्मा ३०४ जना विद्यार्थी भएको विवरण जिशिकामा पठायो।

बझाङमा आफूसँग भएको भन्दा बढाइचढाइँ गरी विद्यार्थी सङ्ख्या देखाउने स्कूल यी तीन वटा मात्र भने होइनन्। नवादेव प्रावि जाम्वाज, दोलीचौर निमावि दोलीचौर, बाल विकास प्रावि जसुडा, जनचेतना प्रावि सिङचुला, भगवती मावि सोला, भवानी प्रावि, गडखेत लगायत दर्जनौं स्कूलले त्यसरी आँकडा ढाँटेको पाइन्छ। प्राय: स्कूलले २० देखि १५० सम्म विद्यार्थी सङ्ख्या बढाएर विवरण पेश गरेका छन्।



**जम्मा विद्यार्थी ३५७, उपस्थिति १२५: भवानी निमावि, लौटाको फैं जिशिकाले यसरी नै सबै विद्यालयहरुको तथ्यांक क्रस चेक गरेको थियो।**



**पीसीएफ वितरण गर्ने जिल्ला शिक्षा समितिको निर्णय**

## यसरी खुल्यो भेद

२०६६ भदौमा सोलुखुम्बुबाट सरुवा भएर बझाङ आएका जिशिअ लोकनाथ पौडेलले पहिलो आँखा विद्यार्थी भर्नाको आँकडामै लगाए। उनले सोलुखुम्बुमा छँदै स्कूलहरूले विद्यार्थी सङ्ख्या बढाइ-चढाइँ गर्ने प्रवृत्ति बढेको चाल पाइसकेका थिए। त्यहाँ उनले भर्ना आँकडा रुजु गर्ने कार्य शुरु पनि गरिसकेका थिए। बझाङका केही स्कूलको आँकडा हेर्नेवित्तिकै उनको आशङ्काले आधार पायो। पौडेल भन्छन्, "पढ्ने उमेरका सबै केटाकेटी विद्यालयमा भर्ना हुँदा पनि यत्रो सङ्ख्या नपुग्ने देखेपछि ठूलै गडबढी छ भन्ने कुरा अनुमान गर्न मलाई कठिन भएन।" *(हे. अन्तर्वार्ता)*

आफ्नो आशङ्का सही भएको पाउनेवित्तिकै जिशिअ पौडेलले जिल्लाभरका करिब ४०० स्कूलको तथ्याङ्क रुजु गर्ने अभियान अघि बढाए। पहिले तथ्याङ्क बढाइ-चढाइँ गरेर पठाउँदा त्यसका प्रत्यक्ष साक्षी रहेका स्रोतव्यक्तिलाई नै रुजु गर्न पठाउँदा त्यसको विश्वसनीयतामा प्रश्न उठ्न सक्दथ्यो। यो कुरालाई मध्यनजर गरेर जिशिअ पौडेलले एउटा स्रोतव्यक्तिलाई अर्को स्रोतव्यक्तिको कार्यक्षेत्रमा खटाउने जुक्ति निकाले। त्यसपछि; गत वर्षको कात्तिकमा हरेक स्कूलमा गएर तथ्याङ्क प्रमाणीकरण गर्ने काम सम्पन्न भयो। स्रोतव्यक्ति खगेन्द्रप्रसाद जोशी भन्छन्, "हामीले धेरै मिहिनेतका साथ यो काम सम्पन्न गर्‍यौं। गाउँ-गाउँ जानुपर्दा दु:ख त पाइयो। तर, काम गर्दा मजा पनि आयो र हामी उत्साहित पनि भयौं।"

## १६ हजार विद्यार्थी घटे

जिशिअ पौडेलका अनुसार, फिल्डबाट तथ्याङ्क जम्मा भएर आएपछि त्यसलाई 'फ्लास रिपोर्ट' (शिक्षा विभागले प्रकाशित गर्ने विद्यार्थी र विद्यालयको देशव्यापी विवरण, आँकडा) सित भिडाएर हेरियो। *फ्लास* रिपोर्टमा भरिएको तथ्याङ्क, विद्यार्थी हाजिरकापीको रेकर्ड र निरीक्षण गर्दाको दिन विद्यालयमा उपस्थित विद्यार्थी सङ्ख्याबीच भेटिएको भिन्नताका आधारमा तथ्याङ्कमा भएको गडबढी पहिचान गरिएको हो। जिशिअ पौडेलका अनुसार *फ्लास* रिपोर्टमा अत्यधिक सङ्ख्या देखाएका स्कूलको विद्यार्थी सङ्ख्या हाजिरकापी र उपस्थितिको आधारमा घटाइएको थियो। यसो गर्दा जेठमा भरिएको *फ्लास-१* रिपोर्ट, २०६६ भन्दा जिल्लाभरमा १५ हजार ८५८ विद्यार्थी न्यून रहेको पाइएको थियो।

शिक्षा विभागको *फ्लास-१* रिपोर्ट, २०६६ ले बझाङका कुल ४०१ विद्यालयमध्ये ३९८ प्राथमिक, ११८ निमावि, ६० मावि र २२ उच्च माविहरूमा क्रमश: ६० हजार, १२ हजार ४५१, ५ हजार ४६६ र २ हजार २२८ जना विद्यार्थी रहेको देखाएको थियो। तर आँकडा रुजु भएपछि जिशिकाले प्राथमिक तहमा कुल ४८ हजार ३०२ विद्यार्थी सङ्ख्या कायम भयो। यसरी प्रावि तहमा फ्लास रिपोर्टमा भन्दा ११ हजार ७४३ विद्यार्थी कम भए भने निमावि तहको विद्यार्थी सङ्ख्या १ हजार २८८ घटेर ११ हजार १६३ जनामा झ्र्यो। जिशिकाले यही घटेकै सङ्ख्यालाई आधार बनाएर पीसीएफ उपलब्ध गरायो।

स्कूलले विद्यार्थी सङ्ख्या बढाइचढाइँ गरेर बढी रकम हात पार्न थालेको गुनासो आउन थालेपछि शिक्षा विभागले सबै जिल्ला शिक्षा कार्यालयलाई केही विद्यालयमा छड्के जाँच गरेर अवस्था बुझ्न र सोको प्रतिवेदन पठाउन निर्देशन दिएको छ। तर, बझाङका जिशिअ पौडेलले चाहिँ यस पटक पनि पूरै जिल्लाभरका विद्यालयमा तथ्याङ्क 'क्रस चेक' गर्ने निधो गरेका छन्। उनी भन्छन्, "मेरो अनुमानमा यो जिल्लामा अझै १० देखि १२ हजार विद्यार्थी सङ्ख्या बढी देखाइएको छ। यसपटक त्यो पूरै चेक गर्न सकियोस् भनेर सबै विद्यालयमा छड्के जाँच गर्ने निधो गरेको छु।" तदनुरुप १५ पुसभित्र 'क्रस चेक' गरेर रिपोर्ट प्रस्तुत गर्न सबै स्रोतव्यक्तिलाई फरक स्रोतकेन्द्रमा पठाइएको छ। २२ मङ्सिरमा *शिक्षक* ले टेलिफोन सम्पर्क गर्दा स्रोतव्यक्ति धनबहादुर कार्की मष्टा प्रावि, थलकाँडामा थिए। १६ वटा स्कूलको निरीक्षण गरिसकेको बताउँदै उनले गत वर्षभन्दा तथ्याङ्क ढाँट्ने प्रवृत्ति घटेको भए पनि केही स्कूलले चाहिँ अझै ढाँटिराखेको पाइएको बताए। जिशिअ पौडेल पनि निरीक्षणका लागि सदरमुकामबाट २२ कोस टाढाको दहबगर गाविस पुगेका थिए।

## नढाँट्ने पनि छन्


शान्ति उमाविका प्रअ रामबहादुर थापा

**तथ्याङ्कमा** कुनै गडबढी नगरी जस्ताको तस्तै विवरण बुझाउने स्कूलहरू पनि बझाङमा नभएका होइनन्। सत्यवादी उच्च मावि त्यस्तै एउटा नाम जस्तै काम गर्ने विद्यालयमा पर्दछ। उक्त विद्यालयले *फ्यास रिपोर्ट* मा जति तथ्याङ्क भरेको थियो, जिशिकाको अनुगमनमा पनि त्यति नै विद्यार्थी देखिएका थिए।

तपाईंले किन तथ्याङ्क नढाँट्नुभएको? भन्ने जिज्ञासा सो स्कूलका प्रअ लालबहादुर खड्काले *शिक्षक* सित भने, "तत्कालको लाभका लागि त ढाँट्दा केही फाइदा होला। तर शिक्षक भएर ढाँट्ने काम गर्नु पेशागत मर्यादा विपरित भएकाले हामीले सत्य रिपोर्ट नै बुझायौं। हामीले ढाँट्ने कामले अन्तत: हामीलाई नै भ्रष्टीकरणको दिशामा लैजान्छ भन्ने कुरामा हामी विशेष रूपमा सजग छौं।"

रामबहादुर थापा जिल्लाका पुराना शिक्षकमध्ये पर्छन्। उनले पढाएका विद्यार्थी नै अहिले दर्जनौं स्कूलमा शिक्षक तथा प्रअ छन्। उनको स्कूल शान्ति उमावि पनि तथ्याङ्क ढाँट्ने स्कूलमा पर्दैन। "अरूलाई कहिल्यै ढाँट्नुहुन्न भनेर सिकाउने हामी शिक्षकहरूले नै ढाँट्न थाल्यौं भने हाम्रो नैतिक धरातल नै समाप्त हुन्छ नि!" थापा भन्छन्। दलित विद्यार्थीको तथ्याङ्क प्राविधिक कारणवश केही त्रुटिपूर्ण हुन गएको स्वीकार गर्दै उनले थाहा हुनासाथ त्यसलाई सच्याइएको बताए।

यी बाहेक बालविकास मावि, लुयाटा लगायत दर्जनौं विद्यालयहरूले जस्ताको तस्तै तथ्याङ्क पेस गरे।

## किन यसो भयो ?


यी विद्यालयहरू किन यसरी ढाँट्छन् त विद्यार्थी सङ्ख्या? प्रश्न जति पेचिलो छ, उत्तर त्यति सहज छैन। जिल्लाकै पुराना एवं प्रतिष्ठित प्रधानाध्यापक रामबहादुर थापाको अनुभवमा अकारण यसो भएको छैन। उनी भन्छन्, "सरकारले स्कूललाई आवश्यक पर्ने शिक्षक र बजेट उपलब्ध गराएको छैन। त्यसैले तथ्याङ्कमा ढाँटेरै भए पनि स्कूललाई केही बढी स्रोत मिल्छ भन्ने मनोविज्ञानले काम गरेको हुनसक्छ।" उनको बुझाइमा, वास्तविक विद्यार्थीको विवरण शिक्षा कार्यालयमा बुझाउँदा विगतमा पाएको राहत वा पीसीएफ अनुदान पनि गुम्ने खतरा आउन सक्छ। तर केही यस्ता प्रअहरू पनि छन्

**"जिशिअ सरले गर्नुभएको प्रयासले निराशाको अवस्थामा पनि केही सुधार र आशा जगाएको छ।"**

**लालबहादुर खड्का,** प्रअ, सत्यवादी उमावि



# स्कूलहरूले यसरी ढाँट्नुहुँदैन


तस्बिरहरू: सुदर्शन घिमिरे

**लोकनाथ पौडेल, जिशिअ, बझाङ**

**शिक्षा विभाग भर्खरै मात्र पीसीएफ सम्बन्धी तथ्याङ्क रुजु एवं प्रमाणीकरणमा लागिपरेको छ; तर तपाईंले गत साल नै सम्पूर्ण तथ्याङ्क रुजु गरी विद्यालय प्रोफाइल समेत तयार गर्नुभएको रहेछ। यस्तो गर्ने सोचाइ कसरी आयो ?**

एक वर्षअघि यहाँ आउनेबित्तिकै शिक्षा कार्यालयका सहकर्मी, अन्य सरोकारवालाहरूसँग जिल्लाका मुख्य शैक्षिक समस्या के-के हुन् भन्ने बारेमा जिज्ञासा राखें। जवाफमा अधिकांशले अन्य कुराहरूका अतिरिक्त तथ्याङ्कको समस्या भएको बताए। तथ्याङ्क सम्बन्धी समस्या बुझ्न मैले जिल्लाको जनसङ्ख्या र प्राथमिक तह उमेरका बालबालिकाको सङ्ख्या तथा *फ्ल्यास-१,* २०६६ को आँकडा हेरें। पछिल्लो जनगणना र बझाङको जनसङ्ख्या वृद्धिदर सबैलाई हेर्दा यो जिल्लामा करिब ३० हजारको हाराहारीमा प्राथमिक तह उमेर समूहका केटाकेटी हुनुपर्ने देखियो; जबकि *फ्ल्यास-१,* २०६६ मा त्यसको दोब्बर अर्थात् करिब ६० हजार केटाकेटी स्कूल भर्ना भएको देखाइएको छ। यति ठूलो फरकले मलाई आश्चर्यचकित तुल्यायो। स्कूल जाने उमेर समूहका सबै केटाकेटी स्कूलमा भर्ना हुँदा पनि यति ठूलो सङ्ख्या हुनसक्ने देखिएन।

यस अगाडि कार्यरत सोलुखुम्बु जिल्लामा पनि यस किसिमको समस्या पाएको थिएँ। त्यसलाई निराकरण गर्ने हेतुले सोलुका हरेक विद्यालयको प्रोफाइल तयार गर्ने र तथ्याङ्क रुजु गर्ने कार्य आरम्भ गरेको थिएँ। तर त्यहाँको काम नसकिँदै मेरो सरुवा भयो। यहाँ पनि त्यही प्रवृत्ति झन् गहिरोसित दोहोरिएको आशङ्का भयो। त्यसैले तथ्याङ्क रुजु गर्न शुरु गरेँ।

**काम कसरी प्रारम्भ गर्नुभयो ?**

विद्यार्थी सङ्ख्या बढाइचढाइँ गरी केन्द्रमा पठाउनु यो जिल्लाको ठूलो समस्या हो भन्ने कुरा विद्यालय व्यवस्थापन समिति, प्रअ, जिल्ला शिक्षा समितिका पदाधिकारी र शिक्षकका पेशागत सङ्गठनहरूलाई महसुस गराउने कार्यलाई मैले पहिलो प्राथमिकतामा राखेँ। किनभने जबसम्म उनीहरूले जो तथ्याङ्क बढी देखाएर आएको अनुदानलाई निजी स्वार्थमा दुरुपयोग गर्न चाहन्छन्।

विद्यार्थी सङ्ख्या बढाउने जस्तै अर्को घातक प्रवृत्ति पनि गाउँमा मौलाउँदै गएको पाइन्छ। लुयाँटा गाविसको बाल विकास मावि नजिक ५ देखि २० मिनेटको दूरीमै हालसालै तीन वटा मावि खुलेका छन्। यी स्कूल मूलत: जागिर खान-खुवाउनकै लागि खोलिएका हुन्। यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न जिशिअ पौडेलले प्रयास नै नगरेका होइनन्। तर उनी सफल हुन सकिरहेका छैनन्। उनी भन्छन्, "तर, जिल्ला शिक्षा समितिलाई 'कन्भिन्स' गर्न म सफल हुन सकिनँ।" चार वर्षयता बझाङमा करिब १०० वटा नयाँ प्रावि खोलिएका छन्।

स्रोतव्यक्ति खगेन्द्र जोशी थप्छन्, "विद्यार्थी सङ्ख्या बढाउनुको मुख्य ध्येय शिक्षकको नयाँ 'जव' सृजना गर्नु नै हो, जहाँ पढेलेखेका र रोजगारी नपाएका आफन्तलाई राख्न सकियोस्।" यस मामिलामा प्रअ र व्यवस्थापन समितिको मुख एक चुच्चो भएको उनको अनुभव छ। 'यदि

यो ठीक होइन भनेर आत्मसात् गर्दैनन्, तथ्याङ्क रुजु गर्न सम्भव नै हुँदैनथ्यो ।

सबै पक्षहरू सहमत भइसकेपछि विद्यालयको बारेमा थप जानकारी र सूचनाहरू समेत आउने गरी तथ्याङ्क फारम विकसित गरियो । स्रोतव्यक्तिहरूलाई आफू कार्यरत भन्दा फरक स्रोत केन्द्रमा खटाई, उहाँहरूकै रोहवरमा तथ्याङ्क लिने काम भयो ।

**परिणाम के आयो ?**

१५,८५८ विद्यार्थी बढी 'रिपोर्टिङ' भएको पुष्टि भयो । अधिकांश विद्यालयहरूले पीसीएफ अनुदान प्राप्त गर्ने प्रलोभनमा परी कक्षा १ मा धेरै विद्यार्थी भर्ना भएको देखाउने गरेको पाइयो । त्यसो गर्नुको एउटा उद्देश्य- बढी शिक्षक (राहत कोटा) माग गर्नु रहेको देखियो । तर विद्यालयहरूलाई *फ्ल्यास रिपोर्ट* मा छापिएको तथ्याङ्कका आधारमा होइन, हामीले रुजु गर्दा देखिएको तथ्याङ्कका आधारमा निकासा दियौं । यसबाट सरकारको ठूलो धनराशी नर्म्स विपरित खर्च हुनबाट जोगियो ।

यही कामको माध्यमबाट हामीले जिल्लाका सबै विद्यालयहरूको प्रोफाइल तयार गर्‍यौं । यसले गर्दा पीसीएफको तलब र गैर तलबको रकम निकासा दिन सजिलो भयो । विभिन्न छात्रवृत्तिहरू (५० प्रतिशत छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति) वितरणमा सहजता भयो । आगामी दिनमा सही तथ्याङ्क भर्नुपर्ने विषयमा विद्यालयहरू केही हदसम्म सजग भए भन्ने पनि लागेको छ । यसै पनि ढाँटेर काम गर्नु राम्रो होइन; झन् केटाकेटीहरूलाई सत्य बोल्न सिकाउने स्कूलले त यो काम गर्दै गर्नुहुन्न भन्ने कुराको बोध कैयन् स्कूलका प्रअले गरेका छन् । बझाङको सन्दर्भमा यो महत्त्वपूर्ण उपलब्धि हो भन्ने ठानेको छु ।

राम्रो र सृजनशील कामको प्रभाव जिल्ला र स्कूलमा मात्र होइन, केन्द्रमा पनि पर्दोरहेछ भन्ने महसुस भएको छ । बझाङको तथ्याङ्क रुजु गरिसकेपछि प्राप्त नतिजालाई आधार मानी शिक्षा विभागले यस वर्ष आमरूपमै तथ्याङ्क रुजु गर्ने कार्यक्रम ल्याएको छ । नीतिगत सुधारमा समेत सहयोग पुग्नु सन्तोषको कुरा हो ।

**तथ्याङ्क रुजुपछि कस्तो प्रतिक्रिया आयो ?**

खासै नकारात्मक प्रतिक्रिया आएन । बरु, अझै पनि १०/१५ हजार विद्यार्थी बढी रिपोर्टिङ भएको हुनसक्ने आशङ्का छ । यस वर्ष पनि तथ्याङ्क रुजु गर्न सकारात्मक सहयोग र पृष्ठपोषण प्राप्त भएको छ । जिल्लामा कसैले पनि यस कार्यको विरोध गरेका छैनन् । बरु यस कार्यको प्रशंसा गरेका छन् । सुधार गर्न खोजे त्यसलाई सबैले स्वागत गर्दा रहेछन् भन्ने महसुस भएको छ । त्यसबाट म धेरै नै उत्साहित भएको छु ।

**नयाँ कार्यक्रम के-के राख्नुभएको छ ?**

तथ्याङ्क रुजु गर्ने क्रममा हामीले धेरै महत्त्वपूर्ण कुराहरू सिक्यौं । नभएका विद्यार्थी छन् भनेर गलत रिपोर्टिङ हुनुको मूल कारण निरीक्षण नहुनु नै हो भन्नेमा म शतप्रतिशत विश्वस्त भएँ । त्यसैले जिल्ला शिक्षा कार्यालयको सिङ्गो टिम नै निरीक्षण तथा अनुगमनमा विशेष रूपमा परिचालित गर्नै पर्छ । गतसाल म आफैं पनि स्कूलहरूको निरीक्षणमा निस्किएँ । अब स्रोत व्यक्तिहरूलाई समेत यसनिम्ति परिचालित गर्नुपर्छ भन्ने निष्कर्षमा पुगेको छु ।

त्यस्तै हरेक विद्यालयको शैक्षणिक कार्ययोजना तयार गर्न लगाएर बालमैत्री अवधारणा अनुरुप पठनपाठन गराउने कुरालाई हामीले विशेष प्राथमिकतामा राखेका छौं । किनकि हाम्रा सबै प्रयासहरूको केन्द्रीय लक्ष्य भनेको केटाकेटीको सिकाइ उपलब्धिस्तर माथि पुर्‍याउनु हो । त्यसका लागि सबैभन्दा बढी शिक्षक साथीहरूले आफ्नो शिक्षण प्रक्रियामा सुधार ल्याउनुपर्नेछ । र, उहाँहरूलाई घचघच्याउन, आवश्यक पर्दा सहयोग गर्न पनि सुपरीवेक्षण जरुरी छ ।

हरेक विद्यालयको प्रोफाइल अद्यावधिक गरिराख्नु अति नै आवश्यक रहेछ भन्ने कुरा महसुस गरेर हामीले गत सालदेखि नै यसको सुरुआत गरेका छौं । त्यसलाई परिष्कृत गरेर यस वर्ष पुस्तिका नै प्रकाशन गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी यसअघि घरदैलो सर्वेक्षण गरी प्राप्त गरेको साक्षर-निरक्षरहरूको तथ्याङ्क अद्यावधिक गर्ने साथै उक्त तथ्याङ्कको विश्लेषण गर्न तथा कम्प्युटरमा राख्न सफ्टवेयर तयार गर्ने सोच बनाइएको छ । त्यस्तैगरी जिल्लाभरका शिक्षकहरूको अभिलेखलाई व्यवस्थित तरिकाले राख्ने लक्ष्य राखिएको छ ।

आफन्तलाई गाउँमै राम्रो रोजगारी सृजना हुन्छ भने तथ्याङ्क ढाँटेर के फरक पर्छ र' भन्ने मनोविज्ञानले सबैलाई गाँजेका कारण तथ्याङ्क बढाइ-चढाइँ गर्ने र अनावश्यक स्कूल खोल्ने प्रवृत्ति मौलाएको स्पष्टै देखिन्छ ।

२०५८ सालमा सङ्कटकाल लागेपछि एसएलसी परीक्षा खुकुलो बनाउने मामिलामा बदनामी कमाएको बझाङ जिल्लामा तीन वर्षयता तथ्याङ्कको मामिलामा पनि उस्तै बदनामीपूर्ण नियति भोग्न पुगेको स्थानीय बुद्धिजीवीहरूको कथन छ । जिशिअ पौडेलले चालेको कदमबाट केही आशाको सञ्चार पनि गराएको छ । सत्यवादी उमाविका प्रअ लालबहादुर खड्का भन्छन्, "जिशिअ सरले गर्नुभएको प्रयासले निराशाको अवस्थामा पनि केही सुधार र आशा जगाएको छ ।" उनको विचारमा, निरीक्षण प्रक्रियालाई चुस्त र प्रभावकारी बनाउँदै लैजाने, तथ्याङ्क राख्ने प्रणालीमा सुधार गर्ने र राम्रोसित स्कूल चल्न चाहिने बजेट व्यवस्था भएमा हाल देखिएको समस्या निराकरण गर्न सकिन्छ ।

विचार

डा. विनयकुमार कुशियैत



# खाँचो: पर्खालविहीन स्कूलको

महाभारतका पात्रहरू एकलव्य र कर्ण क्षेत्रीय कुलको परिचय नभएकै कारण उत्कट इच्छा हुँदाहुँदै पनि योग्य गुरु (द्रोणाचार्य) सँग धनुर्विद्या सिक्नबाट बञ्चित हुनुपरेको थियो । कर्णले पछि गएर आफूलाई ब्राह्मण बताएर परशुरामबाट धनुर्विद्या त सिके तर जात ढाँटेको दण्डस्वरुप त्यही शिक्षा अभिशाप पनि बन्न पुग्यो ।

महाभारतकाल गुज्रिएको करिब चारहजार वर्ष बितिसकेको छ । तर आज पनि शिक्षा विभेदरहित हुनसकेको छैन । धनी र गरिबका निम्ति स्कूल मात्रै अलग-अलग छैनन्, तिनले पढ्ने विषय र पुस्तक समेत भिन्न हुने गरेका छन् । शैक्षिक विभेद नेपाल जस्ता देशको मात्रै समस्या भने होइन । यसले लगभग विश्वलाई नै पिरोलेको छ । यो विसङ्गति निर्मूल पार्न अघि सारिएका अवधारणाहरूमध्ये एउटा हो- पर्खालविहीन स्कूल । शिक्षामा हुने विभिन्न प्रकारका बहिष्करण र विभेद-प्रक्रियालाई निरुत्साहित पार्न पर्खालविहीन स्कूलको अवधारणालाई साकार तुल्याउनुपर्ने मान्यता सबैतिर मजबुत हुँदै गएको छ ।

शिक्षा मानव विकासको प्रमुख माध्यम हो । यो सामाजिक परिवर्तन तथा सशक्तिकरणको एउटा महत्त्वपूर्ण उत्प्रेरक पनि हो । लैङ्गिक, जातीय, वर्गीय जस्ता पौराणिक असमानता तथा विभेदलाई हटाउन शिक्षाले नै मद्दत गर्दछ । त्यसनिम्ति सर्वप्रथम आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गहरूले खेप्नुपर्ने विभेद र निषेधका प्रक्रियाहरू तोड्नु जरुरी हुन्छ । शिक्षाको हकमा पर्खालविहीन स्कूलको सिर्जना त्यस्ता छेकबार भत्काउने पहिलो पाइला हुनसक्छ ।

नेपालमा शिक्षा प्रणालीमा हुने गरेको 'बहिष्करण'को लामो इतिहास छ । उदाहरणका लागि सामाजिक वर्गका आधारमा बालबालिकाहरूको स्कूल छनोट गर्ने अधिकार जस्ता विभेदकारी अभ्यास हुने, शहरीक्षेत्रमा निजी ('इलिट') स्कूलको स्थापनामा होड बढ्ने र त्यसमा पनि गरीब र सामाजिक विभेदमा परेका जात, वर्ग, समुदाय र भाषिक रूपमा अल्पसङ्ख्यकहरू शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने भएकाले स्कूल प्रणालीमा विभेदरुपी ठूलो पर्खाल स्थापित छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । एकातिर सामाजिक र आर्थिक रूपमा विभेदमा परेका परिवारका बालबालिकाहरू यसरी शिक्षाको अवसरबाट वञ्चित हुनुपरेको छ भने अर्कातिर केही बालबालिकाले विद्यालयमा शिक्षाको पहुँचभित्र परेर पनि विभिन्न कारणवश विद्यालय परित्याग गर्ने वा गुणस्तरीय शिक्षा र सिकाइबाट वञ्चित हुनुपर्ने नियति भोग्नुपर्छ । उनीहरूका लागि स्कूल नै एउटा छेकबार वा पर्खालको रूपमा उभिने दुर्भाग्यपूर्ण स्थितिको सृजना हुने गरेको छ । राज्य र शिक्षाविद् दुवैका लागि यो ठूलो चुनौतीको विषय बनेको छ ।

## के हो पर्खालविहीन स्कूल ?

पर्खालविहीन स्कूलसँग सम्बन्धित मुख्यत: दुईवटा अवधारणा पाइन्छन् । पहिलो, स्कूलले बालबालिकाको सिकाइ र शिक्षामा हुने सहभागितामा उनीहरूको सामाजिक, आर्थिक तथा भौतिक अवस्थाका आधारमा कुनै पनि किसिमको अवरोध वा विभेद गर्नुहुँदैन । यस सन्दर्भमा कतिपय देशका शिक्षा नीतिमा 'साझा स्कूल' प्रणालीलाई बलियो रूपमा अगाडि सारेको पाइन्छ, जुन नेपालको सन्दर्भमा पनि समसामायिक हुने देखिन्छ । यसको अर्थ, स्कूलले हाम्रो विविधतालाई समेट्न सक्नुपर्छ र कक्षाकोठाभित्र पनि बालमैत्री सिकाइलाई प्रोत्साहित गर्नुपर्दछ । दोस्रो, स्कूलले सिकाइलाई कक्षाकोठाभित्र सीमित नराखी स्कूलभन्दा बाहिर; समुदायसम्म परिचालन गर्न सक्नुपर्दछ । यसका लागि वैकल्पिक स्कूल जस्ता अवधारणालाई अगाडि ल्याउनुपर्छ ।

छोटकरीमा भन्दा, नेपालमा स्कूल नै पर्खालको रूपमा उभिने कुरा कैयौं अभ्यासहरूले छर्लङ्ग पार्छन् । स्कूलका त्यस्ता दृश्य-अदृश्य पर्खालहरूलाई निम्न बुँदामा समेट्न सकिन्छ:

## पहिलो पर्खाल: प्रवेश परीक्षा

खासगरी नेपालको शहरी क्षेत्रमा नाम कहलिएका प्राथमिक स्कूलहरूमा बालबालिका भर्नाका लागि प्रवेश परीक्षा दिनुपर्ने बाध्यता छ । त्यस्तो परीक्षामा विविध कारणवश अनुत्तीर्ण हुनेहरू सो स्कूलमा पढ्नबाट बञ्चित हुन्छन् । यस्तो प्रणालीले सबै बालबालिकाको स्कूलमा भर्ना भई शिक्षा आर्जन गर्ने समान अधिकारको अवधारणामाथि कुठाराघात गर्छ । यो एकप्रकारको विभेद नै हो, किनभने प्रारम्भिक कक्षाको बच्चाले आफ्नो रुचिसम्म व्यक्त गर्न सक्छ, प्रवेश परीक्षामा सोधिने प्रश्नको तयारी उसको चासोको विषय नै हुँदैन । प्राथमिक



कक्षामा बच्चालाई प्रवेश परीक्षामा फेल भएको भनेर भर्ना नगर्नु- त्यस्ता बच्चाको निम्ति स्कूल नै छेकबार वा पर्खालको रूपमा उभिनु हो । धेरै देशहरूमा यस्तो विभेदकारी नीति खारेज भइसकेको छ ।

## गरिबी

नेपालमा लगभग ३१ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि छन् । तिनलाई बालबालिकाको पढाइ खर्च धान्न गाह्रो हुन्छ । घरपरिवारको खर्च धान्न बालबालिकालाई सानै उमेरमा काम लगाउन समेत त्यस्ता परिवार बाध्य हुन्छन् । यो अवस्था ग्रामीण भेगमा अति पिछडिएका समुदायमा बढी पाइन्छ अर्थात्, गरिबी स्कूल शिक्षाको बाधकका रूपमा रहन्छ । गरिबीकै कारण बालबालिकाहरूलाई स्कूलबाट बञ्चित हुन नदिन राज्यले उनीहरूका लागि 'सुरक्षा घेरा'को अवधारणा अवलम्बन गर्नुपर्छ ।

## अनुपयुक्त शैक्षिक वातावरण

विविध खाले सामाजिक परिवेशले गर्दा बालबालिकाहरूको सिकाइ शैली र क्षमतामा व्यक्तिगत भिन्नता रहन्छ । स्कूलले समयमै त्यस्तो भिन्नतालाई सम्बोधन गर्न सकेन भने सम्बद्ध बालबालिकाको निम्ति त्यो नै शिक्षाबाट वञ्चितिको कारण बन्न पुग्छ । एउटा असल स्कूलले यस्ता कुरालाई ध्यानमा राखी कमजोर र पछाडि परेका विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने तथा अतिरिक्त कक्षाको व्यवस्थाबाट सिकाइस्तर माथि उकास्ने प्रयास गर्छ । अन्यथा यस्ता विद्यार्थीहरू पढाइमा कमजोर भई अनुत्तीर्ण हुने र अन्त्यमा स्कूल नै परित्याग गर्न सक्ने सम्भावना रहन्छ । यसैगरी शारीरिक र मानसिक रूपमा असक्त बालबालिकाहरू सिकाइको अवसरबाट वञ्चित नहुन् भनेर तिनका लागि स्कूलले विशेष शिक्षण-सिकाइको वातावरण मिलाउनुपर्ने हुन्छ ।

## हिंसा र त्रास

डरको माध्यमबाट सिकाइलाई स्थायी बनाउन नसक्ने कुरा विभिन्न अनुसन्धानबाट स्थापित भइसकेको छ । त्यसैले 'हिंसारहित' विद्यालय वातावरणको निर्माण आजको प्रमुख आवश्यकता र चुनौती दुवै बनेको छ । विद्यार्थीले जानेन वा जान्न चाहेन भने उसलाई शारीरिक दण्ड दिनुको सट्टा उसले किन जानेन वा जान्न चाहेन- त्यसको कारण बुझ्ने प्रयास गर्नुपर्छ । शिक्षकको त्रास वा पिटाइबाट बालबालिकालाई कक्षा छोड्ने र अन्त्यमा विद्यालय नै परित्याग गर्ने अवस्थासम्म पुऱ्याउँछ । यस्ता घटना हामीकहाँ जताततै भेटिन्छन् । त्यसैले स्कूलहरूले बालमैत्री शिक्षण प्रविधिहरूको प्रयोग गर्नु नै उत्तम मानिन्छ ।

## स्कूलमा बहिष्करणको अभ्यास

हामी शिक्षकहरू जानी-नजानी कक्षाकोठा तथा विद्यालयमा बहिष्करणका अभ्यास गरिरहेका हुन्छौं । उदाहरणका लागि कमजोर विद्यार्थीलाई उत्प्रेरित गर्नुको सट्टा अवहेलना गर्ने, ती किन कमजोर भए भन्नेतिर ध्यान नदिने, पारिवारिक र सामाजिक पृष्ठभूमिका कारण कुनै विद्यार्थीमाथि बढी ध्यान दिने र कसैलाई अवहेलनाको सिकार बन्ने जस्ता कुराले स्कूलभित्रका विभेदका अभ्यासहरू बढ्दै जानु दुखद् कुरा हो ।

## भाषिक कठिनाई

खासगरी प्राथमिक स्कूलमा शिक्षण-सिकाइको माध्यमको भाषाले बालबालिकाको सिकाइस्तरलाई प्रभावित पारिरहेको हुन्छ । यो तहमा स्थानीय भाषा र बहुभाषिक शिक्षण विधिको प्रयोगलाई आवश्यक मानिन्छ । विभिन्न अनुसन्धानबाट के कुरा प्रस्ट भएको छ भने, सानो उमेरका बालबालिकाहरू अन्य भाषाभन्दा आफ्नो मातृभाषामा पढाएको कुरा चाँडै र सजिलोसँग बुझ्दछन् र व्यक्त गर्दछन् । जबकि स्थानीय वा मातृभाषा बाहेकका भाषाको माध्यमबाट शिक्षण गर्दा उनीहरूको सिकाइमा कठिनाई उत्पन्न हुन्छ । त्यसैले स्कूलमा निरन्तरता दिन उनीहरूको भाषिक कठिनाई प्रमुख चुनौती बनेको छ ।

## असमावेशी पाठ्यक्रम र पाठ्यपुस्तक

नेपाल विविधताले भरिएको देश हो । हाम्रो पाठ्यक्रम निर्माण गर्दा यस्तो विविधतालाई सम्बोधन गर्न सकेनौं भने पाठ्यक्रम आफैंमा असमावेशी चरित्रको हुनजान्छ । यसबाट कतिपय संस्कृति र समुदायका व्यक्तिहरू आफू बहिष्करणमा परेको महसुस गर्न पुग्छन् । यसैले सकेसम्म पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा समावेशी चरित्रलाई ध्यान दिनु अति आवश्यक हुन्छ ।

## बहिष्कृत समुदाय

नेपालमा बसोबास गर्ने कतिपय यस्ता जातजाति र समुदायका मानिसहरू छन् जो आर्थिक र सामाजिक हिसाबले बहिष्कृततुल्य छन् । यस्ता गरीब, पिछडिएका र बहिष्कृत समुदायहरू (जस्तै डोम, दुसाध, खत्वे, चमार, राउटे, सन्थाल, चेपाङ इत्यादि)ले शिक्षाको महत्त्व नबुझेका कारण आफ्ना बालबालिकालाई स्कूल नपठाएका हुन सक्छन् । स्कूल पठाइहाले पनि सामाजिक, आर्थिक कारणले तिनका बालबालिकालाई स्कूलमा निरन्तरता दिन गाह्रो भइरहेको हुन्छ । यो समस्याको समाधान गर्न राज्यले गरीब र पिछडिएका समुदायका बालबालिकाहरूका लागि विशेषखाले 'सुरक्षाकवच' को व्यवस्था गर्न सक्नुपर्दछ । त्यो भनेको सबै खालका अवरोध र बाधा-व्यवधानहरू स्कूलले हटाउन सक्नुपर्छ भन्ने हो ।


स्कूलमा पढाउने विषयवस्तु पनि समावेशी हुनुपर्छ । सन् १९३० मा महात्मा गान्धीले बेलायत भ्रमणको अवसरमा प्रश्न गरेका थिए, 'ब्रिटिस सभ्यताका बारेमा यहाँ के पढाइन्छ ?' यो प्रश्नको तात्पर्य त्यहाँ शिक्षाको विषयवस्तुमा विभेद तथा सामाजिक न्यायलाई कसरी सम्बोधन गरिन्छ भन्ने थियो । यो प्रश्नभित्र लुकेको कुरा के हो भने शिक्षाका विषयवस्तुलाई समावेशी बनाउन सकिएको खण्डमा एउटाले अर्कोमाथि गरेको आधिपत्य र शोषण अन्त्य गर्न सजिलो हुन्छ । अर्थात्; समावेशी शिक्षा सधैं समता, नैतिक, मानवअधिकार, सामाजिक न्याय तथा सामाजिक र आर्थिक उत्थानसँग सम्बन्धित हुन्छ ।

निष्कर्षमा भन्नु पर्दा; पर्खालविहीन स्कूलको परिकल्पना साकार पार्न राज्य, शिक्षाविद् र नीतिनिर्माताहरूले समयमै ठोस र समतामूलक शिक्षानीतिको तर्जुमा र कार्यान्वयन गर्नु जरुरी छ । यसनिम्ति स्कूल बाहिर र भित्रको वातावरणमा सकारात्मक सुधारको खाँचो पर्छ । जाति, धर्म, सम्प्रदायका आधारमा समान शिक्षाको अवसरबाट बालबालिकाहरूलाई वञ्चित हुन नदिन राज्य बढी संवेदनशील बन्नुपर्छ । नेपालको सन्दर्भमा तर्जुमा हुन गइरहेको लोकतान्त्रिक संविधानले नै विशेष पहल गर्न सक्नुपर्छ ।

प्रमोद आयाम

# ‘बोर्ड फस्ट’हुने भविष्यवाणी !

**भवानीविक्रम राणा आफ्नो ३६ वर्षको शिक्षणकालका विद्यार्थीमध्ये किशोर थापालाई नै सर्वश्रेष्ठ विद्यार्थी मान्छन् । उनी भन्छन्, “प्रतिभावान् विद्यार्थी कस्ता हुन्छन् भन्ने कुरा मैले पनि सिक्न पाएँ । त्यस्ता विद्यार्थीलाई पढाउन पाउनु भाग्यकै कुरा रहेछ ।”**



तस्बिरहरू: विक्रम राई

काठमाडौं, कीर्तिपुरस्थित ल्याबरोटरी स्कूलका छात्र किशोर थापा कक्षा आठमा प्रथम भएपछि उनका शिक्षक भवानीविक्रम राणाले मार्कसिटमै लेखिदिए- 'निजले भविष्यमा बोर्डमा एसएलसी पास गर्ने आशा गर्न सकिन्छ।' एसएलसी दिने वेलामा किशोरको क्षमताबाट शिक्षक राणा झनै प्रभावित बने र उनले किशोर 'बोर्ड फस्ट' नै हुने अर्को भविष्यवाणी गरे। नभन्दै उनको कुरा पुग्यो, २०३१ सालको एसएलसी परीक्षामा ७४.२ प्रतिशत अङ्क ल्याएर किशोर थापा बोर्ड फस्ट भए।

टेष्ट परीक्षामा ८६ प्रतिशत ल्याएका किशोर बोर्ड फस्ट हुँदा पनि सोचे जति अङ्क नपाएर असन्तुष्ट बनेछन्। "सोचे जति नम्बर आएन, 'रिटोटलिङ' गरौं कि सर! भनेर सोध्न आयो।" राणा सम्झिन्छन्, "मैले फस्ट भइहाल्यौ। भैगो, पर्दैन भनेर सम्झाइदिएँ।"

२०२५ सालमा चोभारको आदिनाथ प्राविबाट कक्षा पाँच पास गर्दा किशोर आठ वर्षका मात्रै थिए। कलिलै भएकाले ल्याब स्कूलमा उनी फेरि कक्षा चारमै भर्ना गरिए। भवानी सरले उनलाई कक्षा पाँचदेखि दशसम्म अङ्ग्रेजी पढाए। कक्षा सातसम्म तेस्रा-चौथा हुँदै कक्षा आठमा पहिलो भएपछि किशोरलाई बढी नजिकबाट चिनेको बताउँछन्, भवानी सर। उनको स्मरणमा कक्षामा किशोरका अरू दुई प्रतिस्पर्धीहरू थिए, राजेशध्वज जोशी र अजय घिमिरे। यी तीन जनाको प्रतिस्पर्धा स्कूलमा चर्चित थियो। तीनमध्ये एसएलसीमा कसले उछिन्ला! भनेर शिक्षकहरू कुरा गरिरहन्थे। राणा भन्छन्, "किशोर अरूभन्दा विनम्र र जिज्ञाशु स्वभावको थियो। त्यसैले मलाई चाहिँ उसैमाथि भर लाग्थ्यो।"

भवानी सरको मूल्याङ्कनमा किशोरको उत्तर लेख्ने कला अरूको भन्दा पृथक् र विशिष्ट शैलीको थियो। उनी ध्यान दिएर सुन्थे र सिकाएको कुरा टपक्कै टिपिहाल्थे। उनले नजानेको कुरा खासै हुन्थेनन्। तैपनि बिहान-बेलुका भवानी सरको कोठामा धाइरहन्थे र अरू बढी जान्न खोज्थे। भवानी सर किशोरलाई अङ्ग्रेजी निबन्ध लेख्न हौस्याउँथे। किशोरको निबन्ध पढेपछि आफैं छक्क पर्थे। "मैले सिकाएको भन्दा तीन गुणा बढी राम्रो लेख्थ्यो। अनि म आफूलाई माथि पुगेको महसुस गर्थें। उसको जति लेख्न सक्ने आँट मलाई पनि हुन्थेन।" अङ्ग्रेजी मात्र होइन नेपाली लेखनमा पनि उनी अब्बल थिए। भवानी सरको भनाइमा नेपाली शिक्षक हेमलाल न्यौपाने पनि किशोरको लेखनशैलीबाट उत्तिकै प्रभावित थिए। "क्षमता त उसकै हो नि! हामीले त उसको क्षमतालाई कोट्याइदिएका मात्रै हौं", राणा भन्छन्।

आफ्नो भन्दा माथिल्लो तहका किताब पढ्ने र त्यसरी जानेका कुरालाई उत्तरमा प्रतिबिम्वित गराउने भएकाले किशोरको लेखाइ अरूको भन्दा भिन्न हुन्थ्यो। उदाहरणका लागि कक्षा १० को 'पञ्चायत' विषयका लागि उनी पाठ्यपुस्तकमा मात्रै भर नपरी आईएको नेपाल परिचय समेत पढ्थे। टेष्ट परीक्षामा किशोरले 'पञ्चायत' विषयमा ८३ अङ्क ल्याएका थिए। अलि कमै अङ्क आउने भनेर चिनिएको विषयमा त्यत्रो अङ्क ल्याउँदा उनका साथीहरू पञ्चायत पढाउने एकराज आचार्यकहाँ 'डेलिगेशन' समेत गएका थिए।

भवानीविक्रम राणा आफ्नो ३६ वर्षको शिक्षणकालका विद्यार्थीमध्ये किशोरलाई नै सर्वश्रेष्ठ विद्यार्थी मान्छन्। उनी भन्छन्, "प्रतिभावान् विद्यार्थी कस्ता हुन्छन् भन्ने कुरा मैले पनि सिक्न पाएँ। त्यस्ता विद्यार्थीलाई पढाउन पाउनु भाग्यकै कुरा रहेछ।"

**"सेनामा जागिरे मेरो बुबा प्रायः घर बाहिरै रहनुहुन्थ्यो। भवानी सरले हरदम मेरो पढाइप्रति चासो दिएर अभिभावकको भूमिका पनि लिइदिनुभयो।"**

**– किशोर थापा**



भवानी सरका ती चेला किशोर थापा अहिले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव छन्। आर्किटेक्चर इञ्जिनियर थापा कुशल प्रशासकका रूपमा चिनिन्छन्। भौतिक योजना तथा निर्माण मन्त्रालयमा सहसचिव छँदा उनलाई सरकारले २०६५ सालमा 'उत्कृष्ट निजामती सेवा पुरस्कार' दिएको थियो। उनले २०५७ सालमा एसियाली विकास ब्याङ्कबाट 'सर्वोत्कृष्ट आयोजना प्रमुख'को उपाधि समेत पाएका थिए।

किशोर पनि आफ्ना गुरु भवानीविक्रम राणालाई कर्मठ, कर्तव्यनिष्ठ र फूर्तिला शिक्षकको रूपमा सम्झन्छन्। उनी आफ्नो अङ्ग्रेजी भाषाको जग नै भवानी सरलाई मान्छन्। भन्छन्, "निबन्ध लेख्नुपर्छ भन्ने उहाँको प्रेरणाले मलाई एकदमै जाँगर चल्थ्यो।" भवानी सर सधैं सरल ढङ्गले लेख्न सुझाव दिन्थे। त्यो कुरा आफूले अहिलेसम्म मान्दै आएको किशोरको अनुभव छ।

विद्यार्थीका क्रियाकलापलाई नजिकबाट हेर्ने, गृहकार्य नियमित 'चेक' गर्ने र बढी सिक्नका लागि सधैं प्रेरित गर्ने भवानी सरका मुख्य विशेषता थिए। भवानी सरको एउटा भनाइ किशोरको मस्तिष्कमा अहिले पनि ताजै छ, 'टेन मिनेट्स लेक्चर एन्ड टेन डेज वर्क' अर्थात् शिक्षकले सिकाएको कुराले पुग्दैन, विद्यार्थीले नै बढी अभ्यास गर्नुपर्छ। यो कुरा आफूले कलेज पढ्दा पनि आत्मसात् गरेको किशोरको भनाइ छ। भवानी सरलाई किशोर आफ्नो स्कूलजीवनको अभिभावक समेत ठान्छन्। उनी भन्छन्, "सेनामा जागिरे मेरो बुबा प्रायः घर बाहिरै रहनुहुन्थ्यो। त्यसैले घरमा पढाइबारे ध्यान दिने खासै हुन्थेनन्। सरले हरदम मेरो पढाइप्रति चासो दिएर अभिभावकको भूमिका पनि लिइदिनुभयो।"

२०३३ सालमा भवानी सर काठमाडौंकै शिवपुरी स्कूलमा सरुवा भए र त्यहाँ २५ वर्षसम्म प्रधानाध्यापक रहेर २०५८ सालमा अवकाश लिए। दुवैले एकअर्कालाई आदर्श व्यक्तिको रूपमा चित्रित गरे पनि यी गुरुचेलाबीच २०३१ सालयता एक पटक पनि भेटघाट भएको छैन। न त टेलिफोनमै कुराकानी भएको छ। "एसएलसीपछि म पनि पढाइ र जागिरतिर लागें। सर पनि अर्को स्कूलमा जानुभयो। त्यसपछि 'ग्याप' भयो", किशोर भन्छन्। भेट नभए पनि दुवैले ल्याब स्कूलको अतीतलाई भने भुल्न सकेका छैनन्। शिक्षक राणा भन्छन्, "अहिले सचिव भयो रे! भन्ने सुनेको छु। आफूले पढाएको विद्यार्थी त्यो ओहोदामा पुगेको सुन्न पाउँदा गर्व लागेको छ।"

सत्यमेव जयते

Embassy of India, Kathmandu/CGI Birgunj General

# Cultural Scholarship Scheme for Under- Graduate Courses 2011-12

## Notice

1. Embassy of India, Kathmandu invites applications on prescribed data-sheet from Nepalese nationals desirous of pursuing under-graduate courses in Computer Applications, Business Administration, Indian languages and Performing/Fine Arts in Indian Universities during the academic year 2011-12. Applicants should have passed Class 12 or equivalent examination, be between 17 years and 22 years of age as on 1st July, 2011 and have a minimum of 60% marks in aggregate as well as in English in Class 12. Subject opted for under-graduate courses should be compatible with subjects studied in Class 12.

2. Short-listed candidates would be called for interview, which will be conducted in Kathmandu / Birgunj.

3. Selection will be based on the applicant's academic record and performance in the interview. However, nomination of a candidate by the Embassy does not guarantee admission to any Indian college/university for the above courses. Confirmation of admission by the Embassy will be given only after receipt of the same from the concerned Indian University.

4. The short-listed candidates will be informed individually. They are advised to interact solely with the Education Wing, Embassy of India, Kathmandu or Consulate General of India, Birgunj about the scholarship scheme. The candidates should indicate their address and contact telephone numbers / e-mail address clearly on the data-sheet. Any change in address / telephone number should also be intimated immediately through a letter.

5. Candidates belonging to and studying in Bara, Parsa, Rautahat, Dhanusa, Mahottari, Sarlahi, Makwanpur and Chitwan districts may send their

applications to Consulate General of India, Shreepur, Birgunj. However, candidates from the above districts presently studying in Kathmandu may send their applications to Education Wing, Embassy of India, Kathmandu. All other candidates should submit their application forms to Embassy of India, Kathmandu.

6. Candidates applying for Performing/Fine Arts have to submit the following along with the application forms:

   (a) For Music: Sample photographs of their performances, video/audio cassettes or CDs
   (b) B.A. (Fine Arts): 12 slides of candidate's work
   (c) Testimonial of two experts from their country in the specific field opted for.

   Only those candidates who have passed Class 12 level examination can apply for the above mentioned under-graduate courses.

7. Instructions for filling Data-Sheet

   i) The data-sheet may be downloaded from the Indian Embassy website www.indianembassy.org.np and should be filled in legibly, preferably typed and should be submitted alongwith five copies. Candidates are required to submit application at only one place i.e. either at Embassy of India, Kathmandu or at Consulate General of India, Shreepur, Birgunj.

   ii) Candidates should attach latest Passport size attested photographs in the space provided in data sheet, attested photocopy of citizenship certificate and mark sheet of Class XII only. Originals need not be attached at this stage. At the time of final selection candidates have to furnish citizenship certificate duly attested by Ministry of Foreign Affairs, Nepal. Data-Sheet may be submitted personally or by post to the office of Attache (Education), Embassy of India, Kathmandu or at Consulate General of India, Shreepur, Birgunj along with the original counter foil (Bank Voucher) showing that the application fee of Rs.400/- has been deposited in Account No. 17725240000335 of any Nepal SBI Bank, Kathmandu. Outstation applicants may send Account Payee Demand Drafts in favour of Attache (Education), Embassy of India, PO Box – 292, Kapurdhara Marg, Kathmandu or Consulate General of India, Shreepur, Birgunj, not later than December 22, 2010. Forms will be accepted on all working days between 1000 hrs to 1200 hrs only. Application fee once deposited will not be refunded or adjusted in any case to the candidate.

   iii) Data-sheet should be strictly in the format (only in two pages) annexed along with the advertisement or as specified in the Indian Embassy website www.indianembassy.org.np

   iv) Submission of incorrect information by the candidate may result in forfeiture of the scholarship at any stage.

**Note:** Candidates who have availed of any scholarship earlier under Government of India sponsored scholarship for studying in India will not be considered for selection again.

 भूगोलको खोजखबर–२

प्रा. भीमप्रसाद सुवेदी



# समष्टिगत ज्ञानको स्रोत

**भूगोल सरल विषय हो। यो दैनिक जीवनपद्धति पनि हो। यसलाई सर्वत्र अध्ययन गर्न सकिन्छ: कक्षा भित्र–बाहिर। सहजसँग अध्ययन अध्यापन गर्न सकिन्छ। यसको अध्ययनले अन्य विधाका विषयवस्तु बुझ्न समेत सहयोग पुग्छ। यो आफू बसेको, भोगेको धर्तीको यथार्थको चित्रण हो।**

## भूगोल किन ?

यो लेख (अघिल्लो अङ्कदेखि) यहाँसम्म आइपुग्दा छलफल गरिएका कुराहरूले 'भूगोल किन?' भन्ने प्रश्नलाई धेरै हदसम्म स्पष्ट पारिसकेको हुनुपर्छ। हामी सबै आ-आफ्नै संसार (भूगोल) मा बाँच्छौं। हिजो पनि हामी जस्ता थुप्रै मानव यही भूगोलमा थिए। भोलि पनि हाम्रा शाखासन्तानले यही धर्तीको कुनै खण्ड वा सिङ्गै धर्तीलाई 'आफ्नो' भनी पहिचान स्थापित गर्नेछन्। हामी सबैलाई यो धर्तीको माया छ। भोलिका सन्ततिलाई हामीले 'आफ्नो' भनी लिएको विरासत भन्दा राम्रो बनाएर छोड्ने हामी सबैको दायित्व छ। तसर्थ; यही अर्थमा हामीले भूगोलको अध्ययन/अध्यापन गर्नु/गराउनुपर्छ। हामी बसेको संसार आफैंमा कस्तो छ र हामीभन्दा बाहिरको संसार कस्तो छ? जानकारी लिनु-दिनु आवश्यक हुन्छ। 'आफ्नो' ठाउँको विशेषता, पुर्खाहरूसँग जोडिएको ऐतिहासिकता तथा सो स्थानसँगको आफ्नो पहिचान कसरी स्थापित भएको हो भन्ने कुरा जानकारी गराउन भूगोल नै उपयुक्त विषय हो। स्थानीय परिवेशको जानकारीपछि अन्य स्थान, अन्य समुदाय अनि आफ्नो स्थान र अर्को स्थान वा समुदायबीचको समानता, असमानता तथा अन्य पहिचानबारे बुझ्न सजिलो हुन्छ। रचनात्मक उमेरका विद्यार्थीहरूलाई कुनै पनि स्थान र मानव/मानव समुदायका बारेमा समष्टिगत ज्ञान दिने विषय भूगोल नै हो। अन्य धेरै विषयहरू कि प्रकृतिकेन्द्रित छन् कि मानवकेन्द्रित। दुवैको अन्तरक्रियाका प्रतिफलको रूपमा विभिन्न तहका स्थान तथा प्रदेशहरूको विश्लेषणात्मक ज्ञान भूगोलबाट नै प्राप्त हुन्छ।

सामाजिक न्याय, स्वतन्त्रता, प्रजातन्त्र, समावेशीकरण, समान अधिकार आदि आजका उच्चतम सामाजिक आदर्श हुन्। यस्ता आदर्शलाई व्यवहारमा उतार्ने विविध भौगोलिक क्षेत्र, त्यहाँको भू-भौतिक, सामाजिक तथा आर्थिक विशेषता र तिनको विविधताका बारेमा जानकारी आवश्यक हुन्छ। सीमान्तीकृत क्षेत्र, दुर्गम क्षेत्र, विपन्न क्षेत्र, पहुँच नपुगेको क्षेत्र अनि सीमान्तीकृत समूह, विपन्न समूह, पिछडिएको समुदाय, लोपोन्मुख समूह, पहुँच नभएका वर्ग, जाति आदि कुराहरू आज सार्वजनिक बहसका नियमित खुराक भएका छन्। यस्ता क्षेत्र तथा समूहहरू देशको मानचित्रमा कतातिर केन्द्रित छन्? यिनीहरूको यस्तो गति किन र कसरी भयो भन्ने कुराको वस्तुनिष्ठ पहिचान र विश्लेषण गर्नु आवश्यक हुन्छ। भूगोल यस्तै यस्तै विषयवस्तुको जानकारीसँग सम्बन्धित छ।

दुनियाँमा असमानता छ- प्राकृतिक वातावरणमा, सामाजिक वातावरणमा, मानव बसोबासमा, जीविकोपार्जनका पद्धतिमा, चालचलनमा, व्यवहारमा, विकासमा, सोचाइमा... आदि। यी असमानता अन्तरक्षेत्रीय तथा आन्तरिक दुवै किसिमका छन्। यस्तै असमानताले नै प्रत्येक स्थानको विशिष्ट पहिचान कायम हुन जान्छ। यिनै असमानताहरूको विश्लेषण गर्नु भूगोलको उद्देश्य हो। सभ्य समाजको एउटा नागरिकलाई यस्ता कुराको जानकारी हुनु जरुरी हुन्छ ताकि यस्ता असमानतालाई सम्बोधन गर्न सकियोस्।

समसामयिक घटनाहरू प्राय: स्थानसँग नै सम्बन्धित रहन्छन्- चाहे त्यो इण्डोनेशियाको ज्वालामुखी होस् वा सुनामी, बग्दाद शहरमा विद्रोहीको आक्रमणबाट भएको मृत्यु होस् वा काठमाडौंमा सवारी दुर्घटना अथवा विशिष्ट व्यक्तिको विदेश भ्रमण होस् वा खेलकुद। भूगोलको अध्ययनले यस्ता घटनालाई सापेक्षिक, सान्दर्भिक तथा दीर्घकालीन रूपमा बुझ्न र मनन् गर्न सहज तुल्याउँछ। यसैगरी युद्धकाल होस् वा शान्तिकाल, राज्यहरू जुट्ने क्रममा होस् वा टुट्ने क्रममा, भूगोल काम लाग्छ। समयको प्रवाहसँगै विश्व मानचित्र बदलिइरहेका छन्, नयाँ राज्यहरू बन्दैछन्, सीमाहरू कोरिँदैछन् अनि मेटिँदै पनि छन्। यी सबै बदलिँदो विश्वका मानचित्रभित्र भूगोल जीवन्त रहेकै छ र यी सबै मानव-स्थान अन्तरक्रियाकै प्रतिफल हुन्




जुन अकण्टक चलिनैरहन्छ ।

भूगोलसँग इतिहास ज्यादै नजिकको सम्बन्ध राख्छ । कुनै पनि स्थानको विश्लेषण गर्नुपर्दा त्यसको इतिहास केलाउनै पर्छ । सर्वसाधारणको जीवनकहानी र पुर्खाहरूको जीविकोपार्जन पद्धतिको चर्चा गर्नैपर्छ । आज विकसित स्थानगत विशिष्टतामा 'हिजो'को ठूलो देन रहन्छ । त्यसलाई बुझ्नु अपरिहार्य हुन्छ । विधागत रूपमा विषयवस्तुमा दिइने जोडका आधारमा कहिलेकाहीँ भन्ने गरिन्छ, 'भूगोल रङ्गमञ्च हो भने इतिहास नाटक ।' अझ कतिपयले भनेको सुनिन्छ, 'भूगोल मानचित्रसँग रमाउँछ अनि इतिहास मानिससँग' (Geography deals with maps and history deals with chaps) । जेहोस्, आफ्ना देशका नागरिकहरू सचेत हुन्, आफ्नो मातृभूमिप्रति अपनत्वको भावना दृढ रूपमा राखुन् र अन्य देशका नागरिकहरूसँग प्रतिस्पर्धी बनुन् अनि राष्ट्रियताको मामलामा खरो उत्रन सक्ने बनुन् भन्ने चाहना राख्ने हो भने राज्यले कम्तीमा विद्यालय तहको शिक्षामा भूगोल विषयलाई अनिवार्य बनाउनै पर्छ । यस क्रममा इतिहासलाई पनि बिर्सन हुन्न ।

भूगोल विद्यालय तहमा पढाइने अन्य धेरै विषयहरू बुझाउन पनि सहयोगी हुन्छ । इतिहासका घटनाहरू पढाउँदा तिनीहरूलाई मानचित्र देखाएर औंल्याउँदा तथा यस्ता घटना घटेका स्थानका भौगोलिक विशेषताहरूसँग जोडेर पढाउँदा इतिहासको अध्यापन प्रभावकारी हुनसक्छ । यसैगरी वातावरण विषयका विषयवस्तु पनि स्थानविशेषको भौगोलिक पहिचानपछि नै सहज रूपमा आत्मसात् हुनसक्छन् । जनसङ्ख्या विधाका थुप्रै विषयवस्तु पनि भौगोलिक यथार्थमा जोडिएका हुन्छन् । स्थानविशेषका आ-आफ्नै जनसाङ्ख्यिक विशेषता हुनसक्छन् । हाम्रो देशमा तराई/मधेश, पहाड, हिमालका कतिपय मुद्दाहरू आ-आफ्नै किसिमका छन् । 'यस्तो किन हुन्छ ?' लगायतका कुराहरू बुझाउन पनि भूगोलको जानकारी अत्यावश्यक हुन्छ । यसैगरी जनस्वास्थ्यका, विज्ञान-प्रविधिका, स्थानीय भाषिक तथा सांस्कृतिक विविधताका विषयवस्तुहरूको प्रभावकारी विश्लेषणमा पनि भूगोलको जानकारी आवश्यक पर्छ ।

## नेपालमा भूगोलको पठनपाठन

नेपालमा भूगोलको पढाइको कुरा गर्दा राजा जय पृथ्वीबहादुर सिंहको नाम आउने गर्छ । राणा प्रधानमन्त्री देव शमशेरका नातेदार यी बझाङे स्रष्टाले कलकत्ताको अध्ययनपछि नेपालमा भूगोल पढाउन सहयोगी पुस्तिका तयार पारेको र पठनपाठन शुरु गराएको पाइन्छ । देव शमशेरले शुरु गरेको तात्कालीन शिक्षा प्रणालीमा गणितका साथै भूगोल र इतिहास विषय पनि पाठ्यक्रममा समावेश गरिएको थियो । माध्यमिक तहमा सङ्गठित विषयको रूपमा भने सन् १९३४ मा एसएलसी बोर्ड स्थापना भएपछि मात्र भूगोलले स्थान पायो । पछि गएर भूगोललाई साधारण र संस्कृत विद्यालयहरूमा पनि समावेश गरिएको पाइन्छ । सन् १९५० सम्म भूगोल विषय एसएलसी बोर्डमा १०० पूर्णाङ्क र ३० उत्तीर्णाङ्कसहित अनिवार्य विषयको रूपमा स्थापित थियो । १९५१ को विद्यालयस्तरीय पाठ्यक्रम परिमार्जनपछि भूगोल अतिरिक्त इच्छाधीनको रूपमा रह्यो ।

शिक्षण सीपयुक्त शिक्षक उत्पादन गरी विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्ने उद्देश्य लिएर सन् १९५६ मा स्थापित *कलेज अफ एजुकेशन* को पठनपाठनमा भूगोल, इतिहास जस्ता विषयको प्रशिक्षण सामाजिक शिक्षाअन्तर्गत पऱ्यो । सन् १९६५ मा कक्षा ९ र १० को पाठ्यक्रम सुधार गरियो । जसअन्तर्गत एसएलसी परीक्षामा सामाजिक-विज्ञानतर्फ भूगोल अथवा इतिहासमध्ये एक विषय लिनुपर्ने व्यवस्था भयो । पूर्णाङ्क १०० नै कायम रह्यो । यति मात्र होइन अतिरिक्त इच्छाधीन विषयका रूपमा 'वाणिज्य भूगोल' पनि समावेश भयो । उता बहुउद्देश्यीय माध्यमिक विद्यालयहरूले भने अतिरिक्त इच्छाधीनका रूपमा भूगोल पढाए

# कक्षाकोठा भूगोलको खोजखबर–२

जसको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क २५ थियो ।

नयाँ शिक्षा योजना- २०२८ लागू भएपछि भूगोल विषय सामाजिक शिक्षाको अङ्गका रूपमा पहिलेको भन्दा आधा पाठ्यांश भारमा सीमित भयो । समय क्रममा; प्रवेशिका परीक्षाको जम्मा पूर्णाङ्क १००० (वा ९००) बाट ७०० अनि पछि ८०० बन्ने क्रममा भूगोल पनि खुम्चिँदै गयो । सामाजिक शिक्षा (१०० पूर्णाङ्क) भित्र आधा र एकतिहाई हुँदै अहिले रुण्डै रुण्डै एकचौथाईतिर रुरेको छ भूगोलको पाठ्यभार । कुनै समयमा साधारणतर्फको माध्यमिक तहमा ११.१ प्रतिशतको पाठ्यभार प्राप्त गरेको भूगोल अहिले ८०० पूर्णाङ्कको प्रवेशिका परीक्षामा बढीमा ४.१ प्रतिशत र कम्तीमा ३.१ प्रतिशतको भारमा सीमित छ । हुनत; पाठ्यक्रमको खाकाभित्र इच्छाधीन विषयको रूपमा १०० पूर्णाङ्कको विषयको रूपमा यसको उल्लेख छँदैछ ।

स्थानीय तहमा दक्ष जनशक्तिको अभावले गर्दा भूगोल पढाइने गरेका विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क कम हुने गरेकाले विद्यार्थीमा 'भूगोल पढ्दा कम अङ्क आउँछ; अरू विषय पढे बढी अङ्क प्राप्त गर्न सकिन्छ' भन्ने भ्रम परेको छ । यसका अतिरिक्त अहिलेको अङ्कगणितीय मूल्याङ्कन पद्धति र उच्च शिक्षा वा सेवा प्रवेशमा कति प्रतिशत ल्याई पास गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुने परिस्थितिमा भूगोल किनारा लाग्नु अस्वाभाविक लाग्दैन । आफ्नो मूल्याङ्कन उच्च होस् भन्ने चाहनालाई अन्यथा भन्न पनि मिल्दैन । विद्यार्थीले उच्च अङ्क प्राप्त गर्ने विषय पाएसम्म कसले ध्यान दिने-कुन विषयको ज्ञान सो तहका जनशक्तिका लागि अत्यावश्यक छ भनेर। कसलाई चाहियो भूगोल र इतिहास ?



विदेशी सहयोगमा पाठ्यक्रम बन्ने, वैदेशिक तालिम प्राप्त हुने आदि मोहकै कारणले कम्तीमा माध्यमिक तहसम्म भूगोलकै विषयवस्तुभित्र समेटिई दीर्घकालीन लक्ष्य प्राप्त गर्न सकिने वातावरण, जनसङ्ख्या जस्ता विषयवस्तुहरू स्वतन्त्र अस्तित्वका रूपमा समावेश गरिए । तर के हामीलाई समष्टिगत ज्ञान चाहिँदैन ? चाहिने भए माध्यमिक/उच्च माध्यमिक तह पास गरेको यो देशको नागरिकले यो देशको भूगोल जान्नुपर्ने कि नपर्ने ? इतिहास जान्नुपर्ने कि नपर्ने ? के विशिष्ट श्रेणीको अंक ल्याई माध्यमिक वा उच्च माध्यमिक तह पास गर्दैमा राष्ट्र र राष्ट्रियताको ज्ञाता बनिन्छ ? यस्ता 'ग्र्याजुएट'हरूको राष्ट्रप्रति जिम्मेवारी हुँदैन ? उनीहरूलाई जिम्मेवार बनाउन आवश्यक विषयहरू दिई जग बलियो बनाउँदा के बिग्रन्छ ? हिजो मात्र १००० वा ९०० पूर्णाङ्कमा एसएलसी पास गर्दा हुने अहिले भूगोल र इतिहास समावेश गरी कम्तीमा अर्को १०० पूर्णाङ्क थप गरी ९०० पूर्णाङ्क पुऱ्याउँदा के बिग्रन्छ ? विद्यार्थीमा उच्चतम अङ्क पाइन्न कि भन्ने आशङ्का हटाउन र यसका लागि सहज परिस्थिति बनाउन सकिन्न र? अवश्य सकिन्छ, यदि राख्नुपर्नेले समष्टिगत सोचाइ राखिदिएमा ।

## भूगोल अध्यापनको सहजीकरण

एक हिसाबले भूगोल सजिलो विषय र यो विषय रोचक किसिमले पढाउन सकिन्छ । भूगोल अध्यापन गर्ने कुनै निश्चित सूत्र वा जादुको छडी भने शायद कसैसँग पनि छैन । शिक्षकमा अनुभव बढ्दै गएपछि आ-आफ्नै तरिकाले विषयवस्तु बुझाउन सकिन्छ । पुस्तकका सूत्र अथवा अरूले सिकाएका मन्त्रहरू सुरुआतका लागि मात्र हुन्छन् । परिस्थितिजन्य सूत्रहरू शिक्षक आफैँले तयार गर्ने हो । अहिलेको अवस्थामा कुनै सूत्र छन् भने ती हुन्: (क) भूगोलका अध्यापकमा यो एउटा चाखलाग्दो विषय हो र यसका विषयवस्तु सरल र सहज तरिकाले विद्यार्थीलाई बुझाउन सकिन्छ भन्ने आत्मविश्वास र, (ख) विद्यार्थीहरूमा सामाजिक विज्ञानका विषयहरूमध्ये यसको विषयवस्तु बुझ्न गाह्रो छैन भन्ने कुराको सञ्चार । भूगोलको मर्म बुझ्ने अध्यापकका लागि यति नै प्रशस्त हुन्छ । पढाउने पद्धति, आवश्यक शैक्षिक सामग्री तथा उपयुक्त वातावरण बनाउने कुरा गौण हुन् ।

विद्यार्थी र शिक्षक मिलेर विद्यालय परिसर तथा छरछिमेकको वातावरणबाटै भूगोलका अधिकांश शैक्षिक सामग्री तयार गर्न तथा उदाहरण प्रस्तुत गर्न सकिन्छ । भूगोलको मर्म भनेकै मानिसको दैनिक जीवनको यथार्थ चित्रण हो । विद्यार्थीको घर वरिपरिको वातावरण, विद्यालय परिसरको यथार्थ र छरछिमेको परिस्थितिलाई राम्ररी चित्रण गराउन सक्ने हो भने विद्यालयस्तरको भूगोलका अधिकांश विषयवस्तु सजिलैसँग बुझाउन सकिन्छ । यो कुरा भूगोलको भौतिक पक्षको विषयवस्तु मात्र होइन मानवीय पक्षको विषयवस्तुमा पनि लागू हुन्छ । कक्षाकोठाको कुरा गर्ने हो भने एउटा ग्लोब (globe) र केही साधारण मानचित्रहरू मात्रै भए पनि थुप्रै कुराहरू बुझाउन सकिन्छ । पृथ्वीको आकार, गोलार्द्ध, जमिन र पानीको अनुपात, अक्षांश, देशान्तर, महादेशीय विस्तार, महासागर, पर्वत शृङ्खला, कटिबन्ध (Bones), ध्रुवीय र भूमध्यरेखीय क्षेत्रका विशेषता लगायत थुप्रै कुराहरू ग्लोबको सहायताले बुझाउन र आत्मसात् गराउन सकिन्छ । ग्लोबको सहायताले पृथ्वीको एक पाटो वा खण्डमा दिन हुने र अर्को पाटोमा रात हुने कुरा सहजै सम्झाउन सकिन्छ । यसैगरी ग्लोबलाई विस्तारै पश्चिमबाट पूर्वतिर घुमाएर मात्रै पनि किन पृथ्वीको पूर्वी गोलार्द्धमा अवस्थित क्षेत्रहरूमा समय छिटो हुन्छ अर्थात् सूर्य पहिले उदाउँछ र कसरी पश्चिमतिरका भागहरूमा समय ढिलो हुन्छ भन्ने कुरा झ्यालको उज्यालो अथवा बत्ती वा फ्ल्यास लाइटको सहायताले बुझाउन सकिन्छ ।

कहिलेकाहीँ सामाजिक विज्ञानका विषयहरूमध्ये 'भूगोल अलि गाह्रो' भन्ने चर्चा गरेको सुनिन्छ । यस्ता चर्चाहरू विषय बाहिरबाट भन्दा पनि विषयगत अध्येताहरूबाट नै आउने गरेको पाइन्छ । यस्तो अवस्थामा शिक्षकले दुइटा विकल्पलाई तुलनात्मक रूपले विश्लेषण गरी एउटा रोज्नुपर्ने हुन्छ । पहिलो; कक्षामा विद्यार्थीलाई 'भूगोल निकै कडा विषय हो; त्यसैले विशेष ध्यान दिनुपर्छ' भनी अनुशासन कायम गरी अघि बढ्ने । दोस्रो; यो विषय सरल र व्यावहारिक विषय हो, जटिल छैन, सजिलै बुझ्न सकिन्छ भनी आत्मविश्वास बढाएर अघि बढ्ने । सामान्यत: विद्यार्थीहरूमा कुनै पनि विषय सरल हुन्छ, त्यसको विषयवस्तु कहिलेकाहीं जटिल नै भए पनि सहज तरिकाले बुझ्न सकिन्छ भन्ने मनोविज्ञान विकास गर्न सकियो भने नै पठनपाठन सहज हुन्छ र यही बाटोले विद्यार्थीमा दीर्घकालीन छाप दिन सक्छ ।

भूगोल अध्यापनका विधि र पद्धतिका बारेमा थुप्रै पुस्तक प्रकाशित छन् । त्यसमध्ये अधिकांश प्राविधिक र औपचारिक किसिमका छन् । शायद हाम्रा पाठ्यपुस्तकमा दिइएका भूगोलका विषयवस्तुलाई सोही रूपमा पढाउन ती विधिहरूको उपयोगिता पनि छ । भूगोल पढाउने अधिकांश शिक्षकहरू शिक्षा सङ्काय अन्तर्गतका उपाधिहरूबाट दीक्षित समेत हुनुहुन्छ । त्यसकारण विषयगत र सङ्कायगत विधिहरूको सङ्गमबाट कक्षागत अध्यापन सरस र जीवन्त बनाउन खासै गाह्रो छैन । यस्तो प्रयास भइरहेकै पनि छ । फेरि, भूगोल शिक्षकले सम्बन्धित पाठ्यपुस्तकलाई हुबहु कक्षामा उतार्नुपर्छ भन्ने पनि छैन । पाठ्यपुस्तकका विषयवस्तुलाई समेट्ने गरी व्यावहारिक र सृजनशील किसिमले अध्यापन सहजीकरण गर्न सकिन्छ ।

यस सन्दर्भमा मैले अध्ययन गरेका दुईवटा पुस्तक मननयोग्य ठान्छु । पहिलो; *नेहरूका पत्र* हरू अर्थात् पिताजीको पत्र छोरीलाई *(Letters from a Father to his Daughter)* । भारतको स्वतन्त्रता आन्दोलनमा संलग्न भएवापत थुनामा परेका वेला पं. जवाहरलाल नेहरूले आफ्नी छोरी ईन्दिरा (गान्धी)लाई जेलबाट लेखेका पत्रहरूको यो सँगालोको पहिलो पाठ छ– प्रकृतिको पुस्तक (The Book of Nature) । यसमा उल्लिखित मर्म झैं भूगोल विषयका लागि पनि वास्तवमा 'प्रकृतिको पुस्तक' नै असल पाठ्यपुस्तक हुनसक्छ र खाँट्टी भूगोल यही पुस्तकमार्फत पढाउन सकिन्छ र पढाउनु पनि पर्छ । दोस्रो पुस्तक हो– गिजुभाईको *दिवास्वप्न* । शुरुमा गुजराती भाषामा लेखिएको यो एउटा अनौठो शैक्षणिक कहानीको पुस्तक हो । माथि उल्लिखित दुईवटा पुस्तकमध्ये पहिलो पुस्तकको पाठ भूगोलका लागि लेखिएको नभए पनि यसले गरेको दिशानिर्देश मननयोग्य छ । दोस्रो पुस्तकले विविध विषय समेट्छ जसमध्ये भूगोल पनि एक हो तर यसको मूल मर्म भने अध्यापन विधिसँग सम्बन्धित छ । मुख्यत: यसमा कसरी पाठ्यक्रमका विषयवस्तुलाई कथा शैलीमा ढालेर रोचक ढङ्गले विद्यार्थीलाई बुझाउन सकिन्छ भन्ने कुरा लेखकको जीवन्त अनुभवमार्फत प्रस्तुत गरिएको छ ।

## भूगोल अध्यापन सहजीकरणका चार प्रक्रिया

अवलोकन, यात्रा कथा र दैनिकी–यी चार प्रक्रिया वा विधिमार्फत भूगोलका अधिकांश विषयवस्तुको अध्यापनलाई सहजीकरण गर्न सकिन्छ । *अवलोकन* भन्नाले कुनै स्थान विशेषका विशेषताको गहन हेराइ तथा विश्लेषण भन्ने बुझ्नुपर्छ । माथि *(शिक्षक* को अघिल्लो अङ्क) उल्लेख भएझैं प्रकृति र मानवको अन्तरक्रियामार्फत कुनै पनि स्थानले आफ्नो विशेष पहिचान स्थापित गरेको हुन्छ । गाउँ, बस्ती, शहर, विद्यालय क्षेत्र, कृषि क्षेत्र, सडक, औद्योगिक क्षेत्र, राजधानी, जङ्गल क्षेत्र आदि मानव-प्रकृति (स्थान) अन्तरक्रियामार्फत सिर्जित स्थान-पहिचान (place identity) हुन् । सामान्य अवलोकन गरी कुनै स्थानविशेषको विशेषता वर्णन गर्दा विद्यार्थीमा कुनै पनि ठाउँ वा क्षेत्र एउटा स्थिर वस्तु (static entity) जस्तो भान पर्न सक्छ । र सो स्थान एक स्थिर उपज (place as product) हो भन्ने अवधारणा स्थापित हुनजान्छ । तर गहन अवलोकन गरी सो स्थानको विकासक्रमको विश्लेषण गर्दा यस्ता स्थानहरू चलायमान वस्तु (dynamic entity) को रूपमा मात्र चित्रण नभई स्थान (पहिचान) आफैं पद्धतिको (place as process) रूपमा चित्रण गर्न सकिन्छ । यही अवधारणालाई विद्यालय परिसर (स्थान)को

**विद्यालय परिसर वा वरिपरिकै मात्र गहन अवलोकन गराएर भूस्वरूपहरू– मैदान, पठार, पहाडका विकास र विशेषताहरू बुझाउन सकिन्छ । विद्यालयका छानाबाट खसेको वर्षाको पानीले जमिनमा ल्याएको परिवर्तनमार्फत क्षयीकरण लगायत पानीका कार्य तथा नदी प्रणालीको विकास र विकसित भू-आकृतिहरूको अवधारणा आत्मसात् गर्न मद्दत पुग्छ ।**



उदाहरण दिई हिजो सो स्थानको पहिचान के थियो– जङ्गल, खाली जग्गा, चौर, चरन, बगर, खेत, बारी र आज कसरी सोही स्थानले विद्यालय (क्षेत्र) को पहिचान पायो, भोलि के हुन सक्छ आदि कुराहरू बुझाउन सकिन्छ । यसैगरी पाठ्यक्रममा उल्लेख भएका सामाजिक, आर्थिक र सांस्कृतिक पहिचानका क्षेत्रहरू; जस्तै शहरी क्षेत्र, कृषि क्षेत्र (विशेष अन्न बालीका क्षेत्र, विशेष नगदे बालीका क्षेत्र आदि), औद्योगिक क्षेत्र, धार्मिक क्षेत्र, संरक्षण क्षेत्र, आरक्ष क्षेत्र, सीमान्त क्षेत्र– का विशेषता र अर्थ बुझाउन सकिन्छ ।

विद्यालय परिसर वा वरिपरिकै मात्र गहन अवलोकन गराएर पनि भूस्वरूपहरू– मैदान, पठार, पहाडका विकास र विशेषताहरू बुझाउन सकिन्छ । विद्यालयका छानाबाट खसेको वर्षाको पानीले जमिनमा ल्याएको परिवर्तनमार्फत क्षयीकरण लगायत पानीका कार्य तथा नदी प्रणालीको विकास र विकसित भू-आकृतिहरूको अवधारणा आत्मसात् गर्न मद्दत पुग्छ ।

माथिको विवरणले कम्तीमा दुई कुरा स्पष्ट पार्छ– पहिलो; प्रकृति (स्थान) आफैं भूगोलको मूल पुस्तक हो; यसलाई जति गहन अवलोकन गर्न-गराउन सकियो त्यति नै यसका पन्नाहरू पल्टिँदै जान्छन् र भूगोलको अध्ययन-अध्यापन उच्चस्तरमा पुग्छ । दोस्रो, भूगोलको अध्ययन-अध्यापन कक्षाकोठा भन्दा बाहिर जति सरल, सहज र रोचक हुन्छ त्यति कक्षा कोठाभित्र सम्भव हुँदैन । त्यसैले, विद्यालय प्रशासन र भूगोल शिक्षकले पाठ्यक्रममा उल्लिखित कक्षा घण्टीलाई केवल समयावधिको सङ्केतका रूपमा बुझ्नुपर्छ न कि कक्षा कोठाभित्र मात्र पढाउने समयका रूपमा ।

भूगोलको सहज अध्यापनका लागि- यात्रा दोस्रो महत्त्वपूर्ण प्रक्रिया हो । वास्तवमा भूगोलको विषयगत विकासको इतिहास पल्टाउने हो भने यात्रा र यात्रामार्फत प्राप्त स्थानका विवरणहरू यसका शुरुका मूल पाठ्य-विषय थिए । यात्रा भन्नासाथ कुनै न कुनै स्थान जोडिएर आइहाल्छ । सामान्यत: यात्रा भन्नाले धरतीको कुनै स्थान पार गर्ने अथवा यसको पहिचानबाट प्रेरित भ्रमण भन्ने बुझिन्छ चाहे त्यो जुनसुकै उद्देश्यले किन नहोस् । तर यहाँ भने यात्रालाई भौगोलिक विषयवस्तुको जानकारी लिने उद्देश्यबाट प्रेरित भ्रमण भन्ने अर्थमा लिइएको हो । यात्रा

# कक्षाकोठा भूगोलको खोजखबर–२

विधिमार्फत मानव-प्रकृति अन्तरक्रियाका विविध रूप, प्रक्रिया र उत्पादन (स्वरूप) हरूको सहज पहिचान र विश्लेषण तथा स्थायी (स्मरणीय) अवधारणा स्थापित गर्न सकिन्छ। यो स्वाभाविक रूपमै कक्षाकोठा बाहिरको क्रियाकलाप हो। तथापि यात्राका विवरणहरूलाई कक्षाकोठामा वर्णन गरेर कुनै स्थान वा मानव क्रियाकलापको व्याख्या गर्न पनि सकिन्छ। साथै यस्ता विवरणहरूलाई कक्षामा शैक्षिक क्रियाकलापको रूपमा अनुवाद गरी रोचक ढङ्गले प्रस्तुत गर्न पनि सकिन्छ। यात्रा विवरणमा उल्लिखित स्थानहरू विद्यार्थीलाई नक्सामा खोज्न लगाई त्यसमा वर्णित बाटा, भूस्वरूप र विशेष स्थलहरू पहिचान गर्न लगाई ती स्थल (spot) हरू बीचका विशेषताबारे छलफल गराउन सकिन्छ। यसरी कक्षाकोठाभित्रैबाट पनि यात्राको जीवन्त वर्णन उतार्न सकिन्छ। अर्थात् यात्रा आफैंले गर्नुपर्ने र कक्षा बाहिर मात्रै यस्तो विधि सम्भव छ भन्ने होइन। आज विज्ञान र प्रविधिको विकासले यात्रा विधिमार्फत प्राप्त गर्न सकिने भूगोलका विषयवस्तुलाई विना यात्रा नै कक्षाकोठामा उतार्न पनि सकिन्छ। यात्राका यथार्थलाई भिडियो क्यामेरामा कैद गरेर तयार पारिएका दस्तावेज कक्षाकोठामा प्रदर्शन गरेर थुप्रै विषयवस्तुको यथार्थ विवरण दिन सम्भव भएको छ। यस्तो प्रविधिले गर्दा भूगोलको अध्ययन-अध्यापन अझ सहज भएको छ।

**युद्धकाल होस् वा शान्तिकाल, राज्यहरू जुट्ने क्रममा होस् वा टुट्ने क्रममा, भूगोल काम लाग्छ। समयको प्रवाहसँगै विश्व मानचित्र बदलिइरहेका छन्, नयाँ राज्यहरू बन्दैछन्, सीमाहरू कोरिँदैछन् अनि मेटिँदै पनि छन्। यी सबै बदलिँदो विश्वका मानचित्रभित्र भूगोल जीवन्त रहेकै छ।**

मानचित्र अथवा भिडियो दस्तावेज प्रयोग गरेर विद्यार्थीहरूलाई समूह-समूह बनाई यात्राको खेल पनि खेलाउन सकिन्छ। यात्रा शुरु हुने स्थानबाट अर्को गन्तव्य स्थान कता पर्छ, कुन बाटो, कुन साधन, कुन नदी, कुन पहाड, कुन मैदान पार गर्नुपर्छ, कति समय, सो स्थानको के-कस्तो पहिचान छ, त्यहाँ कुन चिज कहाँबाट आउँछ, के जान्छ, कस्ता मान्छेको बसोबास छ, हामीभन्दा कति फरक वा समान आदि जस्ता जिज्ञासाहरू राखी दिएर भौगोलिक विषयवस्तुको दिगो छाप पार्न सकिन्छ। इन्टरनेटका *गुगल-अर्थ* जस्ता उपयोगी साइटको सदुपयोग हुनसक्दा पनि भूगोल अध्यापनमा सहजीकरण भएकै छ। तत्काललाई यस्ता प्रविधिहरूमा ग्रामीण र सीमान्त क्षेत्रको पहुँच नहोला वा सीमित रहला। तैपनि विद्युतीय प्रविधिको विस्तारको गति हेर्दा ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि यस किसिमको सुविधाको विस्तारमा आशावादी हुने प्रसस्त आधारहरू देखिंदैछन्।

कक्षाकोठाको सन्दर्भमा कथा-कहानीको महत्त्व असीमित छ भन्ने सबैलाई जानकारी भएकै कुरा हो। यो कुरा भूगोलमा पनि लागू हुन्छ। कथावाचन प्रक्रियाबाट भूगोलका थुप्रै विषयवस्तु सहज रूपमा विद्यार्थीलाई बुझाउन सकिन्छ। यसका लागि भूगोलका अध्यापकहरू सिर्जनशील चाहिँ हुनै पर्छ। कथा विधि प्रयोग गरेर पृथ्वीको उत्पत्तिको विषयवस्तु, विविध भू-आकृतिको विकासको क्रम, ग्रह प्रणाली, पर्वत शृङ्खलाको निर्माण आदि विषयवस्तु सजिलै सम्झाउन सकिन्छ। माथि उल्लेख गरिएको 'दिवा स्वप्न'मा प्रस्तुत गिजुभाईको कक्षा ४ का विद्यार्थीलाई विविध विषयहरू पढाउन प्रयोग गरिएको कथा शैली एउटा अनुकरणीय प्रयोग हो। सरकारले स्वीकृत गरेको पाठ्यपुस्तकको विषयवस्तुलाई कक्षामा दोहोर्‍याई कण्ठस्थ गराउने तर्फभन्दा त्यसभित्रका मर्मलाई कथानक शैलीमा कक्षामा प्रस्तुत गर्नेतर्फ शिक्षकले आफ्नो सिर्जनशीलता प्रयोग गरेमा भूगोलका बारेमा चल्ने गरेका जटिल, कठोर, निरस आदि लाञ्छनाहरू स्वत: हराएर जाने अवस्था सिर्जना हुन्छ।

माथि एक स्थानमा 'दैनिकी' शब्द प्रयोग भएको छ। यो शब्द केवल शब्दका रूपमा नभई विद्यार्थीहरूलाई सरलताका साथ भूगोलका थुप्रै विषयवस्तुहरूबारे जानकारी गराउने प्रक्रियाको रूपमा प्रयोग हुने अवधारणा हो। विद्यार्थी अथवा प्रत्येक व्यक्तिको स्वाभाविक दिनचर्यासँग भूगोलको गहिरो सम्बन्ध छ र सो दिनचर्यामार्फत यसका धेरै अवधारणा र विषयवस्तुहरू स्पष्ट पार्न सकिन्छ भन्ने यसको मनसाय हो। आफ्नो घर, पल्लो घर, वल्लो घर हुँदै छोटो दूरीभित्र थुप्रै घरहरू भएपछि सो क्षेत्रले 'बस्ती' को पहिचान पाउँछ भनी बुझाउन सहज हुन्छ। घरहरू कसरी विस्तार भएका छन् सो अनुसार बस्तीको आकार-प्रकारको बारेमा जानकारी गराउन सकिन्छ। धेरै र थोरै घरहरू भएको आधारमा र निर्माणको जटिलता तथा सम्वद्ध पूर्वाधारको आधारमा बस्तीको क्रम (hierarchy) तथा ग्रामीण र शहरी बस्तीका विशेषता बुझाउन सकिन्छ। यसैगरी कुनै निश्चित मापदण्ड (criteria) मा समानता देखिने ठूला क्षेत्रहरूलाई प्रदेश (region) भनिन्छ। यो मेरो जमिन, पल्लो चाहिँ मेरो छिमेकीको, उपल्लो अर्काको भनी सीमा छुट्याए झैं गरी राज्यका सीमाहरू कोरिएका हुन् भन्न सकिन्छ। यसमा पनि शक्तिको खेल हुन्छ। गैरी खेत, टारी खेत, डाँडा खेत अथवा पाखो बारी, ढड्यान, भीर वा मलिलो, रुखो, पारिलो, सेपिलो आदि भनी विविध गुण र क्षमताका जमिनहरू भए झैं राज्यहरू पनि प्राकृतिक स्रोत-साधनमा र यिनका विशेषतामा फरक फरक क्षमताका हुन्छन्- कुनै धनी, कुनै गरिब, कुनै सामान्य। यसरी नै क्षेत्रीय विषमताका कुराहरू बुझाउन सकिन्छ। विद्यार्थीले घरबाट विद्यालय आउञ्जेल अवलोकन गरेका आकृति तथा परिस्थितिलाई सन्दर्भ बनाएर भू-आकृति, मानव क्रियाकलाप, स्थानीय विशेषता, चट्टान, माटो, वायुमण्डलको बनावट लगायतका विषयवस्तु बुझाउन सहज हुन्छ। यसरी नै विद्यार्थीहरूले लगाउने लुगाको प्रकृति र मात्रामा याम अनुसार आउने परिवर्तनको उदाहरण लिएर तथा जाडो, गर्मी, घाम-छायाँ आदिको दृष्टान्तमार्फत ऋतु परिवर्तन लगायतका विषयवस्तु बुझाउन सकिन्छ।


अन्त्यमा; हामी सबै यही धर्तीमा बाँचेका छौं। आ-आफ्ना लामा-छोटा इतिहास बोकेका छौं। भूगोल यही धर्ती र धर्तीमा बस्ने मानवबीचको अन्तरक्रिया, यसको प्रतिफल, पद्धति र प्रक्रिया तथा यससँग अन्तरसम्बन्ध राख्ने वस्तुहरू समेतको समग्र अध्ययन हो। दोहोर्‍याएर भन्नुपर्दा यो सरल विषय हो। दैनिक जीवनपद्धति हो। यसलाई सर्वत्र अध्ययन गर्न सकिन्छ: कक्षा भित्र-बाहिर। सहजसँग अध्ययन अध्यापन गर्न सकिन्छ। यसको अध्ययनले अन्य विधाका विषयवस्तु बुझ्न समेत सहयोग पुग्छ। यो आफू बसेको, भोगेको धर्तीको यथार्थको चित्रण हो। अहिलेको सन्दर्भमा भने हामी पठन-पाठनको क्षेत्रमा संलग्नहरूले आ-आफ्नो क्षेत्रबाट र क्षमताबाट यस विषयलाई एकपटक पुन अवलोकन गरी आत्मविश्वासका साथ यसको महत्त्व बुझ्न र बुझाउन विशेष प्रयास गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिँदैछ।


atv
राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल
प्रत्येक दिन राति ८:०० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान ८:०० बजे
प्रत्येक दिन राति ८:४० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान ८:४० बजे
प्रत्येक दिन राति १०:३० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान ११:३० बजे
एभिन्यूज@बिजनेस
प्रत्येक दिन बिहान ९:०० बजे
र
राती १०:०० बजे
खबर विशेष
प्रत्येक आइतवार राति ९:३० बजे
पुनः प्रसारण सोमवार बिहान ९:३० बजे र सोमवार दिउँसो ३:३० बजे
POWER VIEWS
प्रत्येक सोमवार राति ९:३० बजे
पुनः प्रसारण मंगलवार बिहान ९:३० बजे र मंगलवार दिउँसो ३:३० बजे
अपरिचित यात्रा
प्रत्येक मंगलवार राति ९:३० बजे
पुनः प्रसारण बुधवार बिहान ९:३० बजे र बुधवार दिउँसो ३:३० बजे
इकोनोमी 360
प्रत्येक बिहीवार राति ९:३० बजे
पुनः प्रसारण शुक्रवार बिहान ९:३० बजे र शुक्रवार दिउँसो ३:३० बजे
CRIME
क्राइम
प्रत्येक शुक्रवार राति ९:३० बजे
पुनः प्रसारण शनिवार बिहान ९:३० बजे र शनिवार दिउँसो ३:३० बजे
सम्वाद
प्रत्येक शनिवार राति ९:३० बजे
पुनः प्रसारण आइतवार बिहान ९:३० बजे र आइतवार दिउँसो ३:३० बजे
हामी जनता
प्रत्येक शनिवार दिउँसो ३:०० बजे
प्रत्यक्ष प्रशारण
पुनः प्रसारण शनिवार १०:३० बजे
संविधानसभाका कुरा
प्रत्येक बुधवार साँझ ६:३० बजे
पुनः प्रसारण बिहीवार ३:०० बजे
एभिन्यूज प्लाजा-११, त्रिपुरेश्वर, काठमाडौं, नेपाल।
पो. ब. नं.: २८०६, टेलिफोन: ९७७-१-४२२७२२२, फ्याक्स: ४२४८८११, टोल फ्रि: १६६००१-२२७२२
ई-मेल: atv@avenues.tv, यूआरएल: www.avenues.tv

## फुर्सद



## शब्द खेल-२७




**नाम:** — — — — — — — — — —

**ठेगाना:** — — — — — — — — — —

### तेर्सो

१) बास्ना/सुगन्ध
३) ज्यादै/अत्यन्त
६) प्राणीमा रहने भित्री ज्ञान/चैतन्य
७) पालनपोषण गर्ने/पुष्ट बनाउने
८) तन्त्र, मन्त्र, औषधि आदिका प्रयोगद्वारा स्तब्ध बनाइएको/छक्क, जिल्ल, वाल्ल
९) थाक्ने क्रिया वा प्रक्रिया
११) चिया, दूध आदि खाइने एकप्रकारको कचौरा
१४) कुनै वस्तुको महत्व, मूल्य आदि निर्धारण गर्ने गुण/कोटि
१६) जलाशयमा फुल्ने एक प्रसिद्ध फूल
१७) अनेक रंग, बुट्टा आदि नभएको
१९) उताको विपरीत पर्नेतिर
२२) मानिस/मनुष्य
२४) हावा/वायु/समीर
२५) आफ्नो रूप, सीप, सम्पत्ति आदिबाट हुने अभिमान
२६) विश्वेश्वरप्रसाद कोइरालाको एक प्रसिद्ध उपन्यासको नाम
२७) कुनै पनि काममा हुने अड्काउ वा विघ्न
२८) शिवले चढ्ने गरेको साँढेको नाम

### ठाडो

२) कुनै विषयमा सावधान हुन प्रेरणा दिने व्यक्ति/होसियार गराउने मानिस
३) बेसहाय/टुहुरो
४) गहुँ पिँध्दाखेरि नपिँधिने बोक्रो
५) लथालिङ्ग परेको/छ्यान्नब्यान्न भएको
७) पति/लोग्ने
१०) प्रशासन सम्बन्धी काम गर्ने निश्चित ठाउँ
१२) गतिलो मीठो भोजन/मिष्ठान्न
१३) प्राणीहरूको ज्यान लिने वा काटमार गर्ने काम
१५) आलो वस्तु निचोर्दा आउने द्रव पदार्थ
१८) जंगलमा लागेको आगो/वन डढेलो
२०) वायुमण्डलमा रहने तापको मात्रा
२१) बलेको वा सल्केको दाउरो
२२) आदर/सम्मान/प्रतिष्ठा
२३) पृथ्वी/धरती/बसुन्धरा

## आयुर्वेद सुन्तलाको फाइदा

आजभोलि फलफूल बजारमा सुन्तला प्रशस्तै पाइन्छन् । विशेष गरी जाडोयाममा फल्ने यो रसिलो फलमा भिटामिन 'ए', 'बी', 'सी' प्रशस्त मात्रामा पाइन्छ । यसमा औषधीय गुण पनि छ ।



- बिहान-बेलुका सुन्तलाको रस पिउने गरेमा शरीरमा पौष्टिक तत्वको मात्रा बढ्छ र त्यसले कमजोरी घटाउँछ ।
- सुन्तलाले अरूचि, अपच र पेट पोल्ने समस्यालाई कम गर्छ । सुन्तलाले पाचन-शक्ति र रूचि बढाउँछ ।
- बिहान र बेलुका एक-एक वटा सुन्तला खाएमा वा त्यसको जुस पिएमा कब्जियत हुँदैन ।
- सुन्तलाको जुसले उच्च रक्तचापलाई घटाउँछ ।
- दैनिक तीन-चारवटा सुन्तला खाएमा पेटको अग्नि बलियो हुन्छ र आन्द्रा पनि सफा गराउँछ ।
- पेट दुख्ने, पेट गह्रौं हुने र पेटमा वायु भरिने समस्या भएकालाई पनि सुन्तलाले निकै फाइदा गर्छ ।
- ज्वरो आएका वेलामा सुन्तलाको रस पिएमा त्यसले शरीरमा तागत बढाउँछ र ज्वरो पनि चाँडै निको हुन्छ ।
- सुन्तलाले शरीरमा भएको क्याल्सियम र भिटामिन 'सी' को मात्रा बढाउँछ र यी तत्वको कमीका कारण शरीरमा लाग्न सक्ने रोगलाई टाढै राख्छ ।
- साना बच्चाहरूको लागि सुन्तलाको रस आमाको दूध बराबर हुन्छ । आमाको दूध मात्रै पिउने बच्चालाई सुन्तलाको रस पनि पिलाएमा रोगले उनीहरूलाई छुँदैन ।
- जीउ चिलाएको वेलामा सुन्तलाको बोक्रा पिसेर लेप लगाइदिनुस्, चिलाउन छाड्छ । खटिरा आएको ठाउँमा लगाइदिनुस् त्यो पनि सुकेर जान्छ ।

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक मासिक* नि:शुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० माघ २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।




IMAGE
CHANNEL

# सुडोकु-२७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | | ८ | ४ | १ | | ९ | |
| | | १ | | | | ७ | | |
| | | | | ७ | | | | |
| १ | | ६ | | | | ३ | | ९ |
| २ | | | ७ | १ | ३ | | | ४ |
| ७ | | ८ | | | | ५ | | १ |
| | | | | ६ | | | | |
| | | ३ | | | | ६ | | |
| | २ | | ४ | ८ | ५ | | ३ | |

**नाम:** __ __ __ __ __ __ __ __ __ __

**ठेगाना:** __ __ __ __ __ __ __ __ __ __

# सुडोकु-२५ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ८ | २ | ७ | ३ | ५ | ९ | १ | ४ |
| ३ | ५ | १ | ९ | ४ | ८ | २ | ७ | ६ |
| ९ | ४ | ७ | २ | ६ | १ | ३ | ५ | ८ |
| २ | ७ | ८ | १ | ९ | ६ | ४ | ३ | ५ |
| ५ | ३ | ९ | ४ | ८ | ७ | ६ | २ | १ |
| ४ | १ | ६ | ३ | ५ | २ | ७ | ८ | ९ |
| ७ | ९ | ५ | ८ | २ | ४ | १ | ६ | ३ |
| ८ | २ | ३ | ६ | १ | ९ | ५ | ४ | ७ |
| १ | ६ | ४ | ५ | ७ | ३ | ८ | ९ | २ |

# सामान्यज्ञान-२७

१. 'मारुति' शब्दले कसलाई बुझाउँछ ?

२. नाम्ले जुका (Liverfluke) गाईवस्तुलाई लाग्छ भने फित्ते जुका (Tapworm) ले मूलतः कुन-कुन प्राणीलाई सताउँछ ?

३. नेपालमा ३,९१५ वटा गाउँ विकास समिति छन् । तीमध्ये भौगोलिक रूपमा सबैभन्दा ठूलो गाविस कुन हो र यो कुन जिल्लामा पर्छ ?

४. सरकारले आर्थिक वर्ष २०६७/६८ को बजेट कार्यक्रममा शिक्षा क्षेत्रका लागि रू.५७ अर्ब ६५ करोड छुट्याएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा कति प्रतिशतले बढी वा घटी हो ?

५. मोटरसाइकलको आविष्कार कहिले र कुन देशमा भएको हो ?

## सामान्यज्ञान-२५ को सही उत्तर

१. विश्वको चौधौं अग्लो हिमाल शिशापाङ्मा (८,०२७ मिटर) हो । यो मध्य-दक्षिण तिब्बतमा पर्छ ।

२. इन्टरनेटको आविष्कार अमेरिकाको डिफेन्स एडभान्स्ड रिसर्च प्रोजेक्टका लागि भिन्टन सर्फले सन् १९७३ मा गरेका हुन् ।

३. 'नोबेल पुरस्कार' पाउने पहिलो एसियाली नागरिक रवीन्द्रनाथ टैगोर (भारत) हुन् । सन् १९१३ मा 'गिताञ्जलि' नामक कृतिका लागि टैगोरलाई साहित्यतर्फको नोबेल पुरस्कार दिइएको थियो ।

४. जनगणना २०५८ अनुसार नेपालमा चारवटा भाषा परिवारका ९२ प्रकारका भाषाहरू अस्तित्वमा छन् । ती चारवटा भाषा परिवारको नाम हो– भारोपेली, भोटबर्मेली, आग्नेय र द्रविड ।

५. तीन पटक मदन पुरस्कार पाउने व्यक्ति हुन्– सत्यमोहन जोशी ।






हाम्रा केही साहित्यिक प्रकाशन
आफैंतिर फर्केर हेर्दा
लेखक : श्रीभद्र शर्मा
अवकाश पछिको आकाश
लेखक : तेजेश्वरबाबु ग्वङ:
विस्मृतिका फूलहरु
लेखक : बमप्रसाद श्रेष्ठ (मास्के)
छापामार युवतीको डायरी
लेखक : तारा राई
चर्चित व्यक्तित्व
लेखक : व्याकुल पाठक
घामको चुम्बन
लेखक : युवराज नयाँघरे
गृहप्रवेश
लेखक : डायमनशमशेर राणा
कहाँ गए ती दिनहरू
लेखक : अम्बर गुरुङ
पहेंलो गुलाफ
लेखक : प्रेमा शाह
शिशिरको बतास
लेखक : अर्जुन निरौला
रत्न पुस्तक भण्डार
बैङ्कमार्ग-७१ 'ग' बागबजार, काठमाडौं, नेपाल । फोन : ४२२३०२६, ४२४२०७७




रेडियो सगरमाथा १०२ थोप्लो ४ मेगाहर्ज
नेपाली रेडियो, नेपाली आवाज
लहैलहै र सस्तो लोकप्रियता भन्दा निकै टाढा सत्य, तटस्थ, निष्पक्ष र विश्वसनीय समाचार
सधैं १५ मिनेट अगाडि
हालचाल
(सरल, शुद्ध र नेपाली भाषामा)
हरेक दिन
विहानः ८:४५ र ११:४५ दिउँसोः २:४५ र ४:४५, साँझः ६:४५ र ८:४५
बीबीसी नेपाली सेवा
हरेक बेलुका ८:४५-९:१५ सम्म
102.4
रेडियो सगरमाथा
Radio Sagarmatha
रेडियो सगरमाथा एफएम १०२ थोप्लो ४ मेगाहर्जमा

## अन्ताक्षरी-२७




नाम: ______

ठेगाना: ______

१) हर्जास गर्जस खनखाँचो (४)
२) छिटोछिटो रिस उठ्तो ढङ्गले जवाफ दिने/मुखाले (३)
३) आम्दानी खर्चको हिसाब राख्ने कर्मचारी/एकाउन्टेन्ट (४)
४) ढाँट्ने र छकाउने काम/छलछाम (६)
५) अनावश्यक वा उत्ताउलो किसिमले गरिएको (६)
६) युद्ध/संग्राम (३)
७) सुरूवालमा इँजार हाल्न बनाइएको प्वाल (५)
८) बडेमाको, अजङ्गको, ध्वाँके/हलक्क बढेको (४)
९) लोभी/किरन्टोकी/मख्खीचुस (३)
१०) शून्यता/नीरवता (३)
११) घरव्यवहार चलाउन, बोलचाल गर्न र अड्डा अदालत धाउन सिपालु (४)
१२) परस्परको ठोकाइ वा पिटाइ/पिटापिट/मारामार (४)
१३) झुरिएको वस्तु समाउँदा वा चपाउँदा भाँचिएर आउने आवाज (६)
१४) आगो ताप्न प्रयोग गरिने भाँडो (३)
१५) मस्तक/माथ/निधार (३)

### शब्दखेल-२५ को सही उत्तर

तेर्सो: २) घाम ६) मद्दत ८) हार्दिक ९) रवाफ १२) बनावट १३) दखल १५) राशन १७) अविश्वास १९) सवार २१) कमाल २२) लालिमा २४) नम्र

ठाडो: १) वाद ३) महादेव ४) नोकर ५) जवाफ ७) तलबल १०) वाक्यांश ११) कद १४) खन्चुवा १५) राशलीला १६) नष्ट १८) विचलन १९) सचिव २०) रकम २३) लिपि

### अन्ताक्षरी-२५ को सही उत्तर

१) अन्तर्मन २) नवरात्रि ३) त्रिफला ४) लाक्षणिक ५) कसाकस ६) सल्लाहकार ७) रसबस ८) सहानुभूति ९) तिहाइ १०) इजाजत ११) तदारूक १२) कचमच १३) चञ्चल १४) लजालु १५) लुटालुट १६) टपरी १७) रीस

## पुरस्कार विजेता र सही समाधान पठाउने

**शब्दखेल-२५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *सानुमैया श्रेष्ठ,* भीमेश्वर-१, खुर्कोट, सिन्धुली**

**सही समाधान पठाउने अन्य सहभागी**
- हेमराज अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ
- हरिनारायण खतिवडा, शारदा स.मा.वि., बाबियाखर्क, रामेछाप
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, साकिने, सिन्धुपाल्चोक
- धनराज सापकोटा, कालिका कन्या मन्दिर मावि, कम्पुटोल, बागलुङ
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- केदारमान राई, महेन्द्रज्योति प्रावि, डम्बर्खुशिवालय-९, खोटाङ
- पुरूषोत्तम लामिछाने, कि.का.मावि, बैरेनी-१, धादिङ
- नविन दाहाल, दिक्तेल-४, खोटाङ
- राजन भुजेल, भाषा निमावि, वडकादियाले-५, खोटाङ
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- कमला दाहाल (पाण्डे), दिक्तेल-४, खोटाङ
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- प्रेमकृष्ण श्रेष्ठ, प्रगतिशील उमावि, झा.रा.-२, सिन्धुली
- प्रेमबहादुर हमाल, विश्वज्योति मावि, पाखापानी-४, सिम्ले, पर्वत
- ओमप्रकाश अधिकारी, जनता उमावि, मनरी, नवलपरासी
- मदन अधिकारी, कंचनजंघा निमावि, मे.न.पा.-१३, सालघारी, झापा
- छत्रबहादुर विष्ट, सिंहदेवी निमावि, बोया-२, भोजपुर
- डम्बर+विष्णु, जनता मावि, रानीबास, रौता-५, उदयपुर
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङल्याङ, रामेछाप
- गंगा भुसाल, नुवाकोट मावि, नुवाकोट, अर्घाखाँची
- खड्गबहादुर श्रेष्ठ, झागाझोली, रातमाटा-२, बोहोरेटार, सिन्धुली
- रामचन्द्र अधिकारी, सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- सुजाता बस्नेत, ज्ञानोदय बालवाटिका, सानेपा, ललितपुर
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल-७, कञ्चनपुर
- शशिधर पौडेल, जनता मावि, पाही राङखानी, बागलुङ
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
- उद्धव सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- देवीमाया प्रधान, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- राजु गुरूङ, ज्ञानोदय इन्टरनेशनल, खोकना, ललितपुर
- स्वस्तिक घिमिरे, ज्ञानोदय बालवाटिका उमावि, सानेपा, ललितपुर
- भक्ति घिमिरे 'दुर्बोध', ज्ञानोदय बालवाटिका उमावि, सानेपा, ललितपुर
- मीरा पौड्याल, ज्ञानोदय बालवाटिका उमावि, सानेपा, ललितपुर
- रमेशप्रसाद घिमिरे, अरूण प्रावि, चरम्बी-५, भोजपुर
- राजन श्रेष्ठ, ज्ञानोदय बालवाटिका, सानेपा, ललितपुर
- मेनुका गौतम, विद्या प्रचार निमावि, मेमेङ-५, आइतबारे, पाँचथर
- रामचन्द्र बुढाथोकी, विद्या प्रचार निमावि, मेमेङ-५, आइतबारे, पाँचथर
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ, मकवानपुर
- वैदेहीशरण यादव, उमावि बसबिट्टी, वसन्तपुर-३, महोत्तरी
- सरोज रेग्मी, पटिहानी-४, सुन्दरवस्ती, चितवन
- शेषकान्त अर्याल, सुनवल-७, सिसानी, नवलपरासी

**अन्ताक्षरी-२५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *मीठू डल्लाकोटी,* निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- गोविन्द्रप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- गंगा भुसाल, नुवाकोट मावि, नुवाकोट, अर्घाखाँची
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट-५, अर्घाखाँची
- मीनकुमार दाहाल, दिक्तेल-४, खोटाङ
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल-७, कञ्चनपुर

**सुडोकु-२५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *कृष्ण अधिकारी 'मनिष',* कक्षा ८, सरस्वती निमावि, सिमरा-३, बारा**


**सही समाधान पठाउने अन्य सहभागीहरू**
- सन्तोष खड्का, सृजना निमावि, उर्लाबारी-१, मोरङ
- ध्रुवप्रसाद ढकाल, फूजेल-५, गोरखा

- गणेश थापा, सिमरा कलेज, सिमरा, बारा
- विपिन रेग्मी, गोंगबु-३, टोखारोड, काठमाडौं
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो.स्कूल, झलारी-७, कञ्चनपुर
- कपिल बहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- शिवबहादुर खड्का, जनशक्ति उमावि, नामजुङ-४, गोरखा
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, तल्लो रामपुर, धादिङ
- प्रमोदकुमार दास, दीपेन्द्र निमावि, जोगीडाँडा, रिस्कु-६, उदयपुर
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
- रामजी राउत, जनज्योति प्रावि, माकुरे, रिस्कु-४, उदयपुर
- मेनुका गौतम, विद्याप्रचार निमावि, आइतबारे, मेमेङ-५, पाँचथर
- नारायणप्रसाद दाहाल, विद्याप्रचार निमावि, आइतबारे, मेमेङ-५, पाँचथर
- हरिप्रसाद पौडेल, ने.रा. देबवाणी निमावि, छत्रगञ्ज-९, अर्घाखाँची
- प्रकाश तजले, वाइज ल्याण्ड सेकेण्डरी स्कूल, जगाति, भक्तपुर
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहवा, नवलपरासी
- रामप्रसाद पौडेल, बहादुरे मावि, भदौरे, देउराली, कास्की
- शिव कलेल, महन्यालेश्वर निमावि, बर्छैन-६, अलाडी, डोटी
- रामबाबुप्रसाद चौरसिया, रामचरण साह पन्नालाल मावि, वीरगञ्ज, पर्सा
- युवराज ढकाल, पञ्चावती उमावि, उदयपुरगढी, उदयपुर
- कर्मा गेलु शेर्पा, जुनबेसी मावि, सोलुखुम्बु
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- हरिराम पौडेल 'आत्रेय', प्रभात निमावि, भिजुरेडाँडा-४, पाखुरीकोट, कास्की
- हेमन्तप्रसाद खतिवडा, पद्मासना निमावि, सेरा, अछाम
- आशिष भण्डारी, कोहलपुर मावि, नेपालगञ्ज, बाँके
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार, काठमाडौं
- हर्कबहादुर थापा मगर, तितौरे मावि, पालाकोट-७, बागलुङ
- रूद्रबहादुर श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, भैसे, सिन्धुपाल्चोक
- कमलप्रसाद भण्डारी, मनकामनादेवी मावि, शेरा-१, अछाम
- कोमलबाबु थापा, देउराली मावि, चुरे, तुलसी-७, धनुषा
- मीरा न्यौपाने, शारदा मावि, खोप्लाङ-२, गोरखा
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- निरमाया श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- नवराज सापकोटा, बुद्धिकल्याण प्रावि, श्रीनायकोट-३, डाँडागाउँ, गोरखा
- प्रकाश पाण्डे, पोखराथोक-७, पाल्पा
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप, ल्याङल्याङ, रामेछाप
- कौशलकुमार यादव, मधेशी शिक्षक फोरम, नेपाल, जिल्ला समिति, महोत्तरी
- देवचन्द्र श्रेष्ठ, ७१ बागबजार, काठमाडौं
- छत्रबहादुर विष्ट, सिंहदेवी निमावि, वोया-२, भोजपुर
- मदन अधिकारी, कञ्चनजंघा निमावि, मेनपा-१३, सालघारी, झापा
- प्रेमबहादुर हमाल, विश्वज्योति मावि, सिम्ले पाखापानी, पर्वत
- महेश ढकाल, डाढीगुराँसे, चौराही, सिन्धुली
- प्रेमकृष्ण श्रेष्ठ, प्रगतिशील उमावि, झा.रा.-१, सिन्धुली
- शन्तु शर्मा चापागाईं, शारदापुर बालविकास केन्द्र, पाङ, पर्वत
- ओमप्रकाश श्रेष्ठ, राम्चे प्रावि, बुँकोट, गोरखा
- लालबहादुर डिसी, सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- ईन्दिरा पराजुली, दाप्चा मावि, डराउनेपोखरी, काभ्रे
- माधव अधिकारी, जनहित उमावि, खनालथोक, काभ्रे
- ध्रुवप्रकाश न्यौपाने, इथुङ उमावि, रानीटार-६, पाँचथर
- बच्चु सापकोटा, वागेश्वरी प्रावि, कोगटे-७, मकवानपुर
- गोविन्दप्रसाद ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, काभ्रे
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- नवीन कुमार शर्मा, स.उ.मा.वि., चरकमटिया, दाङ
- राजेन्द्र अर्याल 'अविरल', शहीद गंगा उमावि, काहुँ, शिवपुर-६, तनहुँ
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाला-७, कञ्चनपुर
- पार्वती थापा मगर, भानु मावि, रत्नेचौर, म्याग्दी
- शेषकान्त अर्याल, सुनवल-७, सिसानी, नवलपरासी
- सरोज रेग्मी, पटिहानी-४, सुन्दरवस्ती, चितवन
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलचौर-९, सरङ्गी, बाग्लुङ
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- जयन्ती राई, शंखरानी निमावि, रानीबास-२, भोजपुर
- टेकनाथ दुलाल, सेतीदेवी प्रावि, किमालुङ-७, भोजपुर

**सामान्यज्ञान-२५ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *देवीराम शर्मा,* कुश्मी प्रावि, कुश्मीशेरा-९, बागलुङ**


**सही समाधान पठाउने अन्य सहभागी**

- पवनकुमार ओली, बोडेचौर मावि, सिगाना १, बागलुङ
- गणेश शर्मा पौडेल, विद्यामन्दिर मावि, बागलुङ
- नारायणदत्त पौडेल, जनमत मावि, बागलुङ
- अनिल चापागाईं, विद्यामन्दिर मावि, बागलुङ
- शान्तबहादुर थापा, बेलबारी-१, मोरङ
- सुरेश ढकाल, जनकल्याण मावि, पालुङ, मकवानपुर

## भविष्यका कुरा

# कम्प्युटर त मस्तिष्कमै जडान हुनेछ



*पचास-सय वर्षपछिको संसार कस्तो होला ? भावी पुस्ताको जीवन कसरी बित्ला ? सबैका मनमा यस्ता प्रश्न हुन्छन् तर तिनको जवाफ भने हुँदैन। कतिपय ज्योतिषीहरू पनि भविष्यवाणी गर्छन् तर तिनको भविष्यवाणी प्रायः विश्वासमा आधारित हुन्छ।*

*संसारमा भइरहेका घटना र प्रवृत्तिलाई केलाएर भविष्यको आकलन गर्ने शास्त्रलाई भविष्य-विज्ञान (फ्युचरोलोजी) भनिन्छ। अमेरिकाबाट प्रकाशित हुने टाइम पत्रिकाले हालै प्रसिद्ध अमेरिकी लेखक र भविष्यवेत्ता रे कुर्जवेल (Ray Kurzweil) सित आउने दिनहरूका बारेमा राखेको केही प्रश्न र तिनको जवाफः*

**तपाईंले प्रविधिमा आधारित बुद्धि (आर्टिफिसियल इन्टेलिजेन्स) को विकासले मानिसलाई विशिष्टताको चरम बिन्दुमा पुऱ्याउँछ भन्नुभएको छ। त्यो कसरी हुन्छ ?**

सन् २०४० सम्ममा हामी मानिसको बुद्धिलाई अरबौं गुणाले बढाउन सफल हुनेछौं। तर त्यसको प्रकृति भने एकदमै विचित्रको हुनेछ। कम्प्युटर झन्-झन् सानो हुँदै जानेछ र त्यो मान्छेको शरीर र मस्तिष्कमै जडान हुनेछ। हामी सधैं र स्वतः इन्टरनेट चलाइरहेका हुनेछौं, सूचना खोज्ने 'सर्च इन्जिन'लाई काम लगाइरहनुपर्ने छैन, त्यो काम आफैं भइरहनेछ।

**त्यस्तो परिवर्तनले मानिसलाई एकाग्र हुन गाह्रो पार्ला नि ?**

मानिसले परिवर्तनलाई जहिले पनि उत्तरदायी ढङ्गले सम्हाल्दै आएको छ। त्यसैले प्रविधिले हाम्रो एकाग्रतालाई अरू बढाउला। मेरो बुबा सङ्गीतकार हुनुहुन्थ्यो तर आफ्नै रचना कस्तो सुनिन्छ भन्ने थाहा पाउन उहाँलाई वाद्यवादकहरूको मद्दत चाहिन्थ्यो। अहिले कम्प्युटर र सिन्थेसाइजर लिएर एउटा बच्चाले त्यो काम कोठैमा गर्न सक्छ।

**भोलि विकसित हुने प्रविधिले हाम्रो स्वास्थ्यमा चाहिँ कस्तो प्रभाव पार्ला ?**

हाम्रो शरीरको काम गर्ने ढाँचा नै फेरिनेछ। आज हाम्रो मोबाइल फोनले आफैं नयाँ सफ्टवेयर अपग्रेड गर्न सक्छ तर हाम्रो शरीर चाहिँ हजारौं वर्षअघिको 'सफ्टवेयर'बाटै चलिरहेको छ। हाम्रो शरीरले सिकारी युगमा 'अर्को सिकार नभेट्ञ्जेलका लागि' भनेर बोसो सञ्चय गर्न थालेको हो। तर अब म मेरो बोसो पचाउने 'जीन'लाई "भयो, त्यति सारो साँच्नु पर्दैन, भोलि म पक्कै खान पाउँछु" भनेर भन्न सक्छु।

**के हाम्रो खानपान पनि फेरिनेछ ?**

भविष्यमा हामी जनावर मारेर होइन कारखानामा बनेको मासु खानेछौं। तपाईंलाई कुनै जीवको जुन भागको मासु खान मनलाग्छ त्यहाँ त्यो नै बन्नेछ। कसैलाई यो कुरा अलि घिनलाग्दो लाग्ला तर जनावरहरूलाई मारेर मासु तयार गरिने अहिलेको तरिकाभन्दा त्यो राम्रो हुनेछ।

**बजारबारे कुरा गर्दा, भविष्यमा कुन चाहिँ 'आइडिया' वा नयाँ विचारलाई सर्वग्राह्य तुल्याउन कठिन होला ?**

आफ्नो आयु धेरै बढ्छ भन्ने कुरा स्वीकार गर्न मानिसलाई निकै गाह्रो हुनेछ। हामी सबैका मनमा अहिलेको औसत आयुकै प्रभाव छ। अचानक धेरै बाँच्न थालियो भने जीवनका सबै योजनाहरूमा ठूलो असर पर्नेछ। अहिले मान्छे "सय वर्षभन्दा बढी त नबाँचियोस्" भन्छन् तर सय वर्ष नाघेपछि पनि त्यसै भन्लान् त ? मलाई लाग्छ; मान्छेले अहिलेको भन्दा धेरै दीर्घजीवन पनि स्वीकार्दै जानेछ।

**तपाईंको विचारमा पृथ्वी बाहेक ब्रह्माण्डको अरू ठाउँमा पनि बुद्धि भएका प्राणी होलान् ?**

यस क्षेत्रमा संलग्न व्यक्तिहरू हाम्रै आकाशगङ्गा (Galaxy) मा एक हजारदेखि १० लाख वटासम्म विकसित सभ्यताहरू छन् भन्नेमा सहमत छन्। केही शताब्दीभित्रै यी सभ्यताहरूले आकाशगङ्गाव्यापी अन्वेषण शुरु गर्न सक्छन्। मलाई त त्यसमा पनि हामी नै पहिलो हुन सक्छौं भन्ने लाग्छ।

**यस्ता आविष्कारका खतरा चाहिँ कस्ता होलान् त ?**

प्रविधि भनेको दुईधारे तरबार हो जुन विनाशका लागि पनि प्रयोग हुनसक्छ। नयाँ जैविक भाइरसको प्रयोग गर्ने जैविक आतङ्ककारीहरूलाई तुरुन्त नियन्त्रण गर्ने चुनौती पनि थपिनेछ। हामीले यस्ता कुरामा चनाखो हुनै पर्छ।

**विज्ञानले धार्मिक र जातीय भिन्नतालाई कसरी प्रभाव पार्ला ?**

मेरो विचारमा हामी एक विश्व संस्कृतिको विकासक्रममा छौं। विश्व एउटै अर्थतन्त्रमा आबद्ध भइसकेको छ। अर्बौं मानिस एकसाथ 'अनलाइन' भइरहने यो समयमा हामी ज्ञानका विभिन्न परम्परालाई सजिलोसित आत्मसात् पनि गर्दै जानेछौं।


**प्रविधिको द्रुत गतिको विकासले हाम्रो ईश्वरप्रतिको धारणामा कस्तो प्रभाव पार्ला ?**

मलाई के लाग्छ भने आउँदा दशकहरूमा हाम्रो सभ्यता अर्थात् मानिसहरू धेरै नै टाठा (इन्टेलिजेन्ट) र अध्यात्मिक (स्प्रिट्यूअल) हुनेछन्। हामी कुनै पनि सीमामा नबाँधिने प्राणी हौं। हामी जमिनमा बसेनौं। हामी पृथ्वीमा मात्र सीमित पनि भएनौं। हामीले सधैं सिमानालाई नाघेका छौं।


(*टाइम* म्यागेजिन ६ डिसेम्बर २०१०)



अंकलाई नयाँ अर्थ
१८०० = १४४१
अब आर्थिक अभियान पढ्नुहोस् मात्र रु. १४४१ मा, वर्षैभरि
आर्थिक अभियान
अर्थ-राजनीतिक दैनिक
हरेक दृष्टि, आर्थिक कोण
सितैमा पाउनुहोस् १ वर्षको सावधिक जीवन बीमा योजना*
New Business Age
विद्यार्थी र शिक्षक स्पेशल अफर*
सितैमा पाउनुहोस् New Business Age ६ महिनाको लागि
साथै सबै ग्राहकलाई एउटा आकर्षक छाता पनि
यो योजना काठमाडौं उपत्यकाभित्र मात्र लागू हुनेछ
Campaign Partner:
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Co. Ltd.
लुम्बिनी प्लेटिनम बचत
उच्च सुरक्षा, अधिकतम प्रतिफल ७.५%
Campaign Supported by:
Lumbini Bank Limited
थप जानकारीको लागि
४२६७०१७



एजुकेसन प्लान, जुन तपाईंको बच्चा सँग-सँगै बढ्नेछ ।
NMB BANK
Education Plan
Your child deserves one.
एक अभिभावकको हैसियतले आफ्नो सन्तानप्रति तपाईंका धेरै नै जिम्मेवारी छन् । हामीले बुझेका छौं, ती जिम्मेवारीहरूमध्ये गुणस्तरीय शिक्षा कति महत्वपूर्ण छ भनेर । त्यसैले हामीले प्रस्तुत गरेका छौं एनएमबि बैंक एजुकेसन प्लान । यस्तो योजना जसले तपाईंको सन्तानकालागि भविष्यमा लाग्ने उच्च शिक्षाको आर्थिक भार वहन गर्न मद्दत गर्छ ।
विशेषताहरू:
• सन्तान १६ वर्ष पुगेपछि एकमुष्ठ रकम भुक्तानी
• योजना खाता खोल्दा आकर्षक उपहार
• निःशुल्क ई-बैंकिङ्ग
• अभिभावकको खाताबाट बच्चाको योजना खातामा मासिक रकम स्थानान्तरण गर्न सकिने
• शैक्षिक कर्जामा सुविधा
• योग्यता: भर्खर जन्मिएको बच्चा देखि १२ वर्षसम्मको बच्चा सम्मका लागि योजना खाता खोल्न सकिने
• न्यूनतम मासिक बचत रु. ५००
• योजना अवधि: न्यूनतम ३ वर्ष देखि अधिकतम १५ वर्षसम्म
• लगानीको स्थायी प्रतिफल
एनएमबि भवन, बबरमहल, काठमाडौं, नेपाल
फोन: ०१-४२४६१६० • फ्याक्स: ०१-४२४६१५६
NMB
NMB BANK
एनएमबि बैंक
www.nmb.com.np

Most demanded by students
सरकारी तथा निजी विद्यालयका लागि
TALEJU
ENGLISH
PRACTICE BOOK
By : Surya Prasad Ghimire
TALEJU ENGLISH PRACTICE BOOK
For class VIII
Detailed Exercises on Reading & Writing
For Class VIII, IX, & X Classwise Book
तलेजु प्रकाशन
काठमाडौं, फोन ४२५२९६६, ४२२९२६८